# दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका

## राष्ट्रिय सम्मेलन २०७६




॥ समता फाउण्डेशन ॥
SAMATA foundation

# दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका

## राष्ट्रिय सम्मेलन २०७६

© दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका : राष्ट्रिय सम्मेलन
२०७६

**प्रतिवेदन तयारी टिम**
गोपाल नेपाली
अर्जुन विश्वकर्मा
वृद्धिका सेन्च्युरी
विकास राई
तिरूपति परियार
प्रकृती बुढा मगर
दीपा घले
सुलोचना एन. पी.
बबिता बयलकोटी
सुस्मिता गुरागाईं
रवि सेन्चुरी

**अवधारणा तथा परिकल्पना**
प्रदिप परियार

**व्यवस्थापन**
उज्ज्वल सुन्दास
उमेश सापकोटा

॥ समता फाउण्डेशन ॥
SAMATA foundation

सानेपा, ललितपुर, नेपाल
फोन: +९७७ १ ५९०५७१६, ५९०५७१७
info@samatafoundation.org
www.samatafoundation.org

यस प्रतिवेदन प्रकाशनका लागि स्विस राजदूतावास-नेपाल, इन्टरनेशनल रिपब्लिकन इन्स्टिट्युट (IRI), नेशनल इन्डोमेन्ट फर डेमोक्रेसी (NED) तथा क्रिश्चियन एड (CAID)-नेपालको आर्थिक सहयोग रहेको छ। यस प्रतिवेदनमा व्यक्त भएका सामग्रीहरूले सहयोगी संस्थाहरूको विचारको प्रतिनिधित्व गर्दैनन्।

# प्राक्कथन

नेपालको संविधानको प्रस्तावनामै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबैप्रकारका जातीय छुवाछूतको अन्त्य गर्दै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरिएको छ । तर अधिकांश दलित, महिला, मधेसी र जनजाति लगायतका अल्पसंख्यक तथा सीमान्तकृत जाति र समुदाय राज्यको मूलप्रवाहमा अझै आउन सकेका छैनन् ।

संविधानले राज्यका तीनै तहका सरकारलाई छुट्टाछुट्टै अधिकारको प्रत्यायोजन गरेको छ । यसको अर्थ, स्थानीय तहका सरकारले ऐन, कानुन, नीति, योजना तथा कार्यक्रमको तर्जुमा गर्न सक्छन् र बनेका नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न बाटो खुल्छ । तीनै तहका सर कार सञ्चालन भएको दुई वर्षको अवधि पुरा भएको छ, तर दलितमैत्री विधेयक, कानुन बन्न सकिरहेको छैन । दलित लक्षित बजेट यथोचित रूपमा विनियोजन हुन सकिरहेको छैन भने भएका बजेट, नीति तथा कार्यक्रमको उचित कार्यान्वयन पनि हुन सकिरहेको देखिँदैन ।

यसै सन्दर्भमा, दलित समुदायका निर्वाचित जनप्रतिनिधित्वहरूबीच विचार र अनुभवको आदानप्रदान गर्ने वातावरण निर्माण गर्न आवश्यक रहेको महसुस भएको थियो । उनीहरूबीच निरन्तर संवादलाई अगाडि लैजान सकेमा संविधानमा व्यवस्थाभएका दलित मुद्दाहरूबारे कानुन निर्माण तथा त्यसको कार्यान्वयन प्रभावकारी हुने देखियो । यसै अनुरूप २०७६ साल भदौ १९ र २० गते समता फाउण्डेशनको आयोजनामा र एसियन पार्लियामेन्टेरियन्स फोरम अन दलित कन्सर्न(एपिएफडीसी) नेपाल च्याप्टरको सहकार्यमा देशभरिका दलित समुदायका जनप्रतिधिहरूको सहभागितामा, 'दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका' विषयक दुई दिने राष्ट्रिय सम्मेलन भव्य रूपमा सम्पन्न गरिएको छ ।

यस राष्ट्रिय सम्मेलनमा सातवटै प्रदेशका दलित समुदायका प्रतिनिधिहरूद्वारा कार्यक्षेत्रमा हुने जातका आधारमा हुने विभेद, समानुपातिक, समावेशी नीतिको कार्यान्वय, महत्त्वपूर्ण बैठकमा सहभागी हुनबाट वञ्चितीकरण, राजनैतिक दलको दृष्टिकोणलगायतका सवालहरू उठाएका थिए । सम्मेलनमा यी समस्याहरू समाधानका निम्ति सम्भावित उपायहरूको खोजी समेत गरिएको थियो । सँगसँगै राष्ट्रिय सम्मेलनले दलित विषयक मुद्दामा साझा मत निर्माण गर्न र दलित जनप्रतिनिधिहरूबीच सम्बन्ध सुदृढीकरण गर्न महत्त्वपूर्ण भूमि रह्यो भन्ने हामीलाई विश्वास छ ।

यस राष्ट्रिय सम्मेलन सफल बनाउन प्रतिनिधि सभा, राष्ट्रिय सभाका सांसदहरू, प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका जनप्रतिनिधिहरू अनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्था, व्यक्तित्वहरू, राजनैतिक दलका नेतृत्वहरू, दलित भातृ संगठनका अगुवाहरू, दलित नागरिक समाजका अगुवाहरू, विषय विज्ञ, लेखक, पत्रकार लगायतको महत्त्पूर्ण सहयोग तथा सहकार्य रहेको छ । यसैक्रममा, सम्मेलन उद्घाटन सत्रमा प्रमुख वक्ताको रूपमा उपस्थित हुनु हुने पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष मा. पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति मा. शेरबहादुर देउवा तथा पूर्वप्रधानमन्त्री एवम् संघीय समाजवादी पार्टी, नेपालका अध्यक्ष मा. डा. बाबुराम भट्टराईज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

यसैगरी, सम्मेलन आयोजना गर्न सहकार्यका लागि स्विस राजदूतावास, नेपाल, इन्टरनेशनल रिपब्लिकन इन्स्टिच्युट (IRI), नेशनल इन्डोमेन्ट्स फर डेमोक्रेसी (NED) तथा क्रिश्चियन एड (CAID) प्रति कृतज्ञता व्यक्त गर्दछु । सहकार्यकै क्रममा एसियन पार्लियामेन्टेरियन्स फोरम अन दलित कन्सर्न (एपिएफडीसी) का अन्तर्राष्ट्रिय अध्यक्ष मा. मीनबहादुर विश्वकर्मा तथा एपिएफडीसी नेपाल च्याप्टरका अध्यक्ष श्री जितु गौतमज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, एसियन दलित राइट फोरमका उपाध्यक्ष श्री दुर्गा सोब, सदस्यहरू श्री भक्त विश्वकर्मा, श्री गणेश विश्वकर्मा र श्री रेम विश्वकर्माज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी, सम्मेलन आयोजना गर्नेक्रममा स्थानीय स्तरमा संयोजन, सहकार्य तथा सहजीकरण गर्ने स्थानीय संयोजकहरू धन्यवादका पात्र हुनु हुनुहुन्छ । छोटो समयमा व्यवस्थापकीय लगायतका चुनौतीका बावजुद पनि सम्मेलन ऐतिहासिक रूपमा सफल हुनुमा समता फाउण्डेशन परिवारको उल्लेखनीय भूमिका रहेको छ ।

अन्त्यमा, राष्ट्रिय सम्मेलनसम्बन्धी एकीकृत जानकारीको संक्षिप्त संगालोको रूपमा यो प्रतिवेदन प्रकाशित गरिएको छ । प्रतिवेदन प्रकाशनका निम्ति आवश्यक पर्ने सामग्री संकलन, लेखन तथा संयोजन गर्ने समता टिमका साथै प्रतिवेदन डिजाइन गर्ने हुयशाइन टिमलाई धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

**प्रदिप परियार**
**कार्यकारी अध्यक्ष**
समता फाउण्डेशन

# परिचय

नेपालको सामाजिक तथा राजनैतिक परिवर्तनको इतिहासमा दलित आन्दोलनलाई एक पुरानो प्रतिरोधी संघर्षको रूपमा मानिन्छ। दलित समुदायका अग्रजहरूले स्वतन्त्रता, समानता र सामाजिक न्यायको निम्ति वीरतापूर्ण योगदान र बलिदानी दिएको कुरा नेपालको राजनैतिक इतिहासले देखाउँछ। त्यस्तै नेपालमा अहिलेसम्म भएका राजनैतिक परिवर्तनका संघर्षहरूमा दलित समुदायको उल्लेख्य सहभागिता रहेको छ । तर संघीय शासन व्यवस्थामा पनि दलितहरू बहिष्करणमा परेको तथ्यांकले देखाएको छ । वर्णव्यवस्थामा आधारित तहगत जातीय विभाजनको मुख्य सिद्धान्त भनेकै समाजमा जातीय स्तरीकरण (stratification) निर्माण गरी विभिन्न जात-जातिहरूबीच सामाजिक अन्तरघुलन हुन नदिनु हो।

त्यसैले नेपालका दलितहरू यही संरचनागत जातव्यवस्थाका कारण सदियौंदेखि उत्पीडनमा परेका छन्। दलितहरू अहिले पनि विभिन्न नाम र स्वरूपमा जातजन्य विभेदबाट प्रताडित भइरहेका छन्। यसको मूलजरो खोतल्दै जाने हो भने विभिन्न कालखण्डमा राज्यले नै वर्णव्यवस्थामा आधारित कानुनी व्यवस्था गरी दलित समुदायलाई थिचोमिचोमा पारेर उनीहरूलाई मूलप्रवाहीकरण हुनबाट वञ्चित गरिँदै आएको देखिन्छ।

वास्तवमा राष्ट्र विभिन्न जात-जाति, धर्म, संस्कृति, समुदाय वा सम्प्रदायको एकीकृत रूप हो। राष्ट्रको समग्र विकास हुनका लागि यी सबै समुदायको विकास हुनु अनिवार्य छ। तर नेपालको सन्दर्भमा, अधिकांश दलित, महिला, मधेसी र जनजाति लगायतका अल्पसंख्यक तथा सीमान्तकृत जाति र समुदाय राज्यको मूलप्रवाहमा अझै पनि आउन सकेका छैनन्।

२०४७ सालको संविधानमा आंशिक रूपमा भए पनि समानुपातिक प्रतिनिधित्वालाई स्वीकार गरिएको थियो । दश वर्षे माओवादी जनयुद्ध, २०६२/०६३ सालको जनआन्दोलन, त्यस्तै २०६४ सालको मधेस विद्रोहपश्चात भने राज्य संयन्त्रमा विभिन्न जात, जाति, धर्म, क्षेत्र र लिङ्गको प्रतिनिधित्व हुन थालेको देखिन्छ।

अहिले संघ, प्रदेश तथा स्थानीय तहमा जनसंख्याको आधारमा समनुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व नभए पनि तीनै तहका संरचनामा दलित समुदायको सहभागिता रहेको देखिन्छ। यद्यपि, कानुनले बाध्यपारेको पदबाहेक अन्य पदमा भने दलित समुदायको प्रतिनिधित्व रहेको देखिँदैन। यसैगरी स्थानीय तह निर्वाचन ऐन २०७३ ले वडा समितिमा एक जना दलित महिलासहित दुईजना महिला वडा सदस्य अनिवार्य गरेपछि वडा समितिमा दलित महिलाको उपस्थिति उल्लेख्य देखिन्छ। तर संख्यामा धेरै देखिए पनि निर्णायक तहमा भने होइन।

वर्तमान संविधानले तीनै तहका सरकारहरूलाई छुट्टाछुट्टै अधिकार प्रदान गरेको छ। राज्य संयन्त्रमा जनप्रतिनिधिहरू भएको दुईवर्ष पुरा भएको छ तर पनि दलितमैत्री विधेयक, कानुन, उपयुक्त नीति, दलितलक्षित बजेट तथा कार्यक्रमको उचित व्यवस्था भएको देखिँदैन।

यसै परिप्रेक्ष्यमा, २०७६ साल भदौ १९ र २० गते समता फाउण्डेशनको आयोजनामा र एसियन पार्लियामेन्टेरियन्स फोरम अन दलित कन्सर्न(एपिएफडीसी) नेपाल च्याप्टरको सहकार्यमा 'दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका' विषयक दुई दिने राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ।

उक्त सम्मेलनमा दलित समुदायको तर्फकाट प्रतिनिधित्व गर्ने संघीय सांसदहरू, प्रदेश सभा सदस्यहरू, जिल्ला समन्वय समिति प्रमुख तथा उप-प्रमुखहरू, मेयर, उप-मेयरहरू, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षहरू गरी जम्मा ९१ जना दलित जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो। यस सम्मेलनको मुख्य उद्देश्य देशैभरिका दलित जनप्रतिनिधिहरूको लागि साझा मञ्च प्रदान गर्नु रहेको थियो । जसले गर्दा, नियम, कानुन, नीतिहरू बनाउँदा सहकार्यको बाटो खुलोस् र भोलिका दिनमा अर्थपूर्ण सहभागिताको लागि साझा आवाज तय होस् भन्ने रहेको थियो।

यसबाहेक सम्मेलनको दौरानमा दलित दृष्टिकोणबाट संविधान, संघीयता र निर्वाचन प्रणाली, समृद्धि र सामाजिक न्याय, राष्ट्रिय स्तरको योजना र बजेट, दलित आन्दोलनको आगामी बाटो र चुनौती तथा प्रवासी मजदुरहरूको मुद्दामा गहन बहस गरिएको थियो। त्यसक्रममा सम्बन्धित विषयका विज्ञहरूद्वारा पेस गरिएका कार्यपत्र माथि जनप्रतिनिधिहरूले बहस गरेका थिए। यस प्रकारको छलफल, बहसले कानुन  निर्माण प्रक्रियामा जनप्रतिनिधिहरूलाई सहयोग हुने अपेक्षा गरिएको थियो।

सारमा, यस राष्ट्रिय सम्मेलन मुख्यगरी तीन विषयमा केन्द्रित रहेको थियो। पहिलो, दलित समुदायका मुद्दाहरूमा संघ, प्रदेश र स्थानीय सरकारलाई बढी उत्तरदायी र जवाफदेही बनाउने। दोस्रो, संविधानमा व्यवस्था भए बमोजिम जनप्रतिनिधिहरूले सामूहिक रूपमा दलितसम्बन्धी नीतिहरू निर्माण र कार्यान्वयन गर्न सहकार्यको वातावरण सिर्जना गराउने। र तेस्रो, त्यसका लागि एक सामूहिक मञ्चको आवश्यकता बारे छलफल गर्ने।

## उद्देश्यहरू

- नीति अनुसन्धान सामग्री, सूचना तथा अन्य जानकारी बाँड्न, दलित जनप्रतिनिधिहरूबीच देशभरिका अनुभवहरू आदानप्रदान र सिक्नको लागि सयन्त्रको निर्माण गर्ने,
- दलित मुद्दाहरूको सम्बन्धमा संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न जनप्रतिनिधिहरूले सामना गरेका चुनौती, अन्तर विरोध र अवरोधलाई लक्षित गर्दै नीतिगत अनुसन्धानमार्फत साझा रणनीति निर्माण गर्ने,
- सम्मेलन आयोजकद्वारा दलित जनप्रतिनिधिहरूको सञ्जालको आवश्यकता पहिचान गर्दै निरन्तर सहकार्य गर्ने संयन्त्रको निर्माण गर्ने ।

## विधि

समता फाउण्डेशन सामाजिक न्यायका निम्ति प्राज्ञिक बहस गर्दै दलित तथा सीमान्तकृत समुदायको अध्ययन अनुसन्धान गर्ने एक ‘ थिङ्कट्याङ्क’ को रूपमा स्थापित संस्था हो । समता फाउण्डेशनले अध्ययन अनुसन्धान गर्ने क्रममा प्रदेश तथा स्थानीय जनप्रतिनिधिहरूले देशभरिका सबै दलित जनप्रतिनिधिहरूसँग अन्तरघुलनको आवश्यकता महसुस गरेको जानकारी गराएका थिए । सोहीबमोजिम यो राष्ट्रिय सम्मेलनको खाका तयार गरिएको थियो । कार्यक्रममा सहभागी जनप्रतिनिधिहरूलाई दलितमैत्री कानुन निर्माण तथा त्यसको कार्यान्वयन गर्न राष्ट्रिय सम्मेलन फलदायी होस् भन्ने उद्देश्यले निम्न लिखित विधिहरूको अवलम्बन गरिएको थियो ।

### १. उद्घाटन सत्र

उद्घाटन कार्यक्रममा छलफल विधि प्रयोग नगरेर भाषण विधि (lecture method) प्रयोग गएिको थियो । उक्त कार्यक्रमको उद्घाटन तीन जना पूर्वप्रधानमन्त्रीहरूले संयुक्तरूपमा गर्नु भएको थियो । उद्घाटन कार्यक्रममा तीन जना पूर्वप्रधानमन्त्रीको उपस्थित रहेको हुँदा उद्घाटन सत्र छोटो गर्नुपर्ने बाध्यता थियो । त्यसैले कार्यक्रममा छलफल भन्दा भाषण विधि नै प्रयोग गरिएको थियो ।

### २. प्रस्तुतीकरण

सम्मेलनमा विभन्न विषय विज्ञहरूको प्रस्तुतीकरण रहेको थियो । यसको मुख्य ध्यय भनेको स्थानीय, प्रदेश र संघ गरी तीनै तहका दलित जनप्रतिनिधिहरूलाई संविधानले व्यवस्था गरेको दलित हकसँग सम्बन्धित तथा कानुन निर्माण प्रक्रियामा सहयोग पुर्‍याउनु रहेको थियो ।

यसैक्रममा संविधान, संघीयता र निर्वाचन प्रणालीसम्बन्धी सवालमा प्रा. डा. कृष्ण हाछेथु, सामाजिक न्यायसहितको समृद्धिको मार्ग चित्र सवालमा अर्थराजनैतिक विश्लेषक हरि रोका, दलित सांसद/जनप्रतिनिधिको अनुभव आदानप्रदान गर्ने सवालमा नेतृ दुर्गा सोब, संघीयतामा सीमान्तकृत समुदायमैत्री योजना तर्जुमा प्रक्रिया र नीतिगत प्रभाव सुधृढीकरणबारे रणनीतिक छलफल बारे डा.खिमलाल देवकोटा, बदलिँदो नेपाली परिवेश र आप्रावासनको सवालमा डा. गणेश गुरूङ र दलित आन्दोलनको आगामी बाटो र कार्ययोजना सवालमा विश्वभक्त दुलाल ‘आहुति’को प्रस्तुतीकरण रहेको थियो । कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रहरूमाथि टिप्पणी गर्न विभिन्न क्षेत्रका विज्ञहरूको उपस्थिति रहेको थियो । त्यसपछि भएका अन्तर क्रियामा जनप्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

### ३. समूहगत छलफल

प्रत्येक प्रदेशबाट प्रतिनिधित्व गर्ने सबै जनप्रतिनिधिहरूलाई एउटा समूह मानी सातवटा समूह गठन गरिएको थियो । प्रत्येक समूहको एक जना सहजकर्ता तोकिएको थियो । समूहगत छलफलमा सम्बन्धित प्रदेशका विशिष्ट समस्याहरूको पहिचान गरिएको थियो । त्यस्तै, जनप्रतिनिधिहरूले आफूले भोगेका समस्याहरू तथा अनुभवहरू एकअर्कामा आदानप्रदान गरेका थिए । यसरी समूहमा रहेका सबैले आ–आफ्नो समूहमा छलफल गरी एउटा समूहबाट तीन जनाको प्रतिनिधित्व हुने गरी प्रस्तुति दिएका थिए ।

यसप्रकार छलफलमा समस्या र चुनौतिमात्र उठाइएको थिएन, तिनका समाधानको उपायहरू समेत पहिल्यान कोसिस गरिएको थियो । एउटा समूहको प्रस्तुतिमा छुटेका विषयवस्तु अर्को समूहले सुझावका रूपमा राखेको थियो । यसरी सातै प्रत्देशका समस्या, चुनौती र समधानका उपायसमेत पहिचान गरिएको थियो । यस सम्मलेनको मुख्य उद्देश्य पनि सबै जनप्रतिनिधिहरूका समस्या र चुनौतीपहिचान गरी संयुक्तरूपमा समाधान खोज्नु रहेको थियो ।

यसरी सम्मेलनको दौराहन जनप्रतिनिधिहरूका समस्याहरूको पहिचान गर्दै यी समस्याहरूको समाधानको लागि एउटा साझा मञ्च गठनको आवश्यकता महसुस गरिएको थियो । र, त्यस मञ्चमार्फत पहिचान गरिएका मुद्दाहरू हल गर्नसकिने कुरामा सबै जनप्रतिनिधिहरू एकमत रहेका थिए । यसरी सबै क्रियाकलापहरूमा छलफल विधिलाई विशेष प्राथमिकता दिइएको थियो ।

## उद्घाटन कार्यक्रम

राष्ट्रिय सम्मेलनको उद्घाटन पूर्व प्रधानमन्त्रीहरू, मा. श्री पुष्पकमल दाहाल (प्रचण्ड), मा. श्री शेरबहादुर देउवा तथा मा. श्री बाबुराम भट्टराईले संयुक्त रूपमा गर्नुभएको थियो । दलित अधिकारको सुनिश्चिताका लागि आयोजित उक्त सम्मेलनमा पूर्व प्रधानमन्त्रीह(रूको उपस्थितिले सकारात्मक सन्देश दिनुका साथै दलित आन्दोलनलाई नजिकबाट नियाल्ने वातावारण सिर्जना भएको थियो । उद्घाटन सत्र एसियन पार्लियामेन्टेरियन्स् फोरम अन दलित कन्सर्न (एपिएफडीसी) अन्तरराष्ट्रिय च्याप्टरका अध्यक्ष मा. श्री मीनबहादुर विश्वकर्माको अध्यक्षतामा भएको थियो । कार्यक्रमको सञ्चालन समता फाउण्डेशनका कार्यकारी अध्यक्ष प्रदिप परियारले गर्नु भएको थियो। त्यस्तै, स्वागत मन्तव्य एसियन पार्लियामेन्टेरियन्स् फोरम अन दलित कन्सर्न (एपिएफडीसी) नेपाल च्याप्टरका अध्यक्षता श्री जितु गौतमले गर्नुभएको थियो।

स्वागत मन्तव्यका क्रममा, श्री जितु गौतमले संविधान जारी भइसके पछि पनि नेपाली दलितहरूले आत्मसम्मानको खोजी गर्नुपर्ने अवस्था रहेको बताउनु भएको थियो । गौतमले राष्ट्रिय सम्मेलनको मुख्य उद्देश्य प्रष्ट पार्दै गहन छलफललाई अग्रता दिन र आगामी बाटो रोज्न जनप्रतिनिधिहरूलाई आग्रह गर्नु भयो । संविधान सभा सदस्यसमेत रहेका गौतमले लामो संघर्ष र बलिदानी गरेर ल्याएको संविधानलाई हाम्रो उपस्थितिले सकारात्मक परिवर्तन नल्याए अर्थविहीन हुने बताउँदै दुई दिने राष्ट्रिय सम्मेलनलाई सफल बनाउनको निम्ति शुभकामना व्यक्त गर्नु भएको थियो । सम्मेलन उद्घाटन सत्रमा प्रमुख वक्ताको रूपमा उपस्थित रहनु भएका तीन जना पूर्वप्रधानमन्त्रीहरूले सम्मेलनको बारेमा आफ्नो महत्त्वपूर्ण भनाई राख्नु भएको थियो।

## कार्यक्रमको विवरण

| समय | कार्यक्रम सत्र | वक्ता | सहजकर्ता |
|---|---|---|---|
| | **बिहिबार, १९ भद्रौ** | | |
| ८:००–८:३० | कार्यशालाको संक्षिप्त परिचय | | |
| ८:३०–९:४५ | अध्यक्षता ग्रहण<br>मा. मीन बहादुर विश्वकर्मा<br>स्वागत मन्तव्य<br>श्री जितु गौतम<br>प्रमुख वक्ता<br>मा. पुष्पकमल दाहाल<br>मा. शेरबहादुर देउवा<br>मा. डा. बाबुराम भट्टराई | | श्री प्रदिप परियार |
| १०:००–१२:०० | संघीयतामा सीमान्तकृत समुदायमैत्री योजना तर्जुमा प्रक्रिया र नीतिगत प्रभाव सुदृढीकरण बारे रणनीतिक छलफल | प्रस्तुतकर्ता: श्री खिमलाल देवकोटा<br>टिप्पणीकार:<br>मा. मान बहादुर विश्वकर्मा<br>श्री सीता परियार<br>श्री हिरा विश्वकर्मा | श्री भक्त विश्वकर्मा |
| १२:४५–२:४५ | सामाजिक न्यायसहितको समृद्धिको मार्गचित्र | प्रस्तुतकर्ता: हरि रोक्का<br>टिप्पणीकार:<br>मा. निरा देवी जैरू<br>प्रा. डा. चैतन्य मिश्र<br>प्रा. अशोक गुरूङ | श्री गणेश विश्वकर्मा |
| ३:००–७:०० | दलित सांसद र जनप्रतिनिधिको अनुभव आदानप्रदान | समूह विभाजन<br>१. प्रदेश १<br>२. प्रदेश २<br>३. प्रदेश ३<br>४. गण्डकी प्रदेश<br>५. प्रदेश ५<br>६. कर्णाली प्रदेश<br>७. सुदूरपश्चिम प्रदेश | मा. मीन बहादुर विश्वकर्मा<br>श्री जितु गौतम<br>श्री दुर्गा सोब<br>श्री भक्त विश्वकर्मा<br>श्री गणेश विश्वकर्मा<br>श्री रेम विश्वकर्मा<br>श्री प्रदिप परियार |

| शुक्रबार, २० भदौ | | | |
|---|---|---|---|
| ८:००–८:३० | विशेष सम्बोधन<br><br>मा. जगत बहादुर सुनार (विश्वकर्मा)<br>युवा तथा खेलकुद मन्त्री | | |
| ८:३०–९:३० | संविधान, संघीयता र निर्वाचन प्रणाली | प्रस्तुतकर्ता: प्रो.डा. कृष्ण हाछेथु<br>टिप्पणीकार:<br>अधिवक्ता पूर्णमान शाक्य<br>मा. सीता नेपाली | श्री प्रकाश नेपाली |
| ९:३०–१०:०० | अन्तराष्ट्रिय नीतिगत छलफल | ग्लेन डि ब्राडबरी | |
| १०:००–१२:०० | दलित महिला र जनप्रतिनिधि: भूमिका र चुनौती<br><br>सांसदहरूसँग अन्तरक्रिया | प्रस्तुतकर्ता: श्री दुर्गा सोब<br>टिप्पणीकार:<br>मा. विमला बि.क.<br>मा. रामपृत पासवान<br>मा. विमला विश्वकर्मा<br>मा. लक्ष्मी परियार<br>मा. उमिता वराइली<br>मा. चमेली देवीदास<br>मा. कल्पना नेपाली<br>मा. जुनादेवी नेपाली<br>मा. रिना नेपाल बि.क.<br>मा. राजु नेपाली<br>मा. दुर्गा बि.क. | श्री सुवर्ण पाण्डे |
| १२:४५–२:४५ | बदलिँदो नेपाली परिवेश र आप्रवासन | प्रस्तुतकर्ता: डा. गणेश गुरूङ<br>टिप्पणीकार:<br>श्री जनकराज सापकोटा<br>श्री अमृता गुरूङ<br>डा. निर्मल कुमार विश्वकर्मा | श्री गोपाल नेपाली |
| २:४५–६:०० | दलित आन्दोलनको आगामी बाटो/ कार्ययोजना | प्रस्तुतकर्ता: विश्वभक्त दुलाल "आहुति"<br>टिप्पणीकार:<br>मा. मीनबहादुर विश्वकर्मा<br>श्री तिलक परियार<br>श्री जितु गौतम<br>श्री सीता सुन्दास<br>श्री भोला पासवान<br>मा. प्रमिला देवी दास<br>मा. उमादेवी बादी | डा. पूर्ण नेपाली |
| ६:००–७:०० | जातीयता, लोकतन्त्र र सामाजिक न्याय | ब्रजरन्जन मणि | |
| ७:००–८:०० | समापन | मा. मीनबहादुर विश्वकर्मा<br>श्री प्रदिप परियार | |




## मा. पुष्पकमल दाहाल 'प्रचण्ड'

पूर्व प्रधानमन्त्री एवम् अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

सबै भन्दा पहिला त दलित अधिकार सुनिश्चितताको लागि जनप्रतिनिधिहरूको भूमिका शीर्षकमा यो राष्ट्रिय सम्मेलन आयोजना गरेर दुई दिनको छलफल राख्नु भएकोमा म आयोजक साथीहरूलाई मेरो तर्फबाट र पार्टीको तर्फबाट पनि हार्दिक धन्यवाद भन्न चाहन्छु।

दलित आन्दोलनको र दलित समुदायको मुद्दा बहुआयामिक प्रकृतिको छ । एउटामात्र पक्षलाई विचार गरेर दलितहरूको मुक्ति सम्भव छैन । यो संवैधानिक मुद्दा पनि हो, यो कानुनी मुद्दा पनि हो, यो धार्मिक मुद्दा पनि हो, यो मानवअधिकारको मुद्दा पनि हो, यो शैक्षिक मुद्दा पनि हो, यो आर्थिक मुद्दा पनि हो, यो कानुनी अदालती मुद्दा पनि हो र यो एउटा सांस्कृतिक आन्दोलनसँग सम्बन्धित मुद्दा पनि हो । त्यसकारण दलितहरूको मुक्ति एउटा खास पक्षमा मात्रै ध्यान दिएर सम्भव छैन।

हामीले हिजो विद्रोह गर्दा दलितहरूलाई जे भनेर विद्रोहमा अपिल गर्‍यौं, सहभागी गरायौं र हजारौं दलितहरूको प्राण उत्सर्ग तथा बलिदानबाट भन्ने हो भने हामीले शुरू गरेको बिद्रोहको सन्दर्भमा सबै भन्दा ठूलो प्रतिरोध दलितबाट नै भएको थियो। र, त्यसले एउटा ठूलो उत्प्रेरण, ठूलो उर्जा समग्र राजनैतिक आन्दोलनमा ठूलो उर्जा दिएको थियो । त्यस अर्थमा र अन्य वर्ग समुदायलाई पनि हामीले मुक्तिको समृदिको जुन सपना भनौं या जुन लक्ष्य लिएर अगाडि बढेका थियौं, कम्तीमा संविधान लेख्ने बेलामा हामीले भनेका सबै कुरा पुरा भएका छैनन्। फेरी पनि हामीले यो सम्झैता गरेर संविधान घोषणा गर्न बाध्य छौं।

म सबै जनप्रतिनिधि साथीहरूलाई यो विषयलाई ध्यान दिन पनि विशेष अनुरोध गर्दछु। एउटा प्रमुख राजनीतिक दलले संविधानमा यी सबै मुद्दाहरूमा आफ्ना केही रिजर्भेसनहरू सहित संविधानमा हस्ताक्षर गरेर सहमतिबाट संविधान बनाउने जिम्मेवारी पुरा गरेको हो । यो कुरा यतिबेला तपाईं दलित प्रतिनिधिहरूका अगाडि राख्न मैले आवश्यक ठानेको छु । हामीले औपचारिक र आधिकारिक रूपमा नै संविधानमा आफ्ना केहि रिजर्भेसनहरू चाहिँ राखेका थियौं। त्यो रिजर्भेसन भोली क्रमशः संविधान संशोधन गर्दै शान्तिपूर्ण तरिकाबाट लोकतान्त्रिक ढङ्गबाट वैधानिक तरिकाबाट नै परिमार्जन गर्दै लानसकिने विश्वास पनि हामीलाई थियो र त्यो विश्वास हामीले अझै लिइरहेकै छौं।

झन्डै सात दशक लामो संघर्षबाट र हजारौं नेपालीहरूको बलिदानबाट प्राप्त भएको संघीय लोकतन्त्रको समावेशी संविधान समानुपातिक प्रतिनिधिहरू सहितको संविधान आफै प्रश्नवाचक चिन्हमा, आफै यसको औचित्यमाथि प्रश्न उठ्ने त हैन, अहिले यति छोटो समयमा नै विभिन्न दृष्टिकोणबाट यो परिवर्तन मै प्रश्न उठाउन खोजिएको छ।

चाहे त्यो धार्मीक मुद्दामा होस्, चाहे त्यो संघीयताको मुद्दामा होस्, चाहे राजनीतिक मुद्दाहरूमा पनि, कहिँ न कहिँ यो परिवर्तनलाई कमजोर पार्ने र यसलाई परिमार्जन गर्दै लैजानेतिर हैन, संविधान संशोधन गर्नेतिर र त्यसलाई अगाडि बढाउनलाई हैन, बरू क्रमशः संघीय लोकतान्त्रिक गणतन्त्रलाई नै कमजोर पार्ने प्रवृत्तिहरू विभिन्न कोणबाट विस्तारै–विस्तारै त्यसले टाउको उठाउन खोजेको छ ।

नेपालमा हामीले निर्णायक ढङ्गले क्रन्तिलाई ७ सालमा ३६ सालमा, ४६ सालमा पनि र निर्णायक ढङ्गबाट जनयुद्ध र जनआन्दोलन सहितको ०६२/०६३ को आन्दोलनमा पनि हामीले त्यसलाई पूर्णतासम्म लान सकेनौं । लान सकेनौंको के अर्थ हैन भने हामी लानै पर्थ्यो भन्ने पनि मेरो दाबी हैन । अहिले यस्ता परिस्थितिहरू बन्छन् कि हामीले कहिँ न कहिँ सहमति र सम्झौता गरेनौं भने नेपाल जस्तो देशको भूराजनीतिक अवस्था र हाम्रो राष्ट्रको सम्वेदनशीलताको कारणले त्यसमाथि नै खतारा पैदा हुने हो कि भन्ने जब अवस्था सिर्जना हुन्छ, त्यतिबेला राजनीतिक नेतृत्वले कहिँ न कहिँ राष्ट्रको सर्वोच्च हित, राष्ट्रको स्वतन्त्रता स्वाधिनता, नेपाली जनताको इच्छा र आकाङ्क्षा, नेपाल एउटा बहुजातीय बहुभाषिक संस्कृतयुक्त देश हुनुको नाताले सामाजिक सदभाव सबै पक्षलाई पनि विचार गरेर साम्झौता गर्नुपर्ने बाध्यता आइलाग्दो रहेछ । र, त्यो सम्झौताभित्र यी अनेक परिवर्तनका एजेन्डा कार्यान्वयनका चुनौतीहरू त्यसभित्र यी अन्तरनिहित हुँदा रहेछन् । हामी कहाँ ७ साल देखि नै लगातार त्यो प्रक्रिया रही नै रहे को छ । जसले गर्दा, राजनीतिक परिवर्तनको निम्ति आन्दोलन गर्ने जनता, राजनीति गर्ने पार्टी र नेतृत्व एकातिर र राज्य शक्ति संघीयमा झन्डै झन्डै आफ्नो वर्चस्व कायम गरेको वर्ग, समुदाय, संरचना, त्यसको उपल्लो तह सब भन्दा माथिल्लो तह जस्ताको त्यस्तै रहन्छ ।

अहिले ०६२/०६३ को जनक्रान्ति हामीले जुन भनेका छौं, युगान्तकारी परिवर्तनसम्म तुल्यायौं, राजतन्त्रको ठाउँमा गणतन्त्र, एकात्मकको ठाउँमा संघात्मकता, समावेशिता समानुपातिकता, धर्म निरपेक्षता जस्ता धेरै दुरगामी परिणामका घोषणहरू त्यसले गऱ्यो । अहिले संविधान निर्माण भएको केहि वर्षमात्र भएको छ । संविधानमा धेरै कुरा मौलिक अधिकारको रूपमा र अन्य अधिकारको रूपमा व्यवस्था गरिएको छ । तर तीन चार वर्ष नहुँदै फेरी एकचोटी यो परिवर्तहरूमाथि प्रश्न उठाउने तत्त्वहरू चाहिँ विभिन्न ढङ्गले अगाडि आउन खोजेका छन् । यस्तो परिस्थितिमा तपाईंहरूको यो सम्मेलन हुँदैछ । दलित जनप्रतिनिधिहरूको र देशका प्रमुख पार्टीका नेताहरूलाई तपाईंहरूले साक्षी राखेर छलफल शुरू गर्दै हुनुहुन्छ । म यो अन्तर हृदयदेखी तपाईंहरूको अभिमानलाई निकै ठूलो पहल कदमको रूपमा हेरेको छु ।

मैले केहि समयदेखि प्रतिगमनको प्रतिक्रान्तिले टाउका उठाउन खोज्दै छन् है र हामी सबै यो राजनीतिक परिवर्तनका सहभागीहरू, यो नयाँ संविधानद्वारा नयाँ संविधानमा केहि मूलभूत अधिकारहरू प्राप्त गरेको वर्ग समुदायहरू, यो परिवर्तनको राजनीतिक नेतृत्व गर्ने पार्टी र नेताहरू एक ठाउँमा उभिन जरूरी छ ।

हामी सबै यो परिवर्तनका पक्षधर हौं, किनकी यो परिवर्तन एक्लै ल्याएको परिवर्तन हैन । पक्कै पनि यसमा विभिन्न राजनीतिक दलहरूको नेतृत्तवको आ–आफ्नै भूमिकाहरू छन् । कसैको बढि हो लान्, कसैको घटी होलान् तर ऐतिहासिक यथार्थ के हो भने यो हामी सबै मिलेर गरेको आन्दोलनको परिणाम हो । हामी सबै मिलेर बनेको संविधानको परिणाम हो । हामी सबै मिलेर गरेको लोकतान्त्रिक निर्वाचनको परिणाम हो । यसको रक्षा गर्ने र यसबाट जनतालाई सकारात्मक फल दिने जिम्मेवारी पनि हामी सबैको साझा जिम्मेवारी हो ।

आज तपाईंहरूको यो सम्मेलनको आयोजना र मैले अघि भने जस्तो यो खाली औपचारिक प्रस्ताव पारित गरेर बिदा हुने जस्तो नहोस्, संविधान कार्यान्वयन गर्ने र संविधानलाई परिमार्जन गर्ने, यी दुई वा पक्षसँग सम्वन्ध बढाउने, कार्यान्वयन गर्न बाँकी अधिकारप्रति संशोधनको प्रक्रियामार्फत परिमार्जन गर्दै लैजाने यी दुईटै कुरालाई केन्द्रबिन्दुमा राखेर अभियान गर्न, आन्दोलन गर्न ।

तपाईंहरूले देख्नु भयो, नेतृत्वमा वास्तवमा यो विषयमा विमति, अन्तरविरोध, हाम्रोबीचमा कहिले पनि झगडाको स्थिति छैन । खाली यल्लाई कार्यान्वयन गर्ने तपाईंहरूले यो भन्न सक्नु हुन्छ र तपाईंहरूलाई अधिकार पनि छ जस्तो ठान्छु म । अहिले सरकारको नेतृत्व गर्ने पार्टीको अध्यक्ष पनि छु र हिजो जनयुद्धमा दलितहरूलाई नै सबभन्दा बढी उत्प्रेरित गरेर उनीहरूको सबभन्दा ठूलो बलिदान, त्याग, तपस्या छ, मैले नजिकबाट पनि हेरेर आएको नाताले, अरू वर्ग, उत्पीडित जाति, समूह, लिङ्ग, समुदाय सबैका अधिकारको निम्ति आवाज उठाएर हजारौंको बलिदानको बीचबाट आएको हुनाले, त्यही जिम्मेवारी बढी छ ।

हामीले दलितहरूलाई सम्पूर्ण रूपले अधिकार दिने कुरा गर्थ्यौं र हामीले सत्ता बनायौं भने सत्ताको प्रमुख दलितलाई बनायौ भने बढो गर्वको कुरा हुन्थ्यो । त्यो दलितले बन्दुक लिएर अगाडि बढ्दा आफू समाजको चाहिँ सम्मानित नागरिक भएको हामीले नजिकबाट हेऱ्यौं । दलित महिलाहरू बढो आत्मासम्मानको साथ गाउँघरमा स्वतन्त्र रूपमा हिँड्ने र अन्तरजातीय विवाहको विषय थियो । लज्जाको विषय होइन, हिनताको विषय होइन, गर्वको विषय थियो । बाहुन, क्षत्री युवाहरूले दलित महिलासँग विवाह गर्दा आफूले क्रान्तिको निमित्त महान् काम गरेको आत्मा गौरवको बोध गर्थे । त्यतिबेला एउटा दुईटाको उदाहरणको कुरा होइन, यो हजारौंको संख्यामा आन्दोलन जस्तो बनेको थियो ।

हामीलाई यो जात र त्यो जात भन्ने कुरा दिमागबाट हट्यो जस्तो लाग्थ्यो । अब हामी सबै एउटै जात भए जस्तो, एउटै उद्देश्यको सेना बने जस्तो महसुस हामीले गर्थ्यो । प्रेम सम्बधी, विवाह सम्बधी, यौन सम्बधी मुद्दा मामिलाहरू सबैको अर्कै परिभाषा बनेको थियो, जो अहिले हामी सोच्न पनि बढी अपठ्यारो जस्तो हुन्छ । त्यस्तो परिस्थिति बनेको थियो । तर शाक्तिमा आइसकेपछि सहमतिमा आइसकेपछि र संविधानमा धेरै कुरा राम्रा लेखेर पनि व्यवहारमा

मैले आफैले हेर्दा, मैले प्रत्यक्ष के देखें भने ती त्यतिखेरका मूल्य र मान्यताहरू स्खलित हुन थाले। धेरैजसो प्रेम विवाह, जो भएका थिए त्यतिखेरका, ती या त औपचारिक रूपमा डिभोर्स भए यात तेतीकै लथालिङ्ग भएर ती स्खलित हुन पुगे। धेरैजसो फेरी घरमा चुलोचौकोमा फेरी दलित जस्तै, फेरी अछूत जस्तै मैले आफ्नै आँखा अगाडि देखिरहेको छु। बढो विचित्रको अनुभूति मलाई हुन्छ।

मैले शुरूमा भने, यो बहुआयामिक छ, धेरै आयामहरू छन्। त्यसकारण संविधानमा जे जति लेखिएको छ, हामीले संविधानमा लेखिएका कुराहरू र केहि ऐन बने र केहि ऐन बन्न बाँकी छन्, ती बनाउने कुराहरूमा तल जमिनबाट आवाजहरू उठेनन् भने देशभित्र र बाहिर वा आवाजहरू उठेनन् भने एउटा निरन्तर अभियानको रूपमा समुदायहरू अगाडि बढेन भने फेरी गाह्रो हुन्छ। आवश्यकता त्यसैको हुन्छ।

संविधानले त अब हामीलाई शिक्षा, स्वास्थ, रोजगारीलाई मौलिक अधिकारको रूपमा दिएको छ। मौलिक अधिकारमा राखिएको हुनाले र ऐनमा पनि केहि व्यवस्था भईनै सकेको हुनाले हामी अदालतमा जान सक्छौ। तपाईं हामी उत्पीडित वर्ग, समुदायको सबै एक ठाउँमा खडा भइराख्दा संविधान संशोधन पनि हुन्छ, गर्न सकिन्छ, हामी एक ठाउँमा खडा भइराख्दा संविधान कार्यान्वियन गर्न पनि सकिन्छ, परि मार्जन गर्न पनि सकिन्छ। तर हामी नै एक ठाउँमा भइएन, एक-अर्कामा विश्वासको धरातल खस्किँदै गयो भने गाह्रो हुन सक्छ।

मैले मेरो ठाउबाट भन्नु पर्दा तपाईंहरूको आवाजलाई मैले चिनेको छु। तपाईंहरूको भावनालाई मैले बुझेको छु। म नजिकबाट त्यसको अनुभव गरेको छु। मैले संविधान संशोधन र परिमार्जनको प्रक्रिया अगाडि बढाउन खोजेको कुरा पनि तपाईंहरूबाट छिपेको छैन। तपाईंहरूले देख्नु भएकै छ, यद्यपि संसदबाट त्यो पारित गराउन सकिएन, त्यहाँ के जटिलता थिए भन्ने कुरा पनि मलाई लाग्छ तपाईंहरू अनविज्ञ हुनुहुन्न। त्यसकारण म के ठान्छु भने अहिले हाम्रो अगाडि ठुलठुला अवसर पनि छन्। लामो संघर्ष, लामो त्याग तपस्या र बलिदानपछि संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बने को छ। दलितहरूको निम्ति विशेषगरी हामीले विद्रोहमा दलितहरूलाई नै अगाडि राखेर दलित वर्ग, जाति, समुदाय, लिङ्गलाई नै अगाडि राखेर लडाइँ लडेको हुनाले हाम्रो फर्ज, जिम्मेवारी थियो, संविधानमा ती कुरा हरहालतमा राखिनु पर्छ। त्यसकारण हामी सबै राजनीतिक दलहरूले दलितहरूको मुद्दालाई संवेदनशील भएर हेर्नै पर्छ, राख्नै पर्छ भनेर राखिएको छ। अब कार्यान्वियनमा चुनौती आए भनेर यो सम्मेलनमा घच्घचाउने जमर्को गर्नु भएको छ, यो जमर्कोलाई तपाईंहरूले निरन्तरता दिनुहोला। तपाईंहरूले यसलाई अभियानको रूप दिने कोसिस गर्नु होला। कम्युनिष्ट पार्टीको तर्फबाट मैले भन्ने कुरा र मेरो तर्फबाट मैले भन्ने कुरा के हो भने संविधान कार्यान्वियनमा गराउन हामीले अन्तिम समयसम्म प्रयास जारी रहन्छ। संविधानविरोधी तत्त्वहरूसंग प्रतिवाद गर्ने हाम्रो अभियान जारी रहन्छ।

अन्तिममा म तपाईंहरूले पहल कदम लिनु भयो, धेरै धेरै धन्यवाद भन्न चाहन्छु र सबै जनप्रतिनिधि साथीहरूलाई आ-आफ्नो कार्यक्षेत्रभित्र अधिकारभित्र यो मुद्दालाई उठाएर यसलाई कार्यान्वयनको निमित्त अगाडि जान म अपिल पनि गर्न चाहन्छु। र, माथिबाट गर्नपर्ने कुराहरूको हकमा हामी सजकताका साथ तपाईंहरूको पक्षमा निरन्तर लडिरहने प्रतिबद्धता व्यक्त गर्दै फेरी यो कार्यक्रमको सफलताका साथ सम्पन्न होस्। बिदा हुन्छु, धन्यवाद, अभिवादन।




## मा. शेरबहादुर देउवा

पूर्व प्रधानमन्त्री एवम् सभापति नेपाली कांग्रेस

पूर्व प्रधानमन्त्रीज्यूहरू एवं सहभागी साथीहरू ।

जातीय विभेद र छुवाछूतको व्यवहार दक्षिण एसिया र विशेष गरेर नेपाल र भारतको विशिष्ट समस्या हो । नेपालमा २००७ सालको राजनैतिक क्रान्तिभन्दा पहिले देखिनै विभेद विरूद्धको आन्दोलन प्रारम्भ भएता पनि नेपाली काँग्रेसले आह्वान गरेको जनक्रान्ति सँगसँगै जातीय भेदभाव र छुवाछूत विरूद्धको आवाजले पनि मूर्तरूप लिएको हो ।

**"जातपात मान्दैनौं, सँगै बसौं, सँगै खाऔं, भात भताहाको खुशी"**

भन्ने क्रान्तिको नाराले जातीय भेदभाव र छुवाछूत जस्तो कुरीतिले जकडिएको तत्कालीन समाज व्यवस्थालाई चोटिलो प्रहार गरेको थियो । त्यतिमात्र होइन, निरङ्कुश जहानिया राणाशासन खतम गर्न गठित नेपाली काँग्रेस पार्टीमा दलित, जनजाति, महिला, मधेसी, मुस्लिम र थारू समुदायको व्याापक सहभागिताले तत्कालीन समाजमा विभेदकारी सोच भएका ठालूहरूको सात्तोपुत्लो उडेको थियो ।

जातीय विभेद र छुवाछूत प्रथाको अन्त्यसँगै प्रजातन्त्र मानव अधिकार एवं नागरिकको स्वतन्त्रता, समानता र न्यायका लागि हाम्रो पार्टी जसरी स्थापनाकालदेखि लड्दै आयो, त्यसैगरी समतामूलक समाज निर्माण एवं राज्य र दलभित्रको समावेशिकरणको अभ्यासमा पनि उत्तिकै उदाहरणीय बनेको छ । त्यसैको परिणामस्वरूप समावेशिताको कसीमा हाम्रो पार्टी आज पनि नेपालको मात्र होइन, दक्षिण एसियाकै अब्बल दर्जामा गनिन्छ ।

तीस वर्षे निरङ्कुश पञ्चायती व्यवस्था विरूद्धको आन्दोलन सफल भए लगत्तै जारी २०४७ सालको संविधानमा व्यवस्था गरिएको समानताको हक र सोही धारामा गरिएको "आर्थिक सामाजिक दृष्टिले पिछडिएको वर्ग समुदायलाई विशेष व्यवस्था गर्न सकिने" प्रावधान होस् या अन्तरिम संविधानमा दलित, महिला र मधेसीको प्रभावकारी प्रतिनिधित्व गराएर बनाएको २०६३ सालको अन्तरिम संविधान होस् वा लामो प्रयासबाट बनेको २०७२ को संविधान होस्, सबैमा नेपाली काँग्रेसको नेतृत्त्व छ र समावेशिताको सवालमा हरेक पटक अधिकार थपिएको छ ।

२०५२ सालमा म प्रधानमन्त्री हुँदा पहिलो पटक दलित छात्रवृत्ति कार्यक्रमको थालनी गरेको थिएँ । छात्रवृत्ति कार्यक्रमको व्यवस्थित कार्यान्वयनसँगै दलित समुदायको सर्वाङ्गीण उत्थान र विकासका लागि २०५४ सालमा "उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समिति" र "आदिवासी जनजाति विकास समिति" गठन गरें । यसले राम्रै काम गरिरहेको थियो । तर सुन्दैछु, त्यो दलित विकास समिति पनि अहिलेको सरकारले खारेज गर्ने निर्णय गरेको छ । यस्तो

जनविरोधी र दलित हितविपरीत हुने निर्णयमा म र मेरो पार्टीको गंभीर आपत्ति छ ।

नेपाली समाजमा विद्यमान जातीय एवं लैङ्गिक विभेद अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने महान् उद्देश्यका साथ मैले २०५८ सालमा "राष्ट्रिय दलित आयोग", "राष्ट्रिय महिला आयोग" र "आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान" गठन गरें । साथै, सदियौंदेखि विद्यमान कमैया प्रथा र हलिया प्रथा पनि हाम्रै पार्टीको नेतृत्वको सरकारले गऱ्यो । सामाजिक रूपान्तरणका सिलसिलामा जति काम गरियो, धेरै गरे जस्तो लाग्छ । तर विभेदका घटनाहरू हेर्दा अझै गर्न बाँकी धेरै रहेछन् । अर्कोतिर, ती अधिकार र सुविधाहरू बढ्दै जानुपर्नेमा संविधानले दिएका अधिकारहरू पनि खोसिएको देख्दा अत्यन्तै दुःख लागेको छ ।

संविधानमा लेखिएको दलित समुदायको हक र त्यो धाराले सुनिश्चित गरेको दलितका अधिकारहरू आजसम्म पनि कार्यान्वयन हुन नसक्नु जननिर्वाचित सरकारका लागि लाजमर्दो कुरा हो । त्यत्तिमात्र पनि कहाँ हो र भर्खरै जेठ १५ गते लोक सेवा आयोगले प्रकाशित गरेको समावेशी विरोधी विज्ञापनले यो सरकारको सक्कल रूप देखिएको छ । यो असंवैधानिक, गैरकानूनी र असमावेशी कदमको हाम्रो पार्टीले भर्त्सना गरेको छ, निन्दा गरेको छ । र, समावेशिकरणका लागि भइरहेको आन्दोलनमा नैतिक समर्थन जाहेर गरेको छ ।

जनभावनाविपरीत हुनेगरी सरकारले ल्याएका राष्ट्रिय मानव अधिकार आयोगको अधिकार कटौती गर्ने विधेयक, मिडिया काउन्सील विधेयक, गुठी विधेयक, राष्ट्रिय सुरक्षा विधेयक वा समावेशिकरण विरोधी निर्णय र कार्यको हामी समर्थन गर्ने छैनौं । यस्ता गतिविधिले जनताका अधिकारमात्रै सीमित गर्ने होइन कि, समयको अन्तरालमा जनतामा निराशता बढेर व्यवस्थाप्रति नै वितृष्णा फैलिन सक्छ ।

त्यसैले, यो गरिमामय सम्मेलनमा सहभागी सबै साथीहरूलाई यस्ता हरेक कदमको यथार्थ मूल्याङ्कन गर्दै हामीले लडेर ल्याएको संघीय समावेशी लोकतान्त्रिक गणतन्त्रको संविधानको अक्षरशः पालना गराउन र यही व्यवस्थामा हामीले चाहेको आर्थिक सामाजिक न्याय सहितको सामाजिक रूपान्तरण साकार पार्न हरपल खबरदारी गर्नुपर्ने दायित्व हामीमा रहेको अनुरोध गर्दछु ।

दलित समुदायको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने र समान समस्या भएका विश्वका अन्य मुलुकका सांसदहरू सँग हातेमालो गरी विभेदविरूद्ध साझा लडाइँ लड्ने प्रयत्न गर्नु भएकोमा Asian Parliamentarians' Forum on Dalit Concern को राष्ट्रिय तथा अन्तराष्ट्रिय समितिलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, यस गरिमामय सम्मेलनमा सहभागी भएर फर्किएपछि आ–आफ्नो प्रदेश, जिल्ला वा गाउँ नगरमा जातीय भेदभाव र छुवाछूतविरूद्ध कानुन बनाउन र कार्यक्रम तर्जुमा गर्न क्षमता वृद्धि हुने विश्वास लिएको छु । जय नेपाल ।




## मा. बाबुराम भट्टराई

(पूर्वप्रधानमन्त्री एवम् अध्यक्ष संघीय समाजवादी पार्टी, नेपाल)

यस अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक कार्यक्रमका सभापतिज्यू र पूर्व प्रधानमन्त्रीज्यूहरू र यहाँ उपस्थित विभिन्न तहका जनप्रतिनिधि साथीहरूलाई विशेष धन्यवाद र बधाई ज्ञापन गर्न चाहन्छु ।

नेपालको इतिहासमा हामीले धेरै संघर्ष गऱ्यौं, विशेषगरी दलित समुदायका साथीहरूले धेरै संघर्ष गर्नु भयो र अहिले हाम्रो नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गरेर अक्षरमा हामीले धेरै अग्रगामी लोकतान्त्रिक प्रगतिशील कुराहरू लेखेका छौं । तर पनि फेरि प्रश्न उही आउँछ । अहिले पनि किन दलित भएकै आधारमा मारिराखेको छ ? अहिले पनि किन मान्छे मान्छेलाई अछूत व्यवहार गरिरहेको छ ? किन नेपालमा अहिले पनि सबैभन्दा गरिब दलितहरू नै छन् ?

नेपालको औसत गरिबी २५ प्रतिशतमा ४२ प्रतिशत दलितहरू गरिबीको रेखामुनि छन् । त्यतिमात्र हैन मान्छेले मान्छेलाई छुवाछूतजन्य व्यवहार गर्छन् । अहिले पनि तपाईं हामीले दलितलाई भान्सामा लगेर सँगसँगै खाना खान लग्दैनौं, विभिन्न बहाना बनाएर, कहिले बुवाले मानुहुन्न, कहिले श्रीमतीले मानुहुन्न भनेर पन्छिन खोज्छौं । २१ औं शताब्दीमा आएर पनि यो कुराहरू चलिरहनु भने को मानव जातिमाथि नै एउटा कलङ्क र लज्जास्पद कुरा हो ।

संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालका निर्वाचित जनप्रतिनिधिहरू, तपाईं हामी सबैले सामूहिक संकल्प यहिँबाट गरौं । त्यसो त थुप्रै परिवर्तित सम्मेलनहरू भएका छन्, घोसणापत्रहरू जारी भएका छन् । तर निर्वाचित जनप्रतिनिधिहरू र जनताका विभिन्न तहका जनप्रतिनिधिहरूको यस प्रकारको जमघट हुनु पहिलो हो । यसलाई एकदम गम्भीरतापूर्वक लिएर अगाडि बढ्नुहोस् । म आफै पनि आर्य समुदायमा जन्मेको हो र आर्य समुदायले नै जातिव्यवस्था नेपालमा भित्र्याएकोले आफै लज्जित र आलोचित हुँदै आफ्नो कुराहरू राख्दैछु ।

संविधानको धारा २४ र ४० मा मौलिक हकको सम्बन्धमा र दलितहरूको खण्डमा धेरै राम्रो कुराहरू लेखेका छौं । संविधानमा त आयो तर कानुनमा आउँदा मधुरोसँग लेखेर Dilute भएर आयो । संविधानमा भएको कानुनमा आउँदैन, कानुनमा भएको नियमावलीमा आउँदैन, नियमवालिमा भएको कुरा विधानमा आउँदैन र ती भएका कुराहरू पनि कार्यान्वयनमा आउँदैनन् ।

अहिले पनि दलितहरूको संख्या एकदमै न्यून छ । प्रतिनिधि सभामा सदस्यहरू ३८ जना हुनपर्ने तर १९ जनामात्र छन् । प्रदेशमा पनि ६ प्रतिशतमात्र दलित छन् । अरू राज्यका तहहरू जिल्ला समन्वय समितिहरूमा कहिँ पनि पुगेका छैनन् । वडामा भने महिलाहरूको समानुपातिक प्रतिनिधित्व भएको छ । त्यो भन्दा बाहेक कहिँ पनि पुगेको छैन ।

यी कुराहरू अब तपाईं हामीहरूले राजनीतिक र कानुनीरूपमा नै सच्च्याउनु पर्ने छ । राज्यका अङ्गहरू छ, bureaucracy देखि लिएर न्यायालय र सुरक्षा अङ्गहरूमा पनि अत्यन्त न्यून प्रतिनिधित्व रहेको छ । कर्मचारी तन्त्रमा १ प्रतिशतमात्र दलित छन्, २ जना सहसचिव र ६ जना उपसहचिव छन् तर सचिव र सभापति भएका छैनन् । न्यायालयतर्फ हेर्दा सर्वोच्च अदालतमा एउटा पनि न्यायाधीश छैन । त्यस्तै उच्च अदालतमा एक जना हुनुहुन्छ र सरकारी वकिल २ जना मात्र हुनुहुन्छ । सुरक्षा अङ्ग सेना र प्रहरीमा ६ प्रतिशत मात्र दलित छन् । तसर्थ, राजनीतिक, आर्थिक र सामाजिक हिसाबले अहिले पनि दलितहरूको अवस्था खासै सुकेको छैन । तपाईंहरूले बोल्ने, आफ्नो आवाजहरू राख्ने मञ्च पाउनु भएको छ, त्यो उपलब्धि हो तर त्यो बाहेकका उपलब्धिहरू केहि पनि भएको छैन ।

अहिलेको निर्वाचन प्रणालीमा त्रुटि रहेको छ । जबसम्म यो निर्वाचन प्रणालीमा सुधार आउँदैन, तबसम्म दलित समुदायको समावेशी प्रतिनिधित्व हुन सक्दैन । दलित–दलितबीच प्रतिस्पर्धा वा प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्न जरूरी रहेको छ । संघीय, प्रदेश र स्थानीय सरकारमा जनताका प्रत्यक्ष निर्वाचित दलित जनप्रतिनिधिहरू लगायत सबैले आफ्नो पार्टीभन्दा माथि उठेर आ–आफ्नो तहबाट नेतृत्व गरी सामूहिक संकल्पबाट असामनता र भेदभाव विरूद्धको लडाइँमा एकताबद्ध भई राजनीतिक, आर्थिक, सामाजिक र संस्कृतिको मानसिकताबाट क्रान्ति, जागरण ल्याउन आवश्यक रहेको छ ।

छुवाछूत र भेदभावको मूलजड भनेको नै हिन्दू धर्मशास्त्र हो । हिन्दू शास्त्रको मनुस्मृतिमा शूद्रहरू भगवानको खुट्टाबाट जन्मिएको हो र कथित उच्च जातहरू माथिल्लो अङ्गबाट आएका हुन् भन्ने भनाईहरू उल्लेख भए बमोजिम दलितहरूलाई अपमान र भेदभाव गरिएको हो । धर्मशास्त्रमा जातिवादका कारण दलितहरूले विभेद भोगेको र त्यसमा सुधार नगरे दलितले धर्म त्याग गर्नसक्ने हिम्मत गर्नु पर्दछ । त्यस्तै, दलितको हकहितका लागि प्राथमिक तहदेखि उच्च तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने, राज्यले भूमिहीन दलितलाई भूमिको व्यवस्था गराउनु पर्ने र परम्परागत पेशा अपनाएका दलितहरूको सीपलाई उद्यम तथा व्यवसायिक रूपमा लगिनु पर्दछ । अन्त्यमा, ऐतिहासिक कालखण्डदेखि नै कुनै न कुनै बहानामा बहिष्करणमा पारिएका समुदायको सामूहिक प्रतिबद्धता सहितको आवाज उठ्नुपर्ने र त्यसमा आफू सधैं अग्रपंक्तिमा रहने छु ।

## प्रस्तुतीकरण तथा छलफल

निर्वाचित जनप्रतिनिधिहरूलाई आगामी दिनमा आ–आफ्नो तहमा कानुन निर्माण प्रक्रियामा सहजताका लागि विषय विज्ञद्वारा प्रस्तुतीकरण गरिएको थियो । उक्त प्रस्तुतीकरणमा टीप्पणीकारहरूले आफ्नो भनाई राखिसके पछि उठेका सवालहरूबारे जनप्रतिनिधिहरूसँग सामूहिक छलफल गरिएको थियो । जसले गर्दा, दलितमैत्री नीति तथा योजना बनाउँदा सहयोग पुगोस् भन्ने उद्देश्य राखिएको थियो । सम्मेलनमा प्रस्तुत गरिएका कार्यपत्रहरू टिप्पणीकारको भनाई सहित यहाँ उल्लेख गरिएको छ ।

### संघीयतामा सीमान्तकृत समुदायमैत्री योजना तर्जुमा प्रक्रिया र नीतिगत प्रभाव सुदृढीकरणबारे रणनीतिक छलपल

प्रस्तुतिः डा. खिमलाल देवकोटा, विश्लेषक
टीप्पनीकारहरूः सीता परियार, उप–सचिव, नेपाल सरकार
हिरा विश्वकर्मा, बुद्धिजीवी
मा. मानबहादुर विश्वकर्मा, संघीय सांसद
सहजकर्ताः भक्त विश्वकर्मा, नागरिक अगुवा




प्रस्तुत कार्यपत्रमा डा. खिमलाल देवकोटाले संघीय राज्य निर्माणको प्रक्रिया, संघीयताका सिद्धान्त, संघीय नेपालमा अधिकारको वितरण, योजना प्रक्रिया र नीति कार्यान्वयन, योजना निर्माणको आवश्यकता, आवधिक योजनाका सैद्धान्तिक पक्षहरू, तीन तहका योजना बीचको अन्तरसम्बन्ध, लैङ्गिक समानता र सामाजिक समावेशिता तथा संविधान र कानुनी व्यवस्थाबारे आफ्ना धारणहरू व्यक्त गर्नु भएको थियो । उहाँका अनुसार योजनाका मुख्य तत्त्वहरू भनेको प्रसङ्ग, समस्या र चुनौती, अवसर, दर्शन, लक्ष्य, उद्देश्य, रणनीति, लगानी खाका, प्रमुख कार्यक्रम, लक्षित उद्देश्यहरू र परिणाम सूचकहरू हुन् । कार्यपत्रको पूर्ण विवरण तल दिइएको छ ।

#### प्रस्तुतिका विषयहरू

- संघीय राज्य निर्माणको प्रक्रिया
- संघीयताको सामन्य सिद्धान्त
- संघीय नेपालः अधिकारको बाँडफाँड
- योजना तर्जुमा प्रक्रिया र नीतिगत प्रभाव
- योजनाको आवश्यकता
- (आवधिक)योजनाको सैद्धान्तिक पक्ष
- तीन तहका योजनाको अन्तर सम्बन्ध
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण
- सम्वैधानिक तथा कानूनी व्यवस्था
- आवधिक योजना (संघ र प्रदेश)
- निष्कर्ष

#### पृष्टभूमि (तहगत संरचना)

- नयाँ युगमा प्रवेश (संघ, प्रदेश र स्थानीय तह)
- ३५ हजार भन्दा बढी निर्वाचित जनप्रतिनिधि (स्थानीय)
  नेकपाः १९५४० (५५.७७ प्रतिशत), नेपाली काँग्रेस : ११७५१ (३३.५४ प्रतिशत) संघीय समाजवादी १५४९ (४.११ प्रतिशत), राष्टिय जनतापार्टीले ११११ (३.१७ प्रशित)
  स्थानीय अदालत, मेलमिलापर मध्यस्तता, न्यायिक समिति
- १६५+११०=२७५ प्रतिनिधिसभा (नेकपा १७४) : प्रधानमन्त्री सहित २५ मन्त्री
- ५९ सदस्यीय राष्ट्रिय सभा (निर्वाचक मण्डलमा प्रदेश र स्थानीय तह)
- ३३०+२२०= ५५० सदस्यीय प्रदेश सभा (नेकपा ३५१) : ७ मुख्यमन्त्री, २० प्रतिशत सम्म मन्त्री हुन सक्ने
- न्यायपालिका (सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत)
- दुई तिहाई भन्दा अत्यधिक वहुमतको सरकार
- संविधानर घोषणपत्रमा उल्लेखित आर्थिक समृद्धिको कार्यक्रम कार्यान्वयन गर्ने अवसर

#### संविधानको मुलभूत सार

**मुलुकको दिशा**
दिगो शान्ति, सुसासन, विकास र समृद्धि ।

**राज्यको संरचना**
नेपालको राज्यशन्तिकोप्रयोग संघ, प्रदेश र स्थानीय तहले गने (धारा५६)


**आर्थिक नीति**
सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास

मार्फत अर्थतन्त्र सुदृढ गर्ने (धारा ५१)


**आर्थिक अधिकारको प्रयोग**
आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्वन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट वनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने (धारा ५९(१)


**तीन तहबीचको सम्वन्ध**
सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने (धारा २३२)

**संघीयताको सामन्य सिद्धान्त**





Finance follow the Functions, Functionaries/Institutions follows the Functions




**संघीय नेपाल : अधिकारको बाँडफाँड**




Declared as a Democratic Federal Republic by the Interim Constitution -2063 BS

Federal Constitution Promulgated on 03 Ashoj 2072 BS (20 Sept 2015)

राज्यको संरचना (धारा ५६)
राज्यशक्तिको बाँडफाँड (धारा ५७)
आर्थिक अधिकारको प्रयोग (धारा ५९)
राजश्व श्रोतको बाँडफाँड (धारा ६०)


**योजना के हो ?**

- योजना विकासका लक्ष्य प्राप्तिका लागि समयवद्ध रूपमा प्राकृतिक स्रोत, मानव साधन, पूजी र प्रविधिको अभ्यास गर्ने प्रक्रिया हो ।
- जसअन्तर्गत आवश्यकताको प्राथमिकीकरण गरी उपलव्ध स्रोतसाधनको विनियोजन मार्फत निर्धारित गन्तव्यमा पुग्ने गरिन्छ ।
- योजना विकासका लागि त्यो व्यवस्थित प्रक्रिया हो, जस अन्तर्गत स्रोतसाधन र समयको उपयोग मार्फत राष्ट्रका प्राथमिकतालाई संवोधन गरिन्छ।
- योजना वद्धविकास निरन्तरको प्रक्रिया हो । यसमा Stateactors र Stakeholdersहरू आफ्नो संभावना र क्षमताका आधारमा राष्ट्र निर्माणमा क्रियाशील हुन्छन् ।

## योजनाको आवश्यकता

- सीमित स्रोत साधनहरूको उपलब्धता,
- प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको उपयोग गर्नु पर्ने बाध्यता,
- गरिबी, बेरोजगारी, असमानता, परनिर्भरता, पछौटेपन जस्ता समस्यालाई सम्बोधन गर्नुपर्ने आवश्यकता,
- विगतको समीक्षार आगामीदिनको आकलन,
- नतिजामखी विकास पद्धतिको अवलम्बन,
- समानुपातिकर समावेशी विकास
- विकसित मुलुकहरूमा पनि योजनावद्ध विकासको प्रचलन रहेको

## (आवधिक) योजनाको सैद्धान्तिक पक्ष




### योजनाका प्रकार


**क. कार्यक्षेत्र र स्थानगत आधारमा**

राष्ट्रिय आवधिक विकास योजना (National Periodic Development Plan)
प्रादेशिक आवधिक विकास योजना (Provincial Periodic Development Plan)
स्थानीय तहको आवधिक विकास योजना (Local Level Periodic Development Plan)

**ख. समयका आधारमा**

दीर्घकालीन योजना/सोच (Long Term Plan/Vision)
मध्यकालीन योजना (Medium Term Plan)
वार्षिक योजना (Annual Plan)


## विभिन्न तहका योजानाको लक्ष्य: उदाहरण





**योजनाको मुख्य तत्वहरू**

| | | | |
|---|---|---|---|
| १. वस्तुगत स्थिती | ४. सोच | ७. रणनीति | १०. अपेक्षित उपलब्धि |
| २. समस्या/चुनौती | ५. लक्ष्य | ८. लगानी खाका | ११. नतिजा सूचक |
| ३. अवसर | ६. उद्देश्य | ९. प्रमुख कार्यक्रम | |

## योजना प्रणाली




### संघ, प्रदेश र स्थानीय तहको योजना प्रणाली : अन्तरसम्बन्ध




### समृद्ध नेपाल, सुखी नेपाली : राष्ट्रिय लक्ष्य



## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- महिला तथा पुरूष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्बन्धहरूलाई सन्तुलित गर्न तथा हरेक प्रकार का सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका रूपमा बुझ्न जरूरी छ।
- संविधानको प्रस्तावनामा वर्गीय, जातीय, भाषिक, धार्मिक, लैगिक विभेद र सबैप्रकारका जातीय छुवाछूतको अन्त्यगरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समता मूलक समाजको निर्माण गर्ने संकल्प।
- धारा ४ ले नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनि परिभाषित गरेको।

## मौलिक हक

- पिछडिएको वर्ग र क्षेत्रको उत्थानका लागि विभिन्न मौलिकहकको व्यवस्था
- धारा १८ को समानताको हकमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी,..........., आदिवर्ग र क्षेत्रका लागि विशेष व्यवस्था गर्न सकिने
- धारा २४ छुवाछूत तथा भेदभाव विरूद्धको हक
- धारा ३१ शिक्षासम्बन्धी हक अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकका लागि निःशुल्क उच्चशिक्षा प्राप्त गर्ने
- धारा ३२ भाषा तथा सँस्कृतिको हक
- धारा ३८ महिलाका हक
- धारा ३९ बालबालिकाको हक
- धारा ४० दलितको हक
- धारा ४१ ज्येष्ठ नागरिकको हक
- धारा ४२ सामाजिक न्यायको हक
- धारा ४३ सामाजिक सुरक्षाको हक

## अन्य सम्वैधानिक व्यवस्था

- धारा ५१ राज्यकानीतिहरूको खण्ड (ज) ले सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति शिर्षकमा १४ वटा विभिन्न महत्वपूर्ण नीतिहरू तय गरी कार्यान्वयनको प्रत्याभूति गरेको,
- भाग ५ (राज्यको संरचनार राज्यशक्तिको बाँडफाँड) ले राज्यको शक्ति सबै जनताको नजिक लैजान तीन तहको संघीय संरचनाको खाकाकोरी सबै तहलाई स्वशासनगर्न पाउने स्पष्ट राज्यशक्तिको सूची व्यवस्था।
- भाग ६ (राष्ट्रपति र उपराष्ट्रपति) ले नेपालको राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुनु पर्ने व्यवस्था गरेको,
- धारा ७६ ले संघीय मन्त्रीपरिषदर धारा १६८ ले प्रदेश मन्त्रीपरिषद समावेशी सिद्धान्त बमोजिम गठन गर्नुपर्ने व्यवस्था
- धारा ८४ प्रतिनिधिसभाको र धारा १७६ प्रदेश सभाको गठन : समानुपातिक तर्फ राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउनु पर्ने,
- प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने।
- धारा ९१ (प्रतिनिधिसभाको सभामुखर उपसभामुख), धारा ९२ (राष्ट्रियसभाको अध्यक्षर उपाध्यक्ष), धारा १८२ (प्रदेश सभाको सभामुख र उप सभामुख) फरक दलर लिङ्गको हुनु पर्ने व्यवस्था।

## अन्य संबैधानिक व्यवस्था

- हरेक स्थानीय तहमा कम्तीमा पनि महिला, अल्पसंख्यक र दलितको प्रतिनिधित्व हुनै पर्ने भाग १७ र १८ को व्यवस्था। प्रमुख र उपप्रमुखमध्ये एकजना महिला हुनुपर्ने,
- उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा न्यायिक समिति,
- समावेशीकरणको लागि राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदीवासी जनजाती आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग,
- अन्य संवैधानिक आयोगमा समेत समावेशी प्रतिनिधित्व हुनुपर्ने,
- संवैधानिक अङ्ग र निकायका पदमा नियुक्तिगर्दा समावेशी सिद्धान्त बमोजिम गर्नुपर्ने (धारा २८३ को व्यवस्था)
- धारा ३०६ मा अल्पसंख्यकर सीमान्तीकृतको परिभाषा गरिएको।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैससास प्रावधानहरू

- **प्रस्तावनाः** लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजबाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्ने।
- गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था।
- गाउँपालिका र नगरपालिकाले वार्षिक, मध्यमकालीन र आवधिक योजना बनाउनु पर्नेछ। योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण लगायतका विषयलाई ध्यान दिनपर्ने (दफा २४ )

### स्थानीयसरकार सञ्चालन ऐन, २०७४...

योजना बनाउदा देहायका विषयहरूलाई प्राथमिकता दिनुपर्ने छ। (दफा २४ उपदफा ३ )

- आर्थिक विकास तथा गरिबी निवारणमा योगदान पुग्ने,
- उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्तगर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने,
- स्थानीय जन सहभागिता, स्वयम सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैंगिक समानता र सामाजिक समावेशीकरणमा अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सवर्धन गर्न सघाउ पुर्‍याउने,
- भाषिक, सांस्कृतिक पक्षको जगेर्ना एवं सामाजिक सदभाव र एकता अभिबृद्धिमा सघाउ पुर्‍याउने।

### स्थानीय तहको विकासको क्षेत्र

१. आर्थिक विकास–उत्पादन बृद्धि, गरिबी न्यूनीकरण, कृषि, पशुसेवा, सहकारी, रोजगारी र आय–आर्जन,
२. सामाजिक विकास–आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय भाषा संस्कृतिको संरक्षण र प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण,
३. पूर्वाधार विकास–स्थानीय पूर्वाधार निर्माण, पुल, सिंचाई, खानेपानी, भवन, साना जलविधुत तथा वैकल्पिक उर्जा,
४. भू–उपयोग–एकिकृत जग्गा विकास, बस्ती विकास, भूउपयोग योजना र मापदण्ड,
५. विपद व्यवस्थापन, पर्यावरणीय संरक्षण, जलवायु अनुकूलन, फो हरमैला व्यवस्थापन, खानी तथा खनिज पदार्थको संरक्षण,
६. दिगो विकासका लक्ष्यहरू र राष्ट्रिय तथा प्रादेशिक योजनाले लिएका स्रोत, लक्ष्य तथा उद्देश्यहरूसँगको तादात्म्यता
७. स्थानीय श्रोत, साधन र सीपको प्रयोग तथा स्थानीय जनसहभागिता अभिवृद्धि

### पन्ध्रौ आवधिक योजना (आधारपत्र)

परिच्छेद : १० (अन्तरसम्वन्धित विषय क्षेत्र)

समावेशीकरण

दीर्घकालीन सोच: राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास।


उद्धेश्य : आर्थिक सामाजिक तथा राजनीतिक अवसर बाट वच्चितमा परेका लक्षित वर्गका लागि मुलुकमा उपलव्ध साधन र स्रोत तथा सुविधामा समानुपातिक समावेशी पहुँचको सुनिश्चितता गर्ने।

### रणनीतिहरू

१. मुलुकमा उपलब्ध स्रोत–साधनहरूमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने। (२)
२. राज्यको तीन तहमा हुने निर्णय प्रकिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। (२)
३. सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम बनाउने। (१)
४. आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम समुदाय तथा पिछडावर्गको भाषा तथा संस्कृतिको संरक्षण एवं संवर्द्धन गर्ने। (१)

**प्रदेश नं ३ को पहिलो आवधिक योजनाको आधारपत्रमा लैससास प्रावधान**

परिच्छेद : ७ (अन्तरसम्वन्धित क्षेत्र)




### लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा र संरक्षण

### दीर्घकालीन सोच

लैङ्गिक समता र समावेशीकरण; सुरक्षित संरचना र समाज

### उद्धेश्य

१. लैङ्गिक समता, सशक्तीकरण तथा सामाजिक समावेशीकरण प्रणाली, संरचनाको स्थापना तथा विस्तार गर्नु,
२. वञ्चितीकरणमा परेका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण तथा अर्थपूर्ण सहभागिता सुनिश्रित गर्नु,
३. विपत्त, वञ्चितीमा परेका र जोखिममा रहेका समुदायका आर्थिक, सामाजिक समतामूलक पहुँच सुनिश्रित गर्नु,
४. महिला, बालबालिका तथा किशोरीहरूले भोग्नु परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्नु र
५. विपन्न, ज्येष्ठ नागरिक, जोखिममा परेका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, लोपोन्मुख र सीमान्तकृत जातजातिसम्म प्रभावकारी रूपमा सामाजिक सुरक्ष पुर्‍याउनु।

## रणनीति/कार्यनीतिहरू (३९)

१. लैससास नीति, पद्धतिर संस्थागत संयन्त्यको स्थापना गरी क्रियाशील बनाउने । (६)
२. महिलाहरूको सश्क्तीकरण र समावेशीकरणमा जोड दिने । (३)
३. बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने । (४)
४. ज्येष्ठ नागरिकहरूको सम्मान र संरक्षण गर्ने । (३)
५. अपाङ्गता भएका नागरिकहरूको संरक्षण र सशक्तीकरण गर्ने । (३)
६. यौनिक अल्पसङ्ख्यक अधिकार सुनिश्रित गर्ने । (४)
७. दलित समुदायका सशक्तीकरण गर्ने । (४)
८. विपन्न वर्गको सशक्तीकरण र विकास गर्ने । (४)
९. लोपोन्मुख र सीमान्तकृत समुदायको सशक्तीकरण र विकास गर्ने । (४)
१०. लैससास परीक्षण गर्नु । (४)

## निष्कर्ष

- राज्यसंरचनामा आमूल परिवर्तन
- समानुपातिकर समावेशी प्रतिनिधित्वको सुनिश्चितता
- समृद्ध नेपाल, सुखी नेपाली राष्ट्रिय कार्यभार
- समानुपातिक र समावेशी वितरण/प्रतिनिधित्व आवश्यक
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि प्रर्याप्त ऐन, कानुनहरू आवश्यक
- स्थानीय सरकार सच्चालन ऐन
- पन्ध्रौं आवधिक योजनाको आधारपत्र (प्रदेशका पहिलो आवधिक योजनाको आधारपत्र सहित समेत)

## कार्यपत्रमाथि टिप्पणी

### सीता परियार

स्थानीय तहको आवश्यकता के हो? त्यहाँको वस्तु स्थिति के हो? शिक्षामा के छ, स्वास्थ्यमा के छ ? सीमान्तकृत वर्गको तथ्यांक कति छ ? तिनीहरूको समस्या के हो? अथवा स्थानीय तहमा प्रोफाइल बनेको छ, छैन, त्यो प्रोफाइलअनुसार नीति कार्यक्रम, बजेट कार्यक्रम गरिएको छ, छैन, भन्ने कुरा पनि विश्लेषण भएको भए योजनापत्रमा अर्थपूर्ण रूपमा आउँथ्यो । त्यसैगरी, स्थानीय तहमा आयोजित योजनाहरू कति बनेका छन्, कति छैनन् र अर्कोतिर संविधानअनुरूप योजना ऐन, नियम अनुसार नीति कार्यक्रम भयो कि भएन, त्यसलाई पनि विश्लेषण गरिएको भए हुन्थ्यो ।

त्यस्तै, नीतिगत सवाल पनि यहाँ धेरै प्रस्तुत भएका छन् । हामीले हेर्दाखेरी अहिले हामी नयाँ युगमा प्रवेश गरेका छौं, नयाँ फड्को मारिरहेका छौं । स्थानीय शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार शासन सञ्चालन गर्दा, त्यसका केही फाइदाहरू थिए, त्यो कुरा पनि यहाँ प्रस्तुत भएको छैन । पहिले बजेट अनिवार्य थियो, दलितलाई ५ प्रतिशत, महिलालाई १० प्रतिशत, बालबालिकालाई १० प्रतिशत, तर अहिलेको नीति नियममा कहीँ पनि अनिवार्य रूपमा देखाइएको छैन । त्यसकारण पनि अहिले नीतिगत रूपमा झनै त्रुटि भएको भएको महसुस भएको छ ।

### हिरा विश्वकर्मा

प्रदेश नं.६ चाहिँ १ नं. मा आउँछ, किनकि प्रदेश ६ मा २ जना दलित कर्मचारीहरूमा १ जना मन्त्रालयका अर्थ सचिव र १ जना सामाजिक मन्त्रालयका सचिव हुनुहुन्छ । यसो हुनाले प्रदेश ६ अलिक व्यवस्थित देखिन्छ । दोस्रोमा, प्रदेश नं. ५ आउँछ, किनकि यहाँ रोजगारी भनेर धेरै कार्यक्रमहरू भएका छन् । तेस्रोमा, प्रदेश नं. २ छ, किनभने यहाँ पनि दलितसम्बन्धी कार्यक्रमहरू छन् । पहिलाको बजेट कार्यक्रम प्रदेश २ ले ल्याएको थियो तर अहिलेको कार्यक्रममा त्यति नभए पनि केही राम्रा कार्यक्रमहरू ल्याएको छ । त्यसैगरी चौथो स्थानमा ४ नं. प्रदेश रहेको छ, यहाँ खासै राम्रो कार्यक्रम रहेको देखिन्न ।

यसैगरी पाँचौ स्थानमा प्रदेश ७ रहेको छ । यहाँ १७ प्रतिशत दलितको जनसंख्या छ, तर १% पनि दलितका लागि बजेट छुट्याएको छैन । त्यसैले प्रदेश ७ लाई निराश ढङ्गले हेरिन्छ । छैटौंमा प्रदेश १ लाई लिइन्छ, किनकी यहाँ दलितका लागि खासै उत्साहजनक बजेट छुट्याइएको छैन । यस प्रदेशमा २७२ जना गन्धर्वको बसोबास रहेको पाइन्छ । गीत, संगीतलाई प्रोत्साह गर्ने भनेर कार्यक्रम पनि ल्याइन्छ तर दलितको पक्षमा केही छैन । अन्तिममा, प्रदेश ३ मा दलितको तथ्यांक नै छैन । जनप्रतिनिधिहरूले स्थानीय तहदेखि नै तथ्यांक चाहिँ निकाल्ने, तथ्यांकमा आफ्नो हक अधिकारबारे केही भूमिका निर्वाह गर्न सकेमा केहि हुन्छ ।

### मा. मानबहादुर विश्वकर्मा

आ–आफ्नो पार्टीमा सहमति भएर, आरक्षणमा दलित विरोधी छन् भने त्यसका विरोधमा तपाईं पनि जानुस्,अनि मात्र कार्य सफल हुन्छ । आफ्नो पार्टीभित्र संगठन परिचालन गर्न आवश्यक छ । एउटा मात्र नभएर सबै पार्टीहरूबीच संलग्न हुनुपर्छ । दलित हक अधिकारका लागि हामी सबै दलितको मुद्दामा एकमत, एकजुट भएर लागेको खण्डमा छोटो समयमा हामीले आर्थिक, शैक्षिक, राजनीतिक सबै क्षेत्रमा प्रगति गर्न सकिन्छ ।

अहिले खतरा कहाँ आएको छ भने, हामीले जे जति कमाएका थियौं, त्यो पनि गुम्ने अवस्थामा पुगेको छ । अब त्यसलाई बचाउपर्ने हाम्रो दायित्व हो । जस्तैः उपेक्षित, उत्पीडित दलित वर्ग उत्थान विकास समिति मार्फत उच्च शिक्षा हासिल गरेका थियौं । त्यो छात्रवृत्तिबाट लगभग ८,००० जनाले छात्रवृत्ति पाएका थिए । जसले गर्दा, सहायक सिडियो, मेडिकल डाक्टर थुप्रै बनेका छन् । तर अहिलेको सरकारले त्यसलाई विघटन गरेर त्यो छात्रवृत्ति सबै काटेको छ । दलितलाई छात्रवृत्तिबाट पढ्न नदिने विचार कहाँबाट आयो? त्यसैले हामी सबै ले त्यसलाई बचाउनुपर्ने दायित्व हो ।

## सामाजिक न्यायसहितको समृद्धिको मार्गचित्र

प्रस्तुतकर्ता : हरि रोक्का राजनैतिक विश्लेषक
सहजकर्ता : गणेश विश्वकर्मा, नागरिक अगुवा
टिप्पणीकार : मा. निरादेवी जैरू, सभापति, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति

प्रा. डा. चैतन्य मिश्र, समाजशास्त्री
प्रा. अशोक गुरूङ, द न्यु स्कुल, न्यु योर्क




यस कार्यपत्रमा नेपालको सामाजिक र आर्थिक समानता युगौं देखिको समस्या बनेको विषयमा छलफल गरिएको थियो । नेपालको सामाजिक न्यायको अवस्था, वर्तमान अवस्थामा मुलुकको अर्थतन्त्रको सूचकले निर्धारण गरेको दिगो विकास हुनुको साटो, किन नेपाली अर्थतन्त्र संकटमा छ भन्ने जस्ता विषयहरूलाई समेटिएको थियो । आम जनताका लागि स्वास्थ्य सेवाको व्यवस्थापन लगायतका विषय यस कार्यपत्रमा रहेका छन् । कार्यपत्र तल दिइएको छ ।

### परिचय

न्याय के हो ? के लाई न्याय भन्ने? विद्यमान समाजमा न्याय के लाई भनिन्छ? साँच्चिकै न्यायको परिभाषा गर्ने काम निकै कठिन काम हो । न्यायको परिभाषा जगतमान्य (universal) कहिँ पनि छैन भन्ने ठानिन्छ । विश्वविख्यात दर्शनशास्त्रीहरूको बुझाई, मान्यता पनि त्यस्तै देखिन्छ । यद्यपि विद्वान्हरू न्याय तीन प्रकारका हुन्छन् भन्ने कुरामा सहमत देखिन्छन् ।

१. अपराधसम्बन्धी न्याय (criminal justice),
२. वितरणसम्बन्धी न्याय (distributive justice) र
३. सामाजिक न्याय (social justice) ।

पहिलो, राज्यले व्यवस्थित गरेको विद्यमान कानुन तोडेको खण्डमा गरिने दण्ड जरिबाना । दोस्रो, मुलुकभित्र रहेका स्रोत र साधनको वितरण । तेस्रो, सबैभन्दा विवादाष्पद, बृहत् बहस र छलफलको विषय बन्न पुग्छ सामाजिक न्याय । आम नागरिकको समृद्धि र समानता आवश्यक छ, छैन भन्ने बहसमा समाज विभाजित छ । विपक्षमा हुने हरूले कानुनी, संस्थागत तथा आर्थिक हैसियतको अवस्थामा आम मानिसलाई कानुनबमोजिम समृद्धि र समानता दिलाउन कसरी सम्भव हुन्छ? भन्ने बिषयले प्रश्नहरू उठाउँछन् । पक्षमा हुनेहरूले राष्ट्को समृद्धि र विकासको प्रयत्नलाई दिगो र भरपर्दो ढङ्गले सफल पार्ने हो भने सामाजिक न्याय आवश्यक ठहऱ्याउने गरेका छन् । शताब्दी अगाडि सुरू भएको यो बहस अझै टुङ्गोमा पुग्न सकेको छैन (Frenkena, 1962) । यद्यपि, यी तिनै अवतारहरू एक अर्काप्रति अन्योन्याश्रित सम्बन्ध राख्छन् । न्याय सम्पादन गरिँदा त्यस्को असर एक अर्कामा पर्न पनि सक्छ । समग्रमा “न्याय” यी तीनवटै न्यायका अवयवहरूको सङ्ग्रह हो भन्ने बुझिन्छ ।

इतिहासमा पर्शीया, मेसोपोटामिया र मिश्र जस्तै सिन्धु नदी उपत्यकामा अवस्थित मोहेनजोदारो तथा हरप्पा जस्ता ठाउँहरू पहिलो पहिलो सभ्याताका ठाउँ हरू थिए । सभ्यताको अर्थ उत्पादनका साधनहरूको जोहो गरिनु, आफू र समाजका लागि वार्षिक पात्रो अनुसार आवश्यक पर्ने खाद्यन्न बन्दोवस्त गर्नु । प्राकृतिक प्रकोपबाट सुरक्षित रहने प्रवन्ध (सुरक्षित ठाउँमा आवास र अन्यआवश्यक विषय) मिलाउनु । मौसमअनुसार बाक्ला र पातला कपडाहरू बन्ने र लगाउने सीप व्यावस्थापन गर्नु । खाद्यन्न र कपडा बन्न आवश्यक सहज औजारहरूको खोज तथा निर्माण गर्नु आदि ।

इतिहासमा लेखिएअनुसार सभ्यताको विकास एकै दिनमा एकै छिनमा वा द्रुत गतिमा भएको थिएन । सभ्यता सहज जोगिने बिषय पनि थिएन । हिजोआज जस्तै प्याटेन्ट–राइटका, इन्टेलेक्चुयल पोपर्टी र इटका कुरा नभएको भएता पनि ती सबै विकासका पक्ष र विपक्षी थिए होलान् । एकले निर्माण गर्ने र अर्कोले दाबी गर्ने पनि थिए हो लान् । त्यसैगरी एउटा सभ्यता अर्को ठाउँको सभ्यता भन्दा भिन्न पनि पक्कै थियो । र, एकले अर्कोलाई आफ्नो इतिहास चाहीँ पुरानो, धेरै हिसावले सभ्य भन्ने झगडा पनि थियो होला । यसरी आन्तरिक र बाह्य दुबै खालका अर्न्तरविरोधहरू ती सभ्ययतामा थिए । इतिहास साह्रै निर्मम छ । इतिहासका गर्तहरू खोतल्दै जाँदा धेरै घाउहरू चहऱ्याउन सक्छन् । कार्ल मार्क्स र एङ्गेल्सले समग्र मानव इतिहासलाई वर्ग संघर्षको इतिहासका रूपमा बुझ्न त्यसै भन्नु भएको थिएन (Marx& Engels;Yanis Varoufakis; 2018)।

मानव सभ्यताको इतिहाससँगै सुरक्षा (protection) अवधारणा पनि अगाडि आयो । अरिजोना विश्वविद्यालय का इतिहास का प्रोफेसर लिन्डाटि डार्लिङको सन् २०१३ मा प्रकाशित “अ हिष्ट्री अफ सोसिएल जष्टिस एण्ड पोलिटिकल पावर इन दि मिडिल इष्ट, दि सर्किल अफ जष्टिस फ्रोम मेसापोटामिय टु ग्लोवलाइजेशन” ले न्यायको घेरो बर्णन गरेकी छन् (Darling; 2013; p20) । उनी लेख्छिन्, पश्चिम एसियाली राष्ट्रहरूमा (पश्चिमाहरूले मध्यपूर्व भन्ने गरेको भ–मध्य सागरतटीय राज्यहरू) राजनीति निर्माण र राजनीतिमाथिको बुझाई उहिल्यैदेखि तल उल्लेखित सुत्रमा आधारित थियो ।

“सेना नभई शक्ति हुँदैन (No power without troops), धन नभई सेना हुँदैन (No troops without money), उन्नति, समृद्धिबेगर रूपैयाँ हुँदैन (No money without prosperity) र न्याय र असल प्रशासनबेगर उन्नति वा समृद्धि हुँदैन (No prosperity without justice and good administration) ।”

यो छोटो ऐतिहासिक भनाई देखिने र बुझिने गरी राजनीतिसँग सम्बन्धित छ । लेखिका भन्छिन, बेविलियोन, एस्सिरिएन, पर्सिया, अव्वासिद, सेलजुक्स र ओट्टामान हुँदै संसारभर यो भनाई सिद्धान्तका रूपमा प्रचारित भयो । पछि सुदूरपूर्व र सुदूरपश्चिमसम्म फैलियो । दशौं शताब्दीमा आएपछि माथि उल्लेखित सुत्रको अलि बुझिने र फराकिलो ढङ्गले कवितात्मक शैलीमा प्रस्तुत गरियो (Darling; 20123; p20-21) ।

“विश्व एउटा बगैँचा हो,
सार्वभौमिकताले बेरिएको,
सार्वभौमिकता मालिक्याई (lordship) हो,
र यो मालिक्याई कानुनले सुरक्षित हुने गर्छ,
कानुन प्रशासनले सुरक्षित गर्छ,
प्रशासन राजाज्ञाबाट शासित हुन्छ,
राजा रक्षक (shepherd) हो, जसलाई सेनाको आडभरोसा रहन्छ,
सेनाका सिपाहीहरू राज्यको ढुकुटी (पैसा) बाट पालिन्छन्,
राज्यको ढुकुटी सर्वसाधरण नोकर, प्रजा र जनताबाट असुली हुन्छ,
प्रजा (subject) लाई त्यसबापत न्याय दिइन्छ,
न्याय खुसी, प्रशन्नता हो, आनन्द हो र
यो आनन्द समृद्धिबाट प्राप्त हुन्छ ।”

यो विश्लेषणले पुरानो समयमा राष्ट्रिय राज्य निर्माणको विषय परिभाषित हुन्छ । सबैभन्दा पछिल्ला दुई वाक्य समृद्धिसँग जोडिएको छ र समृद्धि माथिल्लो भनाईको अन्तिम वाक्य “न्याय र असल प्रशासनबेगर उन्नति वा समृद्धि हुँदैन” सँग जोडिएको छ । र, यो न्याय शब्दको अर्थ सामाजिक न्यायको अङ्ग हो भन्ने बुझ्न सकिन्छ ।

भारतीय उपमहाद्वीपमा सभ्याताबारे धेरै खोज तथा अनसन्धानका कामहरू भइरहेका छन् । कतिपय प्रमाणिक तथ्यहरू उपलब्ध पनि छन् कतिपय अझै बढी खोजतलासको अवश्यकता छ । यद्यपि एउटा सत्यको नजिक कुरा के हो भने दक्षिण एसियाका सिन्धु नदी घाँटी र गंगा र गंगा नदीका सहायक नदीहरूमा आर्यनहरूको प्रवेश हुनु भन्दापूर्व पनि आफ्नै खालको सभ्यता बोकेको समाजको उपस्थिति थियो । त्यसपछि यी दुवै मैदानहरूमा इरानियन, ग्रीक, प्राथिएन, वाक्तरिएन, हुनस, तुर्क, क्रिश्चियन, एहुदी, भित्रिए । यसले यी दुवै सभ्यतामा नयाँपन थपे (Nehru;1992 p 73) । आर्यहरू, जसले गंगा र उसका सहायक नदीहरू, हिमालबाट ओर्लिए पछिको ब्रह्मापुत्र नदी र त्यसका सहायकनदी सम्म फैलिएका थिए । उनीहरूले वेदको निर्माण गरे ।

नेहरू भन्छन, ‘वेद’, जसको अर्थ ‘जान्नु (know)’ भन्ने हुन्छ, त्यस समयमा हासिल गरिएका अनुभवहरूको सङ्ग्रह हो, जसलाई गीत, प्राथना, त्याग वा बलिदानको रित, मायाजाल, कवितात्मक रूपमा प्रस्तुत गरिएको छ । बेदको पहिलो अवधिसम्म कोही पनि ‘आदर्श ब्यक्ति’ थिएन । ईश्वरका लागि कुनै मन्दिरहरू निर्माण गरिएका थिएनन् । मानिसहरू स्वतन्त्र थिए । आत्मा र परमात्माको कुरा गर्दैनथे । तर मृत्युपछि केही हुन्छ कि भन्ने थोरै संशय थियो । मृत्यु भएपछि ईश्वर जन्माइयो । सयौं वर्षपछि वेदान्त (वेदको अन्त) उपनिषद्‌बाट सुरू भयो । धेरैपछि जातपातका हाँगाबिँगा जन्माइयो । पश्चिममा पादरीहरू जस्तै उपनिषद्‌पछि जन्माइएका धर्मको ब्याख्या गर्न भारतीय उपमहाद्वीपमा पुरेत र पण्डितहरूको एउटा वर्ग जन्मियो । धर्मको ब्याख्या सँगै ब्यक्तिवादमा आधारित दर्शन सुरू भयो (उही) । दास र मालिकहरू जन्मिए, जातीय र भाषिक उचनीच सुरू भए । र, सभ्यता आममानिसको समृद्धिबाट सुरू हुन्छ भन्ने मान्यता कमजोर बन्दै गयो ।

फ्रान्सेली विद्वान् सिल्भाँ लेभीले आफ्नो किताब, “नेपाल, हिन्दू राज्यको इतिहास” मा नेपालको इतिहासलाई दुई कालखण्डमा बाँड्न सकिन्छ भनेर लेखेका छन् । नेपालकाल र गोरखाकाल । नेवारहरूको शासन भन्नाले खास प्रामाणिक इतिहास सुरू भए देखि स्थानीय वंसहरूको राज खतम भएको सन् १७६८ सम्मको १२–१३ शताब्दीको समयलाई लिइन्छ । लिच्छविदेखि मल्लकाल सम्मको

इतिहासमा गाउँहरू सर्वाधिक अधिकार सम्पन्न थिए। गाउँ लगभग स्वायत्त जस्ता थिए। आफ्नो अधिकार आफैं तय गर्थे। यस अर्थमा सामाजिक न्यायको बन्दोवस्ती मुखिया चुन्ने प्रक्रिया प्रजातान्त्रिक थियो। गाउँमा चर्चिएको जग्गामा सिँचाई गर्न कुलो, आफ्ना चौपाया चराउन चरण, घाँसपात, इन्धन तथा घर निर्माणका लागि काठ उपयोग गर्न वन व्यवस्थापन यी सबै साझा हुने गर्थे। जग्गा जमिन कमभएका समुदायका लागि वन्य सामग्री जीविकाका साधन बन्न दिइन्थ्यो। यी सबै सार्वजनिक वस्तु थिए र जीविकाका लागि गाउँले ले आफैंभित्र निर्वाचित वा आफैंभित्र स्थापित मुखियाले गाउँलेकै सहयोगमा सहज व्यवस्थापन गर्थ्यो। त्यसैले केन्द्रमा राजाहरू एकले अर्कोलाई बर्खास्त गरे पनि वा फेरिए पनि गाउँको शासन गाउँले हरूकै अधिनस्थ हुने गर्थ्यो (लेभी सन् २००६)। तर मल्लकालका पछिल्ला समयमा बिगतको श्रम विभाजनको आधारमा बनाइएको जात, जातपछि जात वा उपजातकाआधारमा विभाजन गरी बर्णव्यवस्था लागू  गरी समुदायमा होचो-अग्लो व्यवस्था कायम गरियो। भारतीय उपमहाद्वीप वा गंगा मैदानमा रहेको वर्णव्यवस्थाको भद्दा नक्कल गरेका थिए। र, झन् पछि आफूले शासन गरेको र ाष्ट्रलाई नै भाइ अंश लगाई विभाजित गरियो। पछि गोरखाली राजा पृथ्वीनारायण शाहले क्रमशः नेपाल एकीकरण गरे। तर गोरखाहरूले पनि सुरूमा गाउँमा भएको पुरानो व्यवस्थालाई तत्काल बिथोलेनन् (लेभी; पेज १३)। तर पछि राज्य व्यवस्थामाथि पकड बलियो भएपछि भने उनीहरूले स्रोत र साधनमाथि कब्जा जमाए।

गोरखाली राज्य एकीकरणको बलियो आधार जमिन थियो। कब्जामा आएको जमिन सेनामा वितरण गर्ने वचनबद्धताले उनीहरूलाई लड्न प्रेरित गर्थ्यो। लडाइँ लडिरहेको सेनाको परिवारलाई उ जीवित रहँदा मात्र होइन सहादत प्राप्त गर्‍यो भने पनि खाद्यन्न र बसोबास हुनेगरी जग्गा व्यवस्था गर्ने चलनले राष्ट्रनिमार्णका नाममा सहादत गर्न पनि सेना भिड्थ्यो। गाउँमा उपलब्ध गराइएको यस्तो जग्गालाई “जागिर” भन्ने गरिन्थ्यो। जागिरमा काम गर्ने पुराना किसानहरू जसको जागिर हुन्थ्यो, तिनका रैती हुन्थे। टिष्टादेखि काङ्गडासम्म उत्तरमा तिव्वतदेखि दक्षिणमा गंगासम्मको बिजय यही जागिरसम्म जोडिए अएको थियो।

यसले राज्य र सेना त बलियो हुँदै गयो, तर जनता दुब्ला हुँदै गए (stiller 1995)। आमनागरिक देशै छोडेर मुग्लान पस्नुपर्ने अवस्था कङ्गालीकै कारण भएको थियो र पछिल्लो चरणमा (गोरखा बेलायती साम्राज्यवाद) लडाइँमा हार बेहोर्नुको कारण सत्तारूढ सर दारहरू बीचको कलहमात्र थिएन। जनता दुर्वल र दरिद्र भएकै कारणले पराजित हुन परेको थियो। सुगौली सन्धिपछि लामो समयको अन्यौलता र अराजकतामा जंगबहादुर राणाको उदयपछि त उनले आफ्नो जहानिया शासन व्यवस्थित गर्न केही मुट्ठीभर ब्राह्मण क्षत्री भारदारहरूको सहयोगमा पुरै नेपाललाई झ्यालखानामा रूपान्तरण गरे। बेलायती साम्राव्यवादको सहयोगी राष्ट्को रूपमा माथि उल्लेखित सबैखाले न्याय मत्स्य न्यायमा रूपान्तरित हुन पुग्यो। सामाजिक न्याय त झ्यालखानामा कल्पना गर्न सकिने विषय हुन्थे न र भएन पनि। पछिल्लो कालखण्डमा राणाहरूले देशलाई कसरी लुटे र कसरी सिंगै मुलुकलाई झ्यालखाना बनाएर मुलुकको श्री सम्पत्ति हडपेर छिमेकी भारत र अन्यत्र पुर्‍याए दर्जनौं इतिहासमा उल्लेख भएका छन् (stiller 1993)। यद्यपि अनुसन्धाता महेश चन्द्र रेग्मी र फादर स्टिलर पढ्दा तत्कालीन नेपाली समाजलाई झन् धेरै बुझ्न सकिन्छ।

## सामाजिक न्याय

समाजमा उपस्थित आमनागकिले उपभोग गर्ने अधिकार र कर्तव्यलाई सामाजिक न्याय भनिन्छ (Cook 2006)। केहीले यसलाई सामाजिक सुविधाका ठाउँमा सबैको समान पहुँचका रूपमा पनि अर्थ्याएका छन् (commission for social justice 1994)। केहीले समानता, सहभागिता, समाजले दिने मान्यता (acceptance), भित्र पर्‍यो भने मात्र सामाजिक मान्यता मान्छन् (Peffer 1990)।

जेरेमी बेन्थाम (सन् १७४८-१८३२) आधुनिक पुँजीवादी समाजका ठूला अङ्ग्रेज दर्शनशास्त्री हुन्। उनले अठारौं शताब्दीको अन्ततिर उपयोगितावाद (utilitarianism) प्रस्तुत गरे, जो त्यो समयमा ठूलो क्रान्तिकारी दुस्साहस जस्तै थियो। यो थेसिसले पुरानो समयदेखि त्यस समयसम्मको चलन चल्तिमा आएको “ईश्वरीय कृपालाई” , ‘समाजको इच्छ्यामा’, ‘सामाजिक चलन चल्तीमा’ , ‘प्राकृतिक कानुन’ जस्ता शब्दहरू अगाडि सारे (Frederking 2014)।

वास्तवमा यो ठूलो दुस्साहस थियो र कथित ईश्वर भन्दा आम-जनता ठूला र जिम्मेवार हुनुपर्छ भन्ने ठम्याई रहेको देखिन्छ। यो वास्तवमा ब्यक्तिगत नै सही मानिसको खुसी र अस्तित्वसँग जोडिएको बिषय थियो। यो आधारमा हेने हो भने युटिलिटरियानिजम वास्तवमा साँच्चिकै सचेतन युग (enlightenment age) सँग जोडिएको प्रतित हुन्छ। त्यो समय गहिरो आत्मविश्वास, आदर, कारण, प्रतिज्ञा तथा बैज्ञानिकता माथिको विश्वासमा जोडिएको थियो। परम्परा, धार्मिक अन्धविश्वास र आत्मा परमात्माको मिथक भन्दा अलग गर्ने विषयसँग जोडिएको थियो। सबैभन्दा महत्त्वपूर्ण कुरा के थियो भने सबै मान्छेको खुसीसँग जोडिएको थियो। खुसीको अर्थ राजा, महाराजा, भाइभारदार, पुरेत, पण्डित, पादरी, मुल्लाहहरूको मात्रै होइन सामान्य नागरिकको खुसीसँग पनि गाँस्ने प्रयत्न गरिएको थियो। एक मानेमा त्यो समयको यो क्रान्तिकारी कदम थियो। बेन्थामका असल चेला तत्कालीन समयका ठूला विद्वान् जोन स्टुबार्ट मिलले (१८०६-१८७३) लोग्ने मान्छेको मात्र स्वतन्त्रताको कुरा गरेनन्, स्वास्नीमान्छेको अधिकारको पनि कुरा गरे। सामाजिक र न्यायिक असमानताबारे विरोध जनाए।

सामाजिक न्यायका लागि यो अन्तिम उत्तर थिएन र हुन सक्तैनथ्यो। यद्यपि यसले तत्कालीन ब्यक्तिगत उत्तरदायीत्व बोकेको समाजमा नैतिक, राजनैतिक सामाजिक प्रश्नहरू समाजमा उठायो र उत्तर खोज्यो। त्यो जमानामा मात्र होइन आज “खान पनि पुगोस्, दिन पनि उब्रियोस्” भन्ने सिद्धान्तका अनुयायीहरूलाई अहिले पनि त्यही प्रश्नले घचघच्याउनु पर्ने हो। कार्ल मार्क्सले पुँजी वाद अर्न्तगतको

अवधारणालाई पनि चुनौती दिँदै स्वतन्त्रता, आत्मनिर्णयको अधिकार तथा आत्म महसुस, समृद्धि र मानवीय प्रतिष्ठामा आधारित नैतिकदर्शन (Moral Philosophy) प्रतिपादन गरे । यी विषय एकमुष्ट रूपमा नभए पनि जर्मन आइडोलोजी, कम्युनिष्ट मेनिफेस्टो, पुँजीको पहिलो भाग र क्रिटिक अफ गोथा प्रोग्राममा पढ्न पाइन्छ (McCarthy 2018) ।

मार्क्सवादी अवधारण अनुरूपको न्यायले विगतमा रहेका सबैखाले न्याय प्रणालीको ऐतिहासिक उत्पादन पद्धतीको आधार खोज्ने काम महत्त्वपूर्ण हो भन्छ । वास्तवमा विश्वव्यापी मान्यता (universal law) वा प्राकृतिक कानुनका आधारित आफ्नो मत जाहेर गर्ने काम गरेको छ । पुँजीवादमाथिको आलोचनाका सम्पूर्ण आधारहरू आर्थिक तथा ऐतिहासिक सिद्धान्तकै आधारमा गरिएका हुन् । यसको अर्थ मुल्यको सिद्धान्त (theory of value), विनिमयको सिद्धान्त (theory of exchange), पुँजीको अर्ग्यानिक उत्थानको मिश्रण (the rising organic composition of capital), जसले आम दरिद्रता र गरिबी उत्पादन गर्छ । त्यसैगरी वर्गीय असमानता ( class inequality) र आर्थिक सङ्कट (economic crisis) मा आधारित रहेर नै सामाजिक न्याय खोज्ने काम मार्क्सवादले गरेको छ । वास्तवमा, यसको मूलआधार मार्क्सले बताएको ऐतिहासिक भौतिकवादभित्र रहेर अर्को अर्थमा उत्पादन पद्धतिलाई केन्द्रमा राखेर सामाजिक न्याय खोजिनु पर्ने हुन्छ (Urwin:2018) । तर पुँजीवादमा सामाजिक न्याय उत्पादन पद्धति भित्र खोजिँदैन ।

वास्तवमा मार्क्सवादको पुँजीवादी उत्पादन पद्धतीको ब्याख्या ग्रीक दार्शनिक अरिष्टोटलको निकोमाकिएन एथिक्स एण्ड पोलिटिक्स मा उल्लेख गरिएका तर्कहरूमा आधारित देखिन्छन् । अरिष्टोटलले गुण (virtue), राजनीति (politics) तथा सामाजिक न्याय (social justice) लाई आधार मानेका छन् । मार्क्स आफूले ब्याख्या गर्दा दार्शनिक हेगेलका शब्दहरू सोसल एथिक्सबाट सापट लिए पनि दार्शनिक कान्टको नैतिकदर्शन (moral philosophy) मा आधारित रहेर अठारौं शताब्दीको पुँजीवादी ब्याख्यामाथि आफ्ना आलोचनाहरू प्रस्तुत गरेको देखिन्छ ।

युरोप विकसित र पछि संसारलाई नै प्रभावित पारेको सामाजिक न्यायको अवधारणाका पछि दुई महत्त्वपूर्ण प्रश्नहरू हुने गर्थे । पहिलो, सामाजिक न्याय कुन सैद्धान्तिक मान्यताको आधारमा तय गरिन्छ? र दोस्रो, के आधारमा सामाजिक न्यायलाई न्याय र अन्याय भएको ठान्ने ?वास्तवमा पहिलो मापदण्ड नैतिक नियम र सिद्धान्त पहिले नै तय गरिन्थ्यो । अर्थात् असल र खराब, पुरस्कार र सजाय, कामको वितरण र सुविधाका लागि मान्यता तय गरिन्थ्यो । यो सबै मापदण्डको तयारी वास्तवमा उपलब्ध साधनको वितरण वा उपयोगमा पहुँच नै हो सामाजिक न्याय भन्ने मान्यतामा आधारित थियो । पछि युटिलिटीथ्यौरी पनि मुख्यतः यिनै सिद्धान्तमा आधारित थिए भनेर दाबी गरियो । यो सिद्धान्तको आधारमा पछि 'न्याय' सामाजिक होस् या ब्यक्तिगत यसको मूलमन्त्र भनेको समाजमा उपस्थित ब्यक्तिलाई कर्तव्य, काम, बस्तु, कार्यालयको थलो, अवसर, दण्ड वा सजाए, सुविधा, वा भूमिका वा एउटा स्तर उपलब्ध गराउनुलाई नै भनिन्छ । पुँजीवादमा सङ्कट 'भयानक लोभ' का कारण नै आउने हो । अत्यधिक लोभ शोषणको मूल कारक बन्छ । शोषणको मूल जग निजी सञ्चिती (private accumulation) नै हो । पुँजीवादीहरूले अत्यधिक उत्पादन गरेको वस्तु बेच्न स्थानीय स्तरमा मात्र बजार खोज्दैनन् । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत बजारका लागि एक आपसमा प्रतिस्पर्धा गर्छन्, जो पुँजीवादी अर्थशास्त्रीहरू ब्याख्या गरेझैं स्वस्थ प्रतिस्पर्धी बजार (perfect competitive market) मात्र हुँदैन । पहिलो विश्वयुद्ध, बृहत् आर्थिक मन्दी (great depression) तथा दोस्रो विश्वयुद्ध अरू धेरै कुरा भन्दा साम्राज्यवादी लोभको आकांक्षाबाट सिर्जिएका आम नरसंहारकारी क्रियाकलाप थिए ।

## राजनीति र सामाजिक न्याय

दोस्रो विश्वयुद्धपछि "सामाजिक न्याय" राजनीतिक तथा सामाजिक हिसावमा ठूलो महत्त्व थियो । खासगरी पुँजीवादी समाज अर्को वैकल्पिक राजनीतिक व्यवस्था "समाजवाद" को विस्तारबाट त्रसित हुनपुगेको थियो । दोस्रो, फैलदो समाजवादी आर्थिक नीतिसँग, उत्पादन पद्धतीसँग प्रतिषपर्धा गर्नका निमित्त उत्पादनका साधनहरूको सम्भव भएसम्म सामाजिकीकरण (socialization) का लागि तयार हुनुको विकल्प थिएन । त्यसका लागि राज्यको भूमिका प्रखर हुनु अनिवार्य ठानियो ।

उत्पादन संगठित गर्न, सार्वजनिक तथा निजी क्षेत्रमा कसले के उत्पादन तय गर्ने भन्ने कुरामा र अर्को शब्दमा, सार्वजनिक वस्तु तथा निजी वस्तु छुट्याएर व्यवहार गर्न एक प्रकारले नयाँ आवश्यकता महसुस गरियो । सन् १९२९-३३ को चार वर्ष लामो बृहत् मन्दी (Great Depression) पछि बेलायती अर्थशास्त्री जोन मेन्यार्ड किन्सले "जेनरल थ्यौरी अफ इम्प्लवायमेन्ट मनी एण्ड इन्ट्रेष्ट" मार्क्सवादमा आधारित समाजवाद र लेसेस्फिएर अर्थतन्त्रमा आधारित पुँजीवाद वीचको बाटो निकालिएको थियो । जसलाई आज पनि लोककल्याणकारी पुँजीवादी समाज (the welfare Capitalist society) भनेर चिनिन्छ । तर सन् १९६० कै दशकमा अधिकांश पश्चिमा पुँजीवादी मुलुकहरूमा "वितरण" का मामिलामा सार्वजनिक बहस छेडियो । स्वामित्व र नियन्त्रण, निर्णायक भूमिका र उत्पादन संस्कृति, प्रत्येक दिनको ब्यक्तिगत जीवन पद्धती प्रशासनिक काम र सार्वजनिक सेवामा व्यक्ति, राज्य र समुदायका क्षेत्राधिकारमाथि प्रश्न उठाइए । लोककल्याणकारी राज्य अर्थात् किन्सियानिजम विरूद्ध धनाढ्यहरू तथा नवउदारवादी कन्जभेटिभ बजार अर्थशास्त्रीहरूको संगठित विरोधले कमजोर सैद्धान्तिक वैचारिक तथा संस्थागत आधार भएको यो अवधारणा समापनमा लगियो र त्यसका ठाउँमा नवउदार वादी बजार व्यवस्थाको स्थापना हुन पुग्यो । पब्लिक गुड्स अर्थात् शिक्षा, स्वास्थ, पूर्णरोजगारी उपलब्ध गराउने राजकीय दायीत्वबाट राज्यलाई अलग्याइयो । सार्वजनिक तथा निजी क्षेत्रको सहभूमिकामा चलेको लोक कल्याणकारीको देहावसानसँगै सामाजिक न्याय स्वभाविक रूपमा कमजोर बन्न पुग्यो (Beisner;2013) । वास्तवमा यो एउटा अर्को नयाँ वर्गीय राजनीति थियो ।

पछाडि फर्केर हेर्दा, लोककल्याणकारी निगमीय समाज (The Welfare corporate society) ले लेसेज फेयरमा आधारित उदार पुँजीवाद भन्दा समाजलाई सिद्धान्ततः तीन वटा विषयलाई प्राथमिकतामा पारेको थियो । पहिलो, सामाजिक भलाईको उद्देश्य राखेर सबै आर्थिक वा सामाजिक क्रियाकलापबारे सामूहिक वा सामाजिक नियमनको सिद्धान्त पालन गर्ने । दोस्रो, आमनागरिकका लागि आधारभूत आवश्यकता पुरा गर्नु पर्ने दायित्वको सिद्धान्त ।

यदि निजी क्षेत्रबाट यी दायित्व पुरा हुन सक्दैनन् भने राज्यले संस्थगत व्यास्थपन गर्नु पर्ने दायित्व हुनेछ । र तेस्रो, औपचारिक रूपमै समानताको व्यस्थापन तथा सामूहिक दायित्व निर्वाहको सिद्धान्त । संरचनागत परिवर्तन नगरिकन यी व्यवस्था गर्न राज्यका लागि निश्चिय पनि चुनौतीको विषय बन्थे र कालान्तरमा बने पनि ।

नवउदारवाद अर्को शब्दमा चर्को लेसेजफेयर अर्थशास्त्रको बाटो पक्डेको राजनीतिक मिसन थियो (Harvey: 2005) । चार दशक लामो नवउदारवादी आर्थिक व्यवस्थापछि, अब यो प्रणालीले काम गर्न सक्तैन भन्ने प्रमाणित भएको छ । विश्व प्रसिद्ध अर्थशास्त्री जोसेफ स्टिगलिज भन्छन्, धनीहरूमाथि कम कर, मजदुर तथा उत्पादनको अनियमन (deregulation), वित्तियकरण (financialization) तथा भूमण्डलीकरण (globalization) सबै यतिबेला आएर असफल सावित भएका छन् ।  आर्थिक बृद्धि दोस्रो विश्वयुद्धपछिको एक चौथाई शताब्दीमा भन्दा यो चार दशकमा कमजोर देखिएको छ । आममानिसको आयआर्जन घटेको छ । पैसा सोहोरिएर एकमुठी मानिसहरूको हातमा पुगेको छ । र, अर्थतन्त्र चलाएमा नहुनुको साटो ओरालिँदो छ (stigliz 2019) ।

नवउदारवाद वास्तवमा राजनीतिक प्रोजेक्ट थियो । व्यक्तिगत स्वतन्त्रताका र पूर्ण प्रतिस्पर्धात्मक बजारलाई आधारभूत सिद्धान्त भन्दै र भजाउँदै आममान्छेलाई  राज्य र अर्थतन्त्रको मूलधारमा आउने बाटो छेक्ने एउटा प्रपञ्च थियो (Olsen 2019) । उपभोक्ताहरूको सार्वभौमताको रक्षाका नाममा उनीहरूले विस्तारै यस्तो पर्खाल खडा गर्दै गए, जहाँ आममानिसका सेवामा उभिएका या उभ्याइएका राजकीय संस्थाहरू क्षतविक्षत पारिए र आम नागरिकको सामाजिक तथा प्रजातान्त्रिक अधिकार ध्वस्त हुन पुगे । खासगरी शिक्षा, स्वास्थ्य तथा रोजगारी जस्ता बिषयलाई पूर्णरूपमा बजारमा छोडिदिएर “सामाजिक डार्वीनिजम” को अवस्था सिर्जना गरियो ।

यो राजनैतिक प्रोजेक्टले धेरै वामपन्थी बुद्धिजीवी तथा राजनीतिज्ञहरूको समेत दिमागमा राज्य र बजारको भूमिकाबारे आफ्नो पुरानो विश्वास र सोचमै पनि परिवर्तन आयो । सोभियत संघको विघटन र पूर्वी युरोपेली राष्ट्रहरूमा स्थापित समाजवाद ढले पछि बजार र राज्यलाई हेर्ने र कार्यान्वयन गर्नेमा ठूलो परिपर्तन देखापर्‍यो । पश्चिमा मुलुकका लेवर पार्टीहरू, डेमोक्र्याटिक पार्टीहरू, नन्मार्क्ससिष्ट सोसिएलिष्ट पार्टीहरू रातारात एन्थोनी गिडेन्सले सुझाएको तेस्रो बाटो (thirdway) हिड्ने उदघोष गरे । मूलतः तिनीहरू दक्षिणपन्थी नवउदारवादको मूलप्रवाहमै गएर मिसिए । वास्तवमा आजको लोकप्रियतावाद (populism) को जरो त्यहीनेर भेटिन्छ । यसरी आम रूपमा विगत चालिस वर्षदेखि संसारमा सामाजिक न्याय अत्यन्त कमजोर बन्न पुग्यो । नवउदारवाद मृत्युसैयामा छटपटाइरहेको छ र हामी फेरी सामाजिक न्यायमा कसरी फर्कने भन्ने बहस गरिरहेका छौं । वास्तवमा यो विश्वव्यापी रूपमै छलफल र बहसको एजेण्डा बन्दै गइरहेकोछ ।

### समृद्धि र सामाजिक-न्याय (?)

अनियमन, वित्तियकरण, लोककल्याणकारी राज्यको विघटन, संस्थागत नगरिएको श्रम बजार, कर्पोरेट तथा क्यापिटल ट्याक्समा भारी कटौती, फ्ल्याट ट्याक्सको उत्पत्ति र विस्तार, वैदेशीक पुँजीको वेपर्वाह आवत-जावत, नवउदारवादी पुँजीवादका प्रमुख विशेषताहरू रहे । विश्वव्यापीकरणको माहोलमा नेपाल अलगथलग बस्ने कुरा थिएन । सन् १९८५ को डिसेम्बरमा राजाको प्रत्यक्षशासन अन्तर्गत रहेको कथित पञ्चायतले विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्राकोषको सहयोगमा नेपालले उदारीकरण थाल्यो । सन् १९९२ मा पहिलो जनआन्दोलन पछि पहिलो आमनिर्वाचन मार्फत स्थापित भएको नेपाली कांग्रेसको सरकारले दोस्रो चरणको उदारीकरण प्रक्रियालाई ब्युँतायो । उदारीकरण सँगसँगै, निजीकरण र भूमण्डलीकरणका नियोलिबरल एजेण्डामा नेपाल पनि गाँसियो । विगत २७ वर्षमा हामी कहाँ पुग्यौं ? नेपाल कहाँ पुग्यो ?आर्थिक, सामाजिक राजनैतिक र संस्कारगत हिसावले?

सबै कुरा नेगेटिभ छन् भन्ने मात्र होइन । प्रत्येक वर्ष प्रकाशित हुने तथ्य तथ्यांकहरूमा उद्धित गरिएका तथ्यलाई सत्य मान्ने हो भने आमरूपमा विकास हुँदै भएन भन्ने पनि होइन । आर्थिक वृद्धिदर नउकासिएको भन्ने पनि होइन । तर कति नागरिकको? कुन वर्ग र तहको? तथ्यांकमामात्र होइन नेपालका नवउदारवादी अर्थशास्त्री, कथित वाम तथा प्रजातान्त्रिक सरकारका सरकारी नीति निर्माताहरूले दाबी गरेझैं, अहिले कम्तीमा हरेक जिल्लाका पुराना सदरमुकामहरू (एउटा बाहेक) मोटरेबल सडकहरू जोडिएका छन् । प्रायः सबै जिल्लाहरूमा हवाई मैदान रहेछन् । हिजोका गाविस आजका अधिकांश राजनीतिक वडाहरूमा कम्तीमा हाईस्कूल खोलिएका छन् । अहिलेका प्रायस सबै गाउँपालिकाहरूमा वाणिज्य बैंकहरूका साखा खोलिएका छन् । सबै पूर्व गाविसहरूमा टेलिफोन जोडिएका छन् । हात हातमा मोबाईल छन् । सबैजसो मानिसका खुट्टामा जुत्ता नभए पनि चप्पल र एकसरो कपडा लगाउने हैसियत बढेको देखिन्छ । वर्तमान सरकारले त चीन र भारत जोड्ने चुच्चे रहेको कल्पनालाई यथार्थमा टुङ्ग्याउन योजनाबद्ध विकास कार्यक्रम र सहकार्य थालेको जानकारी दिएको छ । ठूला नदीहरूमा पानीजहाज चलाएर बंगालको खाडीसँग जोड्दै भूपरिवेष्टिमूलक नरहने एजेण्डा अगाडि सारेको छ । सरसरती तथ्यांक र योजना हेर्दा कहीँ निरास हुनु पर्ने कहीँ ठाउँ छैन ।

तर कति दिगो र भरपर्दो? आज सम्मको विकासको मूल्य कसले कसरी चुकाइरहेकोछ? अर्थात् कसको मूल्यमा आर्थिक वृद्धि

भइरहेको छ? कसले मूल्य चुकाएको भरमा कुन वर्गको समृद्धिमा चारचाँद लागिरहेको छ भन्ने प्रश्न महत्त्वपूर्ण हुन आउँछ । यिनै कसीमा सामाजिक न्यायको अवस्था के छ ? भन्ने बुझ्न सकिन्छ । सामाजिक न्याय भनेको के हो ? सामाजिक न्याय कसरी खुट्याउने ? माथि यस विषयमा धेरै सैद्धान्तिक वैचारिक, ऐतिहासिक विवेचना गरी सकिएको छ । वर्तमान नेपालमा सामाजिक न्यायलाई हेर्ने ऐना देशको म्याक्रो इकोनोमिक इण्डिकेटरहरूमै हो । अर्को शब्दमा नेपाल प्रति वर्ष श्रम बजारमा झण्डै ५ लाख ८० हजार हार ाहारीको श्रमशक्तिको खपत कहाँ हुन्छ अर्थात् रोजगारी कुन क्षेत्रमा गर्छन् ? दोस्रो, ५ वर्ष उमेर समूहदेखि २५ वर्ष उमेर समूहका बालबालिका र युवाहरूको शैक्षिक अवस्था कस्तो छ ? नेपालले आफ्नो मानवीय विकास कसरी गरिरहेको छ ? आम मानिसहरूको स्वास्थ्यउपचारको प्रवन्ध कसरी मिलाइएको छ ? आम नेपालीको आयआर्जनको क्षेत्र कुन हो ? कृषिको आधुनिकीकरण र औद्योगिकरण कसरी भइरहेछ? कृषि उपजमा ह्रास किन देखा परिरहेको छ ? व्यापार घाटा किन प्रत्येक वर्ष चुलिँदै किन गएको छ ? मुलकको आर्थिक अवस्था किन दिगो र भरपर्दो हुनुको साटो संकटग्रस्त देखिएको छ ? हेर्ने त यी नै आँखाबाट हो । केही तथ्यहरूलाई हेरौं ।

शिक्षामा माद्यमिक विद्यालयको कक्षा दशसम्मको कुल टिकाउ दर ५८.५ प्रतिशत रहेको छ । तर कक्षा १२ को टिकाउ दर २२.२ प्रतिशतमात्रै । आधारभूत तह (कक्षा १–८) ९३ जना विद्यार्थीमध्ये २२ जनामात्र कक्षा १२ मा टिकाउ हुनु भनेको के अचम्म लाग्दो आँकडा होइन? को टिक्छन् र को टिक्दैनन् भन्ने कुरा के आर्थिक, वर्गीय, जातीय, भाषिक आधारमा खोजिनु आवश्यक छैन? छ भने भन्न सकिन्छ, नेपालको सामाजिक न्यायको आधार खस्कदो छ । कक्षा १२ को हालत यस्तो छ भने उच्च शिक्षाबारे अनुमान लगाउन सकिन्छ त्यस्को हालत । नेपालमा १२५ अस्पताल, २०३ प्राथमिक स्वास्थ र ३,८०५ स्वास्थ चौकी सार्वजनिक स्वास्थ्य पुऱ्याउने हेतुले क्रियाशील छन् । ३ करोड जनसंख्या भएको नेपालमा २,६४० डाक्टर, २०, ६५३ नर्स अनमी तथा १४ हजार ३४७ हेल्थ असिष्टेन्ट तथा स्वास्थ्य सहायकहरूले सेवा पुऱ्याइरहेका छन् (आर्थिक सर्वेक्षण २०७५/७६) । यी स्वास्थ्यकर्मिहरूमध्ये आधा राजधानी, आधाको आधा प्रदेश राजधानी र सहरहरूमा तथा आधाको पनि आधा ग्रामीण क्षेत्रमा सेवा पुऱ्याउँदै गरिएको अवस्था हो । अधिकांश ग्रामीण स्वास्थ्य चौकीहरूमा आधारभूत औषधी नरहेको तथ्यहरू समाचारका रूपमा प्रकाशित भईनै रहन्छन् । केही वर्षदेखि प्रधानमन्त्रीहरू, मन्त्री र उच्चपदस्थ अधिकारीहरूको स्वास्थ्य चेकअप तथा उपचारका लागि बाह्यगमनले भएका असप्ताल तथा स्वास्थ्य चौकीहरूमाथिको विश्वास त्यसै पनि टुट्न थालेको छ । आम मानिस निजी क्षेत्रका अस्पतालबाट स्वास्थ्य सेवाबाट लिन नसक्ने, सरकारी वा सार्वजनिक अस्पतालहरू डाइभेष्ठमेन्ट अर्थात अलगानीको सिकार हुने कुराले सामाजिक न्याय कसरी कमजोर हुँदैछ भन्ने देखिन्छ ।

उत्पादनमूलक क्षेत्रको योगदानको हिसाव गर्ने हो भने झन् कहालीलाग्दो तस्बिर देखिन्छ । दुई तिहाई नजिक रहेको श्रमशक्ति कृषिमा रहेकोछ र तर कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान जम्मा २६.९८ प्रतिशत रहेको छ । यो तथ्यांक आफैमा ब्यङ्ग्य जस्तो लाग्छ । राष्ट्रिय आर्थिक वृद्धि लगभग ७ प्रतिशतले भइरहँदा कृषि क्षेत्रमा योगदान पुऱ्याइरहेका श्रमशक्तिको कुल गार्हस्थ उत्पादनमा यो गदान घटेपछि त्यो बताइएको राष्ट्रिय जीडीपी वृद्धि दरले आमा मजदुरलाई कसरी मद्दत पुऱ्याउन सक्छ? कृषि क्षेत्रको योगदान घट्ने तर श्रमशक्ति भने त्यही क्षेत्रमा ज्युँका त्युँ रहिरहने हो भने आर्थिक समानता र सामाजिक न्यायको कसरी कल्पना गर्न सकिन्छ ?

२०७४/७५ सम्म ४३ लाख ६५ हजार ४१५ वैदेशिक रोजगारमा गएको तथ्यांक प्रस्तुत गरिए पनि यो तथ्यांकभन्दा दोब्बर बढी मानिसहरू वैदेशिक रोजगारमा रहेका छन् भन्ने स्वतः अनुमान लगाउन सकिन्छ । किनकी भारतीय सिमाना खुला छ र भारतमै रोजगारी गर्नेहरू र भारत भएर तेस्रो मुलुक गएका व्यक्तिहरूको तथ्यांक उपलब्ध छैन । आमरूपमा वैदेशिक रोजगारीको अवसर पनि विश्वव्यापी मन्दी, क्षेत्रीय राष्ट्रहरूबीच युद्ध र अविश्वास आदि कारणले घट्दो छ । मुलुकभित्रै रोजगार व्यवस्थापन गर्नु पर्ने चाप चुल्हिदो छ ।

सामाजिक तथा आर्थिक विषमताको यो चाप नेपालमा अहिले देखिएको समस्यामात्रै होइन । यो वर्षौं वा दशकौं अघि देखिको चाप हो । यो चापको मूल कारण सामाजिक अन्यायको कारणले नै हो । सामाजिक अन्याय भनेको उत्पादनका साधनमाथिको वितरणमा देखिएको असमानता (जल, जंगल, जमिन, उद्योग, व्यापारमाथिको असमान स्वामित्व), शिक्षा, स्वास्थ्य रोजागारी वितरणको असमानता, राजनीतिक सामाजिक संस्थाहरूमा प्रवेशको समस्या । यस्ता आम समस्याको बीच समृद्धिको कसैले कल्पना गर्दछ भने केही मुठीभर मानिसहरूको समृद्धीमात्रै हुन जान्छ । केही मानिसको समृद्धि आम मानिसमा सैद्धान्तिकरूपमा दाबी गरिए अनुसार चुहिदैन अर्थात् ट्रिकलडाउन हुँदैन ।

देशमा बहुदल आयो, गणतन्त्र स्थापित भयो, केन्द्रिकृत राज्यको ठाउँमा संघीय राज्यव्यवस्था गरियो । तर पनि सामाजिक न्याय हुने गरी राज्यको राज्यमा रहेको सम्पत्तिको न्यायोचित वितरण हुन सकेन । अर्को शब्दमा राज्यको आर्थिक तथा सामाजिक पुनर्संरचना सामान्य मान्छेको हकमा हुनसकेन । दलित, महिला, सीमान्तकृत, जनजाति, जो यो मुलुकको बहुसंख्यक नागरिक हुन् उनीहरू यी सबै खाले सामाजिक तथा आर्थिक क्षेत्रमा रहेको असमानताबाट पीडित छन् । जबसम्म बहुसंख्यक मानिस राज्यको स्रोत र साधनबाट बञ्चित रहन्छन्, साँचो अर्थमा स्वाधिन हुन सक्तैन ।

आज फेरी पनि असन्तुष्टिहरू चुलिँदै छन् । किनकि, आम जनअपेक्ष पुरा गर्ने राजनीकि र संस्थागत प्रयत्न नै गरिएका छैनन् । पुरानै सिद्धान्त, पुरानै ढाँचा, पुरानै संस्थागत परिपाटी र पुरानै आचरण दोहोरिँदैछ । विश्वव्यापी समस्याको चाप, वातावरणीय र पर्यावरणीय क्षयीकरण, अशिक्षा र अस्वस्थ्यताको वातावरण, आम गरिबी र दरि द्रतामो विस्तार नैपालमा भईनै रहेकोछ । पुँजीवाद खासगरी क्रोनी

क्यापिटालिष्ट नियोलिबरलिजम नेपालको माग होइन र सामाजिक न्याययुक्त मार्गचित्र कोर्ने व्यवस्था बन्न सक्तैन ।

## कार्यपत्रमाथि टिप्पणी

### प्रा. डा. चैतन्य मिश्र

कार्यपत्र प्रस्तुतकर्तासँग सहमत भई सम्पूर्ण जनसंख्यामा समानता रहेको खण्डमा मात्र देश समृद्ध हुनसक्छ । देशको मुख्य नारा भनेको "समृद्धिमा सामाजिक न्याय" भनेर उल्लेख गरिएको छ । दलित तथा सीमान्तकृत समुदाय सम्पन्न नभएसम्मको देश समृद्ध हुन सक्दैन । त्यसैले दलितको इतिहास र दलित आन्दोलनलाई बेवास्ता गरिनु हुँदैन ।

### मा. निरादेवी जैरू

सामाजिक न्याय सहितको समृद्धिको मार्गचित्रको विषयमा कुरा गर्दा, हामीले नेवार समुदायको इतिहास जीविकोपार्जनको कुरा मनुस्मृति र वेदको कुरा ल्याउदा स्वभाविक रूपले Ambedkar ले गरेको भूमिका, नेपालमा दलितको इतिहास, पृथ्वीनारायण शाहको एकीकरणमा दलित समुदायको भूमिका लगायतका कुरा हामीले भुल्न हुँदैन ।

हाम्रो परम्परागत पेशा व्यवसायलाई संरक्षण गर्दै मर्यादित बनाउन आवश्यक छ । राजनीतिलाई गरी खाने भाँडो बनाइनु हुँदैन । क्षमतावान् युवा, कार्यदक्षता भएका व्यक्तित्वलाई प्राथमिकतामा राखेर अवसर दिइनु पर्दछ, तबमात्र समृद्धि सहितको सामाजिक न्यायको अनुभुत गर्न सकिन्छ । शिक्षा, स्वास्थ्य, राजनीति, प्रशासनलगायत सबै क्षेत्रमा दलित, जनजाति, मुस्लिम, अल्पसंख्यक तथा पिछडिएका वर्गको समान सहभागिता अपरिहार्य छ । सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि सबै समदायबीच बृहत् छलफल हन जरूरी देखिन्छ ।

### प्रा. अशोक गुरुङ

दक्षिण एसियामा पर्ने हाम्रो जस्तो देशमा सामाजिक न्याय जस्तो गहन विषयलाई मार्क्सवादी सिद्धान्तले मात्र व्याख्या गर्दा अपर्याप्त हुन्छ । समाज बुझ्न र खासगरी दक्षिण एसियाली देशको सन्दर्भमा मार्क्सको महत्त्व आफ्नै ठाउँमा रहेको छ । तर समाज रूपान्तरण तथा सामाजिक न्यायको विषयमा अन्य तत्त्वहरूको भूमिका पनि त्यत्तिकै रहेको छ ।

## समूह विभाजन

दलित जनप्रतिनिधिहरू तथा प्रदेश स्तरीय विशिष्ट समस्याहरू के हुन सक्छन् भन्ने उद्देश्यले सहभागी जनप्रतिनिधिहरूबीच समूह विभाजन गरी छलफललाई अगाडि बढाइएको थियो । दलित/सांसद जनप्रतिनिधिको अनुभव आदनप्रदान गर्ने सत्रमा मा. मीनबहादुर विश्वकर्माले सहजीकरण गर्नु भएको थियो । यस राष्ट्रिय सम्मेलनमा वर्तमान अवस्थामा संघीय, प्रदेश र स्थानीय दलित जननिर्वाचित प्रतिनिधहरूले दलित भएकै कारण भोग्नु परेका समस्या र अवरोधहरू उपर बहस गरिएको थियो । साथसाथै, समाधानका उपाय निकाल्न प्रयास गरिएको थियो । जसले गर्दा, ती समस्याहरूको प्रभावकारी कार्यान्वयमा थप टेवा पुऱ्याउने उद्देश्य रहेको थियो ।

## समूहगत प्रस्तुतिका लागि दिइएका प्रश्नहरू

१) दलित समुदायका जनप्रतिनिधिले भोगिरहेका साझा सवालहरू के-के हुन् ?
२) समाधानको लागि के गर्नु पर्दछ ?
३) के कस्ता चुनौतीहरू छन् ?

यस सत्रमा राष्ट्रिय सभा सदस्य, प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका प्रमखु तथा उपप्रमुख, मेयर/अध्यक्ष, उप-मेयर/उपाध्यक्ष सहितको समूह विभाजन गरी प्रत्येक समूहमा ७ जना सहजकर्ता तोकिएको थियो । साथै, समूहमा संघ, प्रदेश र स्थानीय सरकार विशेषतः जाति, लिङ्ग, भूगोललाई प्राथमिकता दिई हरेक क्षेत्रबाट एउटा समूह बनाई ३ जनाले प्रतिनिधित्व गर्ने गरी प्रस्तुति दिनुपर्ने व्यवस्था गरिएको थियो ।

### प्रदेश नं. १

(१ जना सहजकर्ता र ३ जना प्रस्तुतकर्ता )

सहजकर्ता : खड्गबहादुर परियार, संयोजक, जिल्ला समन्वय समिति, उदयपुर
प्रस्तुतकर्ता : उमिता विश्वकर्मा, प्रदेश सभा सदस्य, प्रदेश नं. १
यज्ञकुमारी रूचाल, उपाध्यक्ष, चौबिसे गाउँपालिका, धनकुटा
सोम पोर्तेल, संयोजक जिल्ला समन्वय समिति, झापा




उक्त छलफलमा जननिर्वाचित प्रतिनिधिहरूले संवैधानिक, राजनैतिक, वैचारिक ज्ञानको कमि, सामाजिक, आर्थिक र शिक्षाको पहुँचमा कमि भएको र दलितमैत्री बजेट विनियोजन हुन नसकेको समस्याहरूलाई महत्त्पूर्ण सवाल र चुनौतीको रूपमा प्रस्तुत गरेका थिए । यसैक्रममा यिनै समस्याको समाधानका लागि दलित जनप्रतिनिधिहरूले जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ बारे संक्षिप्त जानकारी हुनु पर्ने, रोजगारको अवसर निर्माण गर्नुपर्ने, स्थानीय, प्रदेश र संघमा दलित सवालसम्बन्धी वकालत र बहस गर्न आवश्यक रहेको जानकारी दिएका थिए ।

### प्रदेश नं. २

(१ जना सहजकर्ता र ३ जना प्रस्तुतकर्ता)

सहजकर्ता : मा. चमेलीदेवी दास, प्रदेश सभा सदस्य, प्रदेश नं. २
प्रस्तुतकर्ता : तीर्थमाया मण्डल खत्वे, उपाध्यक्ष, तिरहु गाउँपालिका, सप्तरी
मा. सुन्दर विश्वकर्मा, प्रदेश सभा सदस्य, प्रदेश नं. २
मा. रामपृत पासवान, राष्ट्रिय सभा सदस्य



यस समूहमा प्रदेश नं.२ मा संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूबीच समन्वय नभएको, दलित प्रतिनिधिहरूको विचार विमर्शलाई गैरदलित प्रतिनिधिहरूले फितलो रूपमा हेरेको, भूमि, नागरिकता र रोजगारका मुद्दाहरूलाई सम्बोधन नगरेको, राजनैतिक दलहरूमा समेत दलित मुद्दाहरू आन्तरीकरण हुन नसकिरहेको जस्ता समस्याहरूलाई प्रस्तुत गरिएको थियो । साथै, यी समस्या र चुनौतीहरूको समाधानको उपायका लागि जननिर्वाचित प्रतिनिधिहरूले महत्त्वपूर्ण जिम्मेवारी बहन गरी राष्ट्र तथा समाजको लागि प्रेरणादायिक उदाहरण पेश गर्ने, संविधान संशोधनको लागि पहल गर्ने, नीति निर्माण योजना र बजेट विनियोजनको बारेमा प्रशिक्षण लिने, दलित मुद्दामा आ–आफ्नो राजनीतिक दलमा आवाज उठाउने जस्ता उपायहरू आवश्यक रहेको जानकारी दिइएको थियो ।

## प्रदेश नं. ३

(१ जना सहजकर्ता र २ जना प्रस्तुतकर्ता)

सहजकर्ता : कृष्णबहादुर नेपाली, सामाजिक अभियन्ता
प्रस्तुतकर्ता : मा. कल्पना नेपाली, प्रदेश सभा सदस्य, प्रदेश नं. ३
मा. मैना अछामी, प्रदेश सभा सदस्य, प्रदेश नं. ३



यो समूहमा प्रदेश नं.३ को सन्दर्भमा प्रदेश स्तरीय सरकार गठन हुँदा, दलित प्रतिनिधि नहुनु, संघ, प्रदेश र स्थानीय तहमा दलित प्रतिनिधिको न्यून सहभागिता हुनु, दलित कार्यक्रमको लागि कम बजेट विनियोजन हुनु जस्ता समस्याहरू प्रस्तुत गरिएको थियो । त्यस्तै, ती समस्याको समाधानका लागि समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको प्रभावकारी कार्यान्वयनको लागि पैरवी गर्ने, बजेट विनियोजन दलितमैत्री हुन आवश्यक रहेको कुरा जानकारी गराइएको थियो ।

## गण्डकी प्रदेश

(१ जना सहजकर्ता र ३ जना प्रस्तुतकर्ता)

सहजकर्ता : मनोहर विश्वकर्मा, संयोजक, जिल्ला समन्वय समिति पर्वत
प्रस्तुतकर्ता : सविता रसाइली, उप–मेयर, सुक्लागण्डकी नगर पालिका, तनहुँ
मा. दोबाटे विश्वकर्मा, प्रदेश सभा सदस्य, गण्डकी प्रदेश




मा. खिमकुमार विश्वकर्मा, राष्ट्रिय सभा सदस्य

गण्डकी प्रदेशको सन्दर्भमा सघीय, प्रदेश तथा स्थानीय सरकारका जनप्रतिनिधिहरूबीच समन्वय नभएको, दलित प्रतिनिधिहरूबीच नयाँ संरचना र प्रणालीहरूबारे कम बुझाई रहेको, दलित समुदायभित्र आन्तरिक विभेद रहेको र बजेट विनियोजनमा सहभागिता नगराएको जस्ता समस्याहरू प्रस्तुत गरिएको थियो । त्यसैगरी, सबै तहका प्रतिनिधिहरूसँग पैरवी गर्ने, निर्वाचित दलित सदस्यहरूको क्षमता अभिवृद्धि हुने तालिम तथा प्रशिक्षण कार्यक्रम गर्नु पर्ने, बजेट निर्माणमा प्रभावकारी सहभागिताको लागि वकालत गर्न आवश्यक रहेको जस्ता उल्लेखित समस्या समाधानका उपायहरू जानकारी गराइएको थियो ।

## प्रदेश नं. ५

(१ जना सहजकर्ता र ३ जना प्रस्तुतकर्ता)

सहजकर्ता : मा. कमलादेवी बि.क., प्रदेश सभा सदस्य, प्रदेश नं. ५
प्रस्तुतकर्ता : मा. माला गोतामे, प्रदेश सभा सदस्य, प्रदेश नं. ५
सुन्दरमती कुमारी हरिजन, उपाध्यक्ष, ओमसतीया गाउँपालिका, रूपन्देही
जितेन्द्रमान नेपाली, संयोजक, जिल्ला समन्वय समिति, दाङ



प्रदेश ५ मा समग्र समस्याको रूपमा दलित प्रतिनिधित्व स्वीकार नगर्ने, निर्णायक समितिमा दलित प्रतिनिधिलाई बहिष्कार गरेको, दलित महिला सदस्यको आवाज सुनुवाइ नभएको, जातीय आधारमा हुने भेदभाव तथा छुवाछूतका मुद्दाहरू सम्बोधन नगरिएको जस्ता समस्याहरू प्रस्तुत गरिएको थियो ।

त्यसैगरी, यी समस्याको समाधानका निम्ति दलित प्रतिनिधिहरूको समग्र व्यक्तित्व विकासका लागि क्षमता विकास कार्यक्रम गर्नुपर्ने, निर्णय प्रक्रियामा दलित प्रतिनिधिहरूको प्रभावकारी सहभागिताका लागि पैरवी गर्नुपर्ने, दलित प्रतिनिधिहरूबीच नियमित बैठकहरू गरी एकताको भाव उजागर गर्न जरूरी रहेको, नवनिर्वाचित दलित महिला सदस्यहरूको अधिकारको निमित्त प्रभावशाली वकालत गर्न आवश्यक रहेको, राष्ट्रिय तथा अन्तरराष्ट्रिय मानव अधिकारको मापदण्डबारे प्रशिक्षण कार्यक्रमको आवश्यकता रहेको जस्ता समाध(ानका उपायहरू जानकारी गराइएको थियो

## कर्णाली प्रदेश

(१ सहजकर्ता र २ जना प्रस्तुतकर्ता)

सहजकर्ता : मा.रातो कामी, प्रदेश सभा सदस्य, कर्णाली प्रदेश
प्रस्तुतकर्ता : मैना विश्वकर्मा, उप-मेयर, गुर्भाकोट नगरपालिका सुर्खेत
मा. दानसिंह परियार, प्रदेश सभा सदस्य, कर्णाली प्रदेश




कर्णाली प्रदेशको समूहको प्रस्तुतिमा दलित प्रतिनिधित्वलाई कार्यकारी भूमिकामा सहभागी नगराएको, दलित प्रतिनिधिहरूको स्रोतमा पहुँच कमि रहेको, दलित आन्दोलनमा गतिशील नेतृत्वमा कमि रहेको, दलितमैत्री कार्यक्रम र बजेट नभएको जस्ता समस्याहरू राखिएको थियो ।

साथै, यी समस्याहरूको समाधानका लागि दलित कार्यक्रमा सबैको चासो र समर्थन हुन जरूरी, समानुपातिक सहभागिताको लागि राष्ट्रियस्तरमा वकालत हुन आवश्यक रहेको, दलितमैत्री कार्यक्रम र बजेटको लागि राष्ट्रियस्तरमा दबाब सिर्जना गर्न आवश्यक रहेको जस्ता उपायहरू जानकारी गराइएको थियो ।

## सुदूरपश्चिम प्रदेश

(१ जना सहजकर्ता र ३ जना प्रस्तुतकर्ता)

सहजकर्ता : श्याम सुनार, कार्यपालिका सदस्य, बझाङ
प्रस्तुतकर्ता : बीरबहादुर सुनार, मेयर, महाकाली नगरपालिका, कञ्चनपुर
शशी सोब, उपाध्यक्ष, जिल्ला समन्वयन समिति, डोटी
मा. शान्ति नेपाली, प्रदेश सभा सदस्य, सुदूरपश्चिम




प्रदेश

यस प्रदेशको समूहले सुदूरपश्चिम प्रदेशमा दलित प्रतिनिधित्वलाई स्वीकार गर्न कठिन रहेको, आफ्नै समकक्षीबाट जातीय विभेदको सिकार हुनु परेको, निर्णय प्रणालीमा दलित सदस्यहरूलाई सहभागी नगराइने जस्ता समस्याहरू प्रस्तुत गरको थियो ।

दलित प्रतिनिधिको व्यक्तित्व विकासका लागि क्षमता विकास कार्यक्रमहरू केन्द्रबाटै ल्याउन आवश्यक रहेको, जातजन्य विभेदका विरूद्ध कानुनी परामर्श तथा थप कारबाहीका आवश्यक पर्ने जस्ता समाधानका उपायहरू जानकारी गराइएको थियो ।

समग्रमा, सबै प्रदेशबाट दलित सांसद/जनप्रतिनिधिहरूको अनुभव उस्ता उस्तै भएता पनि दलित सवाल, चुनौती, समस्या फरक रहेको छ । आगामी दिनमा यस्ता समस्याको समाधान उपर विशेष ध्यान दिन जरूरी छ ।

## संविधान, संघीयता र निर्वाचन प्रणालीः दलित हितको कोणबाट विवेचना

कार्यपत्र : प्रा. डा.कृष्ण हाछेथु, राजनीतिशास्त्री
सहजकर्ता : प्रकाश नेपाली, कानुन व्यवसायी (समता फाउण्डेशन)
टिप्पणीकार : पूर्णमान शाक्य, वरिष्ठ अधिवक्ता
मा. सीता नेपाली, प्रदेश सभा सदस्य, कर्णाली प्रदेश




प्रा.डा. कृष्ण हाछेथुले संविधान संघीयता र निर्वाचन प्रणालीमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आफ्नो कार्यपत्रमा आफ्ना अनुभवहरू र पत्रपत्रिकामा आएका समाचारका साथै आफ्नो ३० वर्षको प्राज्ञिक कामको आधारमा दलित दृष्टिकोण निमार्ण गर्न सके को उल्लेख गर्दै कार्यपत्रको सुरूवात गरेका गर्नु भएको थियो । कार्यपत्र तल दिइएको छ ।

### पृष्ठभूमि

लेखको सुरूवात यही भाद्र ६ गते कान्तिपुरको मुख्य पृष्ठमा छापिएको दिपक परियारको रिपोर्टिङ्ग गर्दछु, जसको विषयवस्तु पोखरा महानगरपालिकाका केहीं दलित जनप्रतिनिधिहरूले भोगेको पीडा थियो । जातीय विभेद, उनीहरूलाई गरिने सम्बोधन, व्यवहार, कार्यविभाजनमा देखियो । सँगै जोडिएर आउँछ, उनीहरूको अनुभूति र अनुभव, जस्तैः सरोकारवाला नेतृत्वले दलित जनप्रतिनिधिको क्षमतामाथि विश्वास नगर्ने, उनीहरूको अग्रसरतामा बनेका योजनालाई बेवास्ता गर्ने, सानातिना जिम्मेवारी दिएर पन्छिने, अवसरहरू आउँदा गैरदलितलाई प्राथमिकता दिने आदि । यो व्यथा पोखराको मात्र होइन देशभरिकै जीवन्त कथा हो भन्ने कुरा स्थानीय निर्वाचन लगत्तै ६ वटा नवनिर्मित गाउँपालिका/नगरपालिकाको अध्ययनक्रममा लेखेको डायरीको पानाहरूमा भेटिए । केहीं कथा/व्यथाहरू यस्ता छन्ः

### घुतमा सार्की

(दलित महिला वडा सदस्य, चन्दननाथ नगरपालिक, जुम्ला)

उनी आफूले भोगेका जातीय विभेदको सूची लामो छ । चारवटा उदाहरणहरू यसप्रकार छन् । एक, आफ्नो घर दलित बस्तीमा, जोडिएको छिमेकी ठाउँ बाहुन गाउँ, समस्या खानेपानीको । उपभोक्त समिति गठन गर्दा दलितलाई पनि राखेको थियो तर खानेपानी वितरण गर्दा बाहुनबस्ती सम्ममात्र पाइप विछ्याइयो । तर्क के गरियो भने बाहुन र दलितले एउटै पाइपको पानी खानु हुँदैन रे । दुई, एउटा ग्रामीण सडक निर्माण, योजना बनाउँदा दलित बस्ती हुँदै सिधै अगाडि बढ्ने तर निर्माण गर्दा दलित बस्ती नछोई घुमाएर लगे । किनभने, तथाकथित उच्च जातकाले दलितको आँगन हुँदै यात्रा गर्न हुँदैन रे । तीन, पहिलो नगरसभा बस्दा ६ जना गैरदलित सदस्यले सँगै खान इन्कार मात्र गरेनन्, उनीहरूले खाना खर्च पनि मागे । दिनु हुँदैन भनेर हामी करायौं, तर उनीहरूलाई खुसुक्क पैसा दिए । चार, वडाध्यक्षले वडा विकास योजना पेश गरेको रहेछ तर यसको लागि बैठक बसेको जानकारी सम्म आफूलाई छैन ।

### अप्सरा साशंकर

(दलित महिला वडा सदस्य, वडा ३, खाल्साछिन्ताङ सहिदभूमि गाउँपालिका, धनकुटा)

गाउँ सभाको बैठकमा दलितको विषयमा धेरै कुरा राखें, जस्तैः जातीय भेदभावको अन्त्य, दलितलाई निःशुल्क शिक्षा, छात्रवृत्ति, रोजगारी, सीपमूलक तालिम, सुलभ ऋण आदि इत्यादि । तर पारित नीति र बजेटमा यी कुराहरू आएनन् । वार्षिक नीतिमा के छ र बजेटमा के के कुरा छ भनेर पूर्वजानकारी नै भएन, किनभने ती विषयसँग सम्बन्धित कागज नै हामीले हेर्न र पढ्न पाएनौं ।

### मनिषा कुमारी देवी

(दलित महिला वडा सदस्य, वडा १०, जनकपुर उप-महानगर पालिका, धनुषा)

यो वडामा दलित तीन परिवार मात्र छन् । आफूलाई त केही थाहा नाई, तर वडा सदस्य बनियो । अब के गर्नुपर्छ भन्ने पनि थाहा छैन । मनमा त छः छुवाछूतविरूद्ध सामाजिक सुधार होस्, दलितले पनि पढ्न पाओस्, इलम गर्न पाओस्, राम्रो खानलाउन पाओस् । तर यो हुन्छ कि हुँदैन थाहा छैन ।

माथिका तीन प्रतिनिधिमूलक केशहरूमा पहिलोमा खस-आर्य, दोस्रोमा जनजाति र तेस्रोमा मधेसी प्रभुत्व भएका ठाउँ/संस्थाले सिद्धान्त र व्यवहारबीचको अन्तर देखाउँछ । पहिले सिद्धान्त कै कुरा गरौं जुन संविधानमा उल्लेखित छ ।

## नेपालको संविधान र दलित

नेपालको संविधान (२०७२) अहिलेसम्म बनेका सबै संविधानहरू भन्दा प्रगतिशील र अग्रगामी दस्तावेज हो । यद्यपि यसका केही प्रावधानहरूमा त्यसमा पनि खासगरी संघीय संरचनाको सवालमा जनजाति र मधेसीको रिजर्भेसन छ । नयाँ संविधान यस अर्थमा नौलो होइन कि यसले सबै नेपालीलाई कानुनको दृष्टिमा समान मानेको छ । यस्तो प्रावधान त २००७ को अन्तरिम संविधान, त्यसमा पनि खास गरेर २०२० सालको नयाँ मुलुकी ऐनमा पनि थियो, जसलाई पछि बनेका सबै संविधानहरूले पनि स्थापित गरे ।

निःसन्देह नागरिकको हिसावले सबै नेपाली समान छन् तर खासखास समुदायको सदस्यको कोणबाट हेर्दा असमान छन् । अर्थात् जातजातिगत रूपमा नेपालीहरू असमानताको धरातलमा बसेका छन् । मानव विकास सूचाङ्कले त्यही भन्छ । यसको राष्ट्रिय औसत ०.४९० तर दलितको ०.४४६ मात्र । मानव विकास सूचाङ्कमा पछि पर्नु भनेको शिक्षा, स्वास्थ्य, आय जस्ता आधारभूत आवश्यकताबाट वञ्चित हुनु हो । यसलाई गरिबीको सूचाङ्कले पनि पुष्टि गरेको छ । गरिबीको रेखामुनि रहेका जन संख्या२५ प्रतिशत तर दलितको सन्दर्भमा यो संख्या४४ प्रतिशत ।

दलितको सन्दर्भमा जात र वर्ग छुटिँदैन । तसर्थ, जातजातिगत वर्गीय असमानता नै नेपालको मूल समस्या हो । यसलाई कसरी क्रमशः घटाउँदै लगी अन्त्य गर्ने ? यसबारे संविधान बोल्छः समावेशी लोकतन्त्रलाई स्थापित गरेर । कसरी? एक, सामाजिक रूपान्तरण गरेर (जस्तैः धारा २४ को छुवाछूत तथा भेदभाव विरूद्धको हक); दुई, बहिष्करणमा परेका समूहलाई सकारात्मक विभेद गरेर (जस्तैः धारा ३२ को समानताको हकको अपवाद खण्ड); तीन, बहिष्करणमा परेका समूहलाई राज्यका निकायहरूमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी गराएर (जस्तैः धारा ४२ को सामाजिक न्यायको हक); चार, बहिष्करणमा परेका समूहलाई आरक्षण प्रदान गरेर (जस्तैः धारा २८५ को सरकारी सेवाको गठन); पाँच, राष्ट्रिय र प्रादेशिक व्यवस्थापिकामा समानुपातिकबाट निर्वाचित हुने सदस्यहरू जातजातिगत जनसंख्याको आधारमा हरेक समुदायको प्रतिनिधित्व गराएर ।

अन्य बहिष्कृत जातजातिको तुलनामा दलितको लागि नयाँ संविधान एक कदम अगाडि छ, किनभने दलितलाई समावेशी लोकतन्त्रको एक अंशीयार मानेको छ । अर्थात् दलित आफैमा एक राजनीतिक कन्स्टीटुयन्सी हो, यसको प्रतिनिधित्व सबै तहको निर्वाचित संस्थामा (वडादेखि केन्द्रीय व्यवस्थापिका सम्म) हुने व्यवस्था छ । स्थानीय सरकारको गठनमा महिला र अल्पसङ्ख्यकको जस्तै दलितको पनि प्रतिनिधित्व ग्यारेन्टी गरेको छ । यो सुविधा जनजाति र मधेसीलाई छैन । साथै संविधानले नै दलितको लागि पहिचानजनित अधिकारको व्यवस्था गरेको छ । मौलिक हक र कर्तव्य खण्डको धारा ४० मा दलितको सातवटा अधिकार सूचीकृत गरेको छ, जुन यस समुदायको सामाजिक, आर्थिक र राजनीतिक सशक्तीकरणसँग जोडएको छ । यसभित्र निःशुल्क शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा, परम्परागत पेशाको विकास लगायत भूमिहीनलाई जमिन र अवासविहीनलाई घर सम्मको व्यवस्था पर्दछ । साथै, राज्यका सबै निकायमा समानुपातिक समावेशी सहभागिता पनि दलितको मौलिक हक भनेर व्यवस्था गरेको छ ।

तर, के माथि उल्लेखित प्रगतिशील र अग्रगामी संवैधानिक प्रावधानहरू अर्थपूर्ण रूपमा कार्यान्वयन भएको छ त ? यस सर्न्दभमा, पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईको भनाई सान्दर्भिक छ । उहाँ भन्नु हुन्छ, 'यो संविधान आधा पानीले भरिएको गिलास हो' । संविधान हाँक्ने ड्राइभर समावेशी लोकतन्त्रप्रति प्रतिवद्ध भए यो अगाडि बढ्छ, होइन भने पछाडि फर्कन्छ । स्थिति कस्तो छ त ? निश्चय पनि तलदेखि माथिसम्म व्यवस्थापिका अङ्गमा दलितको उल्लेखनीय भौतिक उपस्थिति छ –यद्यपि, जनसंख्याको अनुपात भन्दा कम छ) । तर यो मूलतः बोल्ने ठाउँ हो । दाडुपनिउँ त कार्यपालिकामा हुन्छ तर केन्द्रीय मन्त्रिपरिषद्मा एकजना मात्र दलित छ; कुनै पनि प्रादेशिक मन्त्रिपरिषद्मा दलितको उपस्थिति छैन । के यो समावेशी लोकतन्त्रको उपहास होइन त ? राज्य संघीय र संविधान कार्यान्वयनमा कर्मचारि तन्त्र, न्यायपालिका र सुरक्षा अङ्ग (सेना र प्रहरी) को भूमिका महत्त्वपूर्ण हुन्छ तर यी निकायमा दलितको उपस्थिति धेरै न्यून छ ।

समावेशी लोकतन्त्रको रथ गतिहीन भएको अरू दृष्टान्तहरू पनि छन् । भाषा आयोगको गठन म्याद नाघ्ने लाग्दा भयो । ६ वर्षे अवधिको यो आयोग गठन भएको ३ वर्ष नाघिसक्दा पनि एक सदस्यीय (अध्यक्ष मात्र) रूपमै रहेको छ । संविधान घोषणा भएको ४ वर्ष पुग्न लाग्दा मात्र केहीं नयाँ संवैधानिक आयोगको (मधेसी, थारू, मुस्लिम, समावेशी) अध्यक्ष मनोनित हुन्छ । तर सदस्यहरूको भएको छैन । महिला, आदिवासी जनजाति लगायत दलित आयोग अहिलेसम्म पनि पदाधिकारीविहीन नै छन् । दलित हक शीर्षकभित्र परेका विषयहरूमा जोडिएर आएका शब्द हो 'कानुनबमोजिम' । के यी सबै विषयमा कानुन बनेको छ त? यदि छ भने त्यो संविधानको मर्मअनुरूप भयो कि भएन । सकारात्मक विभेदको हकदारको समूह २२ छ । त्यस्तै समानुपातिक समावेशीको हकदार पनि १७ छ । सबै लाई एउटै बक्सामा मिसाउनु भनेको चलखेल गर्न सजिलो पार्नु हो । धारा ४२ मा उल्लेखित सामाजिक न्यायको हकको जसरी कार्यान्वयन/दुरूपयोग भइरहेको छ, त्यसलाई हेर्दा समानुपातिक समावेशी भन्ने कुरा बाध्यकारी नभई राज्यसत्ता सञ्चालकहरूको स्वेच्छिक हुन गएको छ । स्थानीय र प्रादेशिक सरकारका कर्मचारीह(रूको नियुक्तिको लागि हालै लोकसेवा आयोगले निकालेको विज्ञाप(नले संघीयता र समावेशीताको खिल्ली उडाएको छ ।

केही यस्ता नीतिगत विषयहरू पनि छन्, जसमा दलित आन्दोलनको दृष्टि नै पुगेको छैन । जस्तैः स्थानीय स्वायत्त शासन ऐन २०५६ ले स्थानीय सरकारको कुल बजेटमा ३५ प्रतिशत लक्षित वर्गको लागि व्यवस्था गरेको थियो । दलित पनि यसबाट लाभान्वित हुने समुदाय हो । तर यो नीतिगत समावेशी प्रावधानलाई नयाँ स्थानीय स्वशासन

ऐनले निल्दा पनि दलित मौन रहनु अच्चमको विषय हो । अर्को उदाहरण, संविधानको धारा ५६ (५) ले व्यवस्था गरेको विशेष संरचना र यसभित्र दलित क्लस्टरमा दलित विशेष क्षेत्रको परिकल्पना । यो प्रावधान लागू भएमा माइक्रो तहमा दलित क्लस्टरको आर्थिक विकासमा एक कदम त अगाडि बढ्थ्यो होला । तर स्थानीय तह लगायत विशेष संरचना गठन गर्ने म्यान्डेट पाएका आयोगले संविधानले निर्दिष्ट गरेको जिम्मेवारी पुरा नगर्दा पनि यसबारे किन दलित मौन छ । सम्भवतः विशेष संरचनाको विचार संघीयतासँग जोडिएर आएकोले होला ।

## संघीयता र दलित

कुरा नचपाइकन भन्नुपर्दा सत्य के हो भने दलित त्यसमा पनि खास गरेर पहाडी दलितको लागि संघीयतारूचीको विषय नै होइन रहेछ । बहसको प्रारम्भ जातीय संघीयताको मागबाट भयो र यसलाई तत्कालीन माओवादी, जनजाति संघ/संस्था र मधेसीले उग्र रूपमा उठाए । तर पहिलो संविधानसभाको राज्य पुनःसंरचना समिति र त्यसपछि बनेको राज्य पुनःसंरचना आयोगले पहिचानजनित संघीयताको खाका प्रस्ताव गरी मध्यमार्ग अपनाए । प्रस्तावित पहिचानजनित संघीयतालाई जातीय संघीयताभनेर अतिरञ्जित रूपमा नकारात्मक प्रचार गरे । समिति र आयोगले कोरेको संघीय खाकामा गए सामाजिक सद्भाव बिग्रने र त्यसले देश नै टुक्रिने सम्मको अफवाह फैलाए । यसबाट पहाडी दलित प्रभावित हुन पुगेको देखिन्छ । पहिचानजनित संघीयतार जातीय संघीयताबीचको भेद नबुझेर वा बुझे पनि बुझपचाएर अधिकांश पहाडी दलित अभियन्ताहरू पनि खस–आर्य कै लहलहमा लागे । परिणाम नयाँ संविधानले मूलतः भौगोलिक आधारमा बनाएका ७ प्रदेश सहितको संघीय संरचना अपनाए ।

हुन त संघीय खाका पहिचानजनित होस् या भौगोलिक, दलितको लागि यो बाँदरको पुच्छर लौरो न हतियार जस्तो हो । राज्य पुनःसंरचना समितिबाट प्रस्तावित १४ प्रदेशको संघीय खाका र नयाँ संविधानले अवलम्बन गरेको ७ प्रदेशको संघीय संरचना, यी दुवैमा दलितको छुट्टै पहिचान र हित स्पष्ट छैन । यद्यपि, आयोगले शिल्पी प्रदेशको सम्भावनाबारे खोजी गरेको थियो, मूलतः अहिलेको कर्णाली प्रदेश र प्रदेश–२ को भूगोलभित्र । दुर्भाग्य बलियो आधार भेटाउन सकिएन, किनभने दलित बस्तीको भौगोलिक निरन्तरता कोर्दै जाँदा पनि कहिँ कतै दलित बाहुल्य स्थान भेटिएन । फलतः विकल्पको खोजीमा आयोगले गैर–भौगोलिक दलित प्रदेश प्रस्ताव गरे । योजना आयोगको दस्तवेजमा दलित शीर्षकमा राखिएका विषयहरू यसको क्षेत्राधिकार भनेर संविधानको अनुसूचीमा लिपिबद्ध गर्न सकिन्थ्यो । संघीय नेपालमा दलितको पनि आफ्नै छुट्टै राजनीतिक स्पेस होस् भने सदासयताकासाथ यो प्रस्ताव आएको थियो । गैर–भौगोलिक प्रदेशको व्यवस्था भएको भए देशभरका दलितलाई संस्थागत रूपमा गोलबन्द गर्न सकिन्थ्यो । एउटा राजनीतिक फोरम बन्थ्यो, जसले दलित सरोकारका विषयहरूलाई वैधानिक रूपमा सम्बोधन गर्ने हैसियत राख्दथ्यो । यस्तो गहन जिम्मेवारी बहन गर्ने काम सरकारको सीमित बजेटमा चल्ने दलित आयोगबाट सम्भव छैन । तर अरू त अरू कतिपय दलित अभियन्ताहरूलाई पनि गैर–भौगोलिक दलित प्रदेशको प्रस्ताव स्वीकार्य भएन ।

## निर्वाचन प्रणाली र दलित

राज्य पुनः संरचना समिति होस् या यस प्रयोजनको लागि बनाइएका आयोग होस्, दुबैको मान्यता के रह्यो भने दलितको राजनीतिक सशक्तीकरणको प्रमुख हतियार भनेको राज्यसत्तामा यो समुदायको अधिकतम प्रतिनिधित्व । तसर्थ, दुबैले सबै तहको (स्थानीय, प्रादेशिक र केन्द्रीय) सरकारमा दलितको प्रतिनिधित्व जनसंख्याको अनुपातको अतिरिक्त थप केही सीट हुनु पर्छ भनेर सिफारिस गरेका थिए । तर दुर्भाग्य यो कुरा नयाँ संविधानमा स्वीकार गरिएन । संविधानमा व्यवस्था भए अनुसार विभिन्न तहको निर्वाचित संस्थामा दलितको प्रतिनिधित्व यस प्रकार छन् :

| | | |
|---|---|---|
| क. वडा समिति | : | दलित महिला वडासदस्य १ । |
| ख. गाउँ/नगरसभा | : | हरेक वडाबाट निर्वाचित दलित महिला सदस्य । |
| ग. गाउँ/नगरपालिक | : | अप्रत्यक्षरूपमा निर्वाचित २/३ (अल्पसंख्यकसहित) । |
| घ. जिल्ला समन्वय समिति | : | १ (अल्पसंख्यकसहित) । |
| ङ. प्रदेशसभा | : | समानुपातिकको लागि छुट्याएको कुल सिटमा जनसंख्याका अनुपातमा (सबै प्रदेशको कुल २२० सीटमा २९ जना) । |
| च. प्रतिनिधिसभा | : | समानुपातिकको लागि छुट्याएको कुल ११० सिटमा १६ जना (१४००) । |
| छ. राष्ट्रियसभा | : | हरेक प्रदेशबाट एक एक जना गरी ७ । |

पहिलो संविधानसभाको चुनावदेखि नेपालले मिश्रित (बहुमतीय र समानुपातिक) निर्वाचन पद्धति अपनाउँदै आएको छ । त्यसभन्दा पहिले बहुमतीय अर्थात् पहिलो हुने निर्वाचित हने प्रणाली थियो । यो प्रणाली बहिष्करणमा परेका समुदायको लागि अनुकूल छैन भन्ने कुरा के बाट पनि पुष्टि हुन्छ भने संविधानसभा भन्दा पहिले भएका ६ वटा आम निर्वाचनमा केवल २०४८ को संसदीय चुनावमा एक जना मात्र दलित निर्वाचित भए । यो प्रणालीले निरन्तरता पाएको भए अहिले पनि प्रतिनिधिसभामा ३ जना र प्रादेशिकसभामा (७ वटै प्रदेशको) ४ जना मात्र दलित हुन्थ्यो । बहुमतीय पद्धतिबाट मात्र निर्वाचित हुने स्थानीय तहमा दलितको नगन्य उपस्थितिले पनि के भन्छ भने यो प्रणाली दलितमैत्री छैन (हेर्नुस्ः तालिकाको उप–शीर्षक १) । निश्चय पनि समानुपातिकले प्रदेशसभा र प्रतिनिधिसभामा दलितको उपस्थिति उल्लेखनीय बनाउन सघाउ पुर्‍याएको छ (हेर्नुस्ः तालिकाको उप–शीर्षक २) । तर यहाँनिर दुई कुरा स्मरणीय छ । एक, समानुपातिक

दलितमैत्री छ तर यसको भार कुल सदस्य संख्यामा ६० प्रतिशतबाट (संविधानसभा) ४० प्रतिशतमा (प्रतिनिधि सभा र प्रादेशिकसभा) झरेको छ। दुई, समानुपातिकबाट प्रतिनिधित्व गर्ने व्यवस्था दलितको लागि मात्र होइन, सबै जातजातिको लागि हो, वर्चस्वशाली खस-आर्यको लागि पनि हो। तसर्थ, यो दलितको लागि प्राथमिक वा विशेष वा अतिरिक्त अधिकार होइन। तर फेरी पनि समानुपातिक दलितमैत्री नै छ। पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जान पाए त झन् सुनमाथि सुगन्ध थपिन्छ, किनभने यसले निर्वाचित संस्थामा दलितको प्रतिनिधित्व धेरै बढ्ने छ (हेर्नुस्: तालिकाको उप-शीर्षक ४)। यस प्रणालीबाट मात्र मौलिक हक खण्डमा उल्लेखित दलितको समानुपातिक समावेशी हकले सार्थकता पाउने छ। तर अहिलेको परिस्थितिमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको पक्षमा निर्वाचन पद्धति फेर्न सकिएला जस्तो त लाग्दैन। पूर्ण समानुपातिक निर्वाचन प्रणाली दिर्घकालीन लक्षको रूपमा जीवित त रहला, तर हाललाई कसरी समावेशी लोकतन्त्रलाई फराकिलो पार्न सकिन्छ भनेर मन्थन गर्नु नै व्यवहारिक होला।

## निर्वाचित संस्था/पदाधिकारीमा दलितको प्रतिनिधित्व

| निर्वाचित संस्था | १. बहुमतीय | | २. समानुपातिक | | ३ जम्मा | | ४. पूर्ण समानुपातिक भए |
|---|---|---|---|---|---|---|---|
| | कूल संख्या | दलित | कूल संख्या | दलित | संख्या | दलित | दलित संख्या |
| वडाध्यक्ष | ६,७४३ | १९७ | - | - | ६,७४३ | १९७ (२.९०) | ९२४ |
| गाउँपालिका अध्यक्ष | ४६० | १ | - | - | ४६० | १ (०.८६०) | ६४ |
| गाउँपालिका उपाध्यक्ष | ४६० | १६ | - | - | ४६० | १६ (३.५०) | ६४ |
| नगरपालिका मेयर | २९३ | ६ | - | - | २९३ | ६ (१.३०) | ४१ |
| नगरपालिका उप-मेयर | २९३ | ११ | - | - | २९३ | ११ (३.८०) | ४१ |
| प्रदेशसभा सदस्य | ३३० | ४ | ११० | २९ | ५५० | ३३ (६०) | ७५ |
| प्रतिनिधि सभा सदस्य | १६५ | ३ | २२० | १६ | २७५ | १९ (७०) | ३८ |

**स्रोतः समता फाउण्डेसन। २०७५। संघ, प्रदेश र स्थानीय तह निर्वाचनमा दलित। काठमाण्डु : समता फाउण्डेसन।**

### उपसंहार

गन्तव्य, संविधानको धारा ४० (१) मा उल्लेखित प्रावधानः- "राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ"। जुन प्रावधानमा समावेशी शब्द छ तर समानुपातिक छैन- जस्तैः केन्द्रीय र प्रादेशिक मन्त्रिपरिषद्को गठनविधि, राजदूत, संवैधानिक अङ्गलगायत राजनीतिक नियुक्तिबाट पदपूर्ति गर्ने पदाधिकारी- त्यसमा दलितलाई अवसर दिने गरेको छैन। कहिँकतै छ भने त्यो नाम मात्रको। तसर्थ, ती प्रावधानहरूमा 'समानुपातिक समावेशी' प्रतिनिधित्व बाध्यकारी हुने गरी संशोधन गर्न गराउन दबाब दिनु पर्ने देखिन्छ। यो कुरा न्यायपालिकाको सन्दर्भमा पनि लागू हुन्छ। साथै, राष्ट्रपति र उपराष्ट्रपति, प्रतिनिधि सभाका सभामुख र उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष र उपाध्यक्ष, प्रादेशिक सभाका सभामुख र उपसभामुख भिन्नाभिन्नै जातजातिबाट निर्वाचित हुने प्रावधान थप्न पाए, त्यसले दलितको लागि पनि उच्चपदमा जाने बाटो खुला र सहज हुन्छ। यी कुराहरू तब सम्भव हुन्छ, जब बहिष्करणमा परेका अरू समुदाय लगायत दलितले राजनीतिक शक्ति आर्जन गर्दछ।

सबै शक्तिको उपल्लो शक्ति राजनीतिक शक्ति । राजनीतिक सशक्तीकरणका विविध विधिहरूमा ककस एउटा महत्त्वपूर्ण माध्यम हो । घट्नाहरूले यो कुरा सावित गरेको छ । विभिन्न राजनीतिक दलहरूमा आबद्ध जनजाति अगुवाहरूले सशक्त दबाब नदिँदो हो त अन्तरिम संविधान जनजातिमैत्री हुँदैनथ्यो होला । मधेस आन्दोलनको बेला सङ्क्रमणकालीन संसद्मा विभिन्न दलका प्रतिनिधित्व गर्ने सबै मधेसी सांसदहरूले संयुक्त प्रयास नगरेको भए, त्यो आन्दोलन तार्किक निष्कर्षमा नपुग्न पनि सक्थ्यो । त्यस्तै संविधानसभाका दलित सभासद्हरूले गरेका लबीको कारणले गर्दा मदन परियार उच्चस्तरीय राज्य पुनःसंरचना सुझाव आयोगको अध्यक्ष बन्न सम्भव भयो । पहिलो संविधानसभामा जनजाति ककस सक्रिय हुँदा पहिचानजनित संघीयताको विचारले भाउ पायो । दोस्रो संविधानसभामा यो ककस नहुँदा सजिलोसित भौगोलिक संघीयता लादियो ।

आस गर्ने ठाउँ छ । वडा देखि केन्द्रीय तहसम्म निर्वाचित सबै दलित जनप्रतिनिधिले वैयक्तिकरूपमा समाजमा आफ्नो हैसियत बढेको महसुस गरेका छन् । सबैमा एउटा इच्छाशक्ति पनि छ कि आफ्नो समुदायको हितको लागि केही गरौं । तर कसरी गर्ने भन्ने विषयमा मेसो नपाएको देखिन्छ । वास्तवमा निर्वाचित दलित जनप्रतिनिधिको तीनवटा भूमिका हुन्छ : पहिलो, व्यक्तिगत भूमिका, जसले आफ्नो निर्वाचन क्षेत्रको विकासप्रति उत्तरदायी बनाउँछ, दोस्रो, दलगत भूमिका, जसले आफ्नो दलको नीति/निर्णयबाट बाँडिन पुग्छ, र तेस्रो, सामुदायिक भूमिका, जसले आफ्नो समुदायको हितमा काम गर्न अभिप्रेरित गर्दछ । नीति निर्माणमा दलितको सहभागिता सुनिश्चित गर्ने विधि भनेको ककसको व्यवस्था हो । ककस आफैमा एउटा राजनीतिक स्पेस हो । यसको मूल चरित्र दबाब समूहको जस्तो हुन्छ । सामुदायिक भूमिका निर्वाह गर्ने वैधानिक प्लेटफर्म भनेको ककस मात्र हो । अन्यथा समावेशी बनोट प्रतिनिधित्वमा मात्र सीमित हुन्छ, सहभागितामा रूपान्तरित हुँदैन । सहभागिता बिनाको प्रतिनिधित्व हुनु भनेको तमसुकको किनारामा साक्षी बन्नुमात्र हुन्छ । यस्तो साक्षीले केही लाभ पाउँदैन । ककसबिनाको समानुपातिक प्रतिनिधित्वले समावेशितालाई आलङ्कारिक मात्र बनाउँछ र यसको लाभ नेताको आसेपासेले मात्र पाउँदछ । सरोकारवाला समूह त्यसबाट वञ्चित हुन्छ । तसर्थ, कामना गर्दछु कि दलित ककस बनोस्, त्यो संसदमा मात्र होइन कि प्रादेशिक व्यवस्थापिकामा पनि होस् । साथसाथै, यस्तो संयन्त्र हरेक गाउँ/नगरपालिकामा पनि बनोस् ।

## कार्यपत्रमाथि टिप्पणी

### पूर्णमान शाक्य

दलित र जनजातिका आन्दोलन नितान्त फरक छ, किनकी जनजातिको आन्दोलन पहिचान अर्थात् थाकथलोको हो । त्यसैले, यिनीहरूको उद्देश्य फरक छ । दलित पनि बाह्मण क्षत्री झैं नेपालभरि रहेकोले यिनीहरूको टेरिटोरियल कहाँ बनाउने भन्ने र संघीयता कसरी लैजाने भन्नेमा फरक रहेको थियो । साथै, यो सविधान जनपक्षीय भन्दा पनि सीमित व्यक्तिले होटल, रिसोर्टमा बसेर बनाएकोले जनताका आवाजहरू नसुनिएको हो । अब कम्तिमा १४ प्रतिशत दलित समुदायको लागि हरेक क्षेत्रमा छुट्याउनु पर्ने दबाब दिन आवश्यक देखिन्छ। निर्वाचित भइसकेका जनप्रतिनिधिहरूले आफ्नो अधिकार सुनिश्चिताको लागि आफ्नो अडान लिनुपर्ने आवश्यकता छ । हामी जुन तहमा छौं, त्यही तहबाट आफ्नो समुदायलाई केन्द्रमा राखेर उनीहरूका समस्या समधानका लागि कसरी जानुपर्छ भन्ने कुरा ध्यान राख्न आवश्यक देखिन्छ । राजनीति भन्दा बाहिर रहेका नागरिक समाज, गैससले आफ्नो मुद्दा स्थापित गर्नको लागि स्थानीय देखि संघीय तहसम्म प्रेसर गर्न आश्यकक देखिन्छ ।

### मा.सीता नेपाली

पहिलो संविधान सभाले तय गरेका सबै विषयवस्तुलाई दोस्रो संविधान सभाले हुबहु लागू गरेको भए, अहिले संविधानमा भएको व्यवस्था भन्दा फरक तर सीमान्तकृत समुदायको पक्षमा हुने थियो । तथापि, अहिलेको संविधानले पनि दलित, महिला र सीमान्तकृत समुदायको पक्षमा केहि व्यवस्थाहरू गरेको छ । उपलब्ध व्यवस्थाहरूलाई प्रभावकारी कार्यान्वयनमा लिन सकियो भने पनि जनताको हितमा काम गर्न सकिने देखिन्छ । अहिलेको निर्वाचन प्रणालीको बारेमा धेरै व्याख्या भएको छ । म यसमा धेरै बोल्न चाहन्न । तर दलित समुदायको प्रतिनिधित्व जति हुनुपर्ने, त्यति हुन सकेन । यहि निर्वाचन प्रणालीमा जाने हो भने पछि पनि आशा गरे अनुसारको प्रतिनिधित्व हुने संभावना छैन । जबसम्म पूर्ण समानुपातिक समावेशिता लागू हुँदैन, तबसम्म यस्तै हुन्छ ।

अहिलेको प्रतिनिधत्वलाई हेर्ने हो भने पनि प्रत्यक्ष र समानुपातिक बीचमा नै विभेदको महसुस हुन्छ । सांसदबीच नै विभेदको सिर्जना भएको छ भने अन्यत्रको कुरा नै नगर्दा हुन्छ । संविधानको बारेमा कार्यपत्रले नै धेरै बोलेको छ, धेरै भन्न उचित ठान्दिन । तर एउटा कुरा मात्र के भने यदि नेपालमा भूकम्प नगएको भए संविधान जारी हुने अवस्था थिएन । जारी भएको भए पनि केहि समय लिन्थ्यो । अब सानो संख्यामा भए पनि हामी सबै तहमा छौं, आ–आफनो तहमा पूर्णरूपमा संविधान कार्यान्वयनको लागि कानुन निर्माण होस् या नीति तथा कार्यक्रममा आफ्ना कुराहरू आफ्ना मुद्दाहरू जोड्दार रूपमा उठाउन आवश्यक देखिएको छ ।

## नीतिगत छलफल

### ग्लेन डि. ब्राडबरी




नीति आफैमा वैधानिक कानुन होइन, यसले केवल संघ, संगठनका उद्देश्यहरूको प्रतिनिधित्व मात्रै गर्ने भएकोले नेपालको संविधानको धाराहरूमा उल्लेख भएका प्रावधानलाई कार्यान्वयन गराउनु राष्ट्रिय दलित संगठनले नीति बनाउनु पर्छ। जनप्रतिनिधिहरूले आफू जुनसुकै दलमा आब भएता पनि दलित जनताको अधिकारलाई दलभन्दा माथि राख्नु पर्दछ।

राष्ट्रिय नीति तय गर्नु पूर्व लक्ष्य निधारण गरी कसका लागि र किन भन्ने बुझ्नु पर्दछ। दलित समुदायको उत्थानका लागि विशिष्ट नीति बनाई संविधानमा उल्लेखित कुरालाई कार्यान्वयन गराउन सक्नु पनि नीतिभित्र नै पर्ने कुरा हो । सरकारका सबै नीतिहरू सम्पूर्ण जनतालाई सर्वमान्य हुँदैन । तसर्थ, नीति अवलम्बनका लागि र ाज्यको कुन तहबाट कस्तो पहल गर्दा नीति पारित गर्न सकिन्छ भन्ने बुझ्न जरूरी छ। कुनै नीति स्थानीय तहमै पारित गर्न सकिन्छ भने कुनै प्रदेश र केन्द्रीय सरकारसम्म पनि पहल गर्नुपर्ने हुन्छ । अतः जनप्रतिनिधिहरूमा आफ्नो नीतिबारे स्पष्टताको खाँचो छ।

सरकारले नीतिगतरूपमा आफ्नो समर्थन दिए पनि जबसम्म ऐन कानुन बनेर त्यसको कार्यान्वयन हुँदैन, त्यसलाई सफल मान्न सकिन्न। यसकारण कानुन बन्न र कार्यान्वयनमा जोड दिन सक्नुपर्छ । यसकुरालाई जोड दिनको लागि अन्तर्राष्ट्रिय समर्थन लिएर अन्तर्राष्ट्रिय स्तरबाट दबाब दिएमा सरकारले पनि समर्थन गर्न बाध्य हुन्छ।

दलित संगठनले रणनीति तयार गर्दा विरोधीको पहिचान गरी आफ्ना सबल र राम्रा पक्षहरू अगाडि राख्न सक्नुपर्छ। यसका साथै, दलित हक, अधिकारका लागि आन्तरिक रूपमा अरू संघ/संस्थाको सहयोग लिएर ऐक्यब भई आम संञ्चारको माध्मबाट योजना अगाडि बढाउन जरूरी छ। हरेक नीतिबाट केहि न केहि सन्देश दिइएको हुन्छ । र यी सन्देशमूलक सूचनालाई रेडियो, पत्रपत्रिकामार्फत निरन्तर एक्यबद्धताद्वारा आफ्ना कुरामा अडान लिनसक्नु पर्छ। दलित संगठनले आफ्ना नीतिको सुनिश्चिताका लागि दलित समुदाय भन्दा बाहिर पनि समर्थन जुटाउन सक्नुपर्छ, जसका लागि देशका ठूला व्यवसायीहरूको पनि समर्थन जुटाउन सक्नुपर्छ।

अन्त्यमा, नेपालको संविधान एकदमै उत्तम खालको छ, तर यसलाई कार्यान्वयनमा ल्याउन सकेमात्रै संघीयतामा दलितले आफ्ना हक र अधिकारलाई सुनिश्चित गर्न सक्छ । त्यसैले सम्पूर्ण जनप्रतिनिधिहरूलाई आफ्नो कार्यक्षेत्रमा गई दत्तचित्त भई लक्ष्य प्राप्तिको निम्ति मेहनत र लगनका साथ कार्य गर्न मेरो आग्रह छ।

## दलित महिला जनप्रतिनिधि : भूमिका र चुनौती

| | | |
|---|---|---|
| प्रस्तुति | : | दुर्गा सोब, नेतृ |
| सहजकर्ता | : | सुवर्ण पाण्डे, सामाजिक अभियन्ता |

टिप्पणीकर्ता

| | | |
|---|---|---|
| मा. उमिता बराइली | : | प्रदेश सभा सदस्य, प्रदेश नं. १ |
| मा. चमेली देवी दास | : | प्रदेश सभा सदस्य, प्रदेश नं. २ |
| मा. कल्पना नेपाली | : | प्रदेश सभा सदस्य, प्रदेश नं. ३ |
| मा. जुना देवी नेपाली | : | प्रदेश सभा सदस्य, गण्डकी प्रदेश |
| मा. रिना नेपाल बि.क. | : | प्रदेश सभा सदस्य, प्रदेश नं. ५ |
| मा. राजु नेपाली | : | प्रदेश सभा सदस्य, कर्णाली प्रदेश |
| मा. दुर्गा बि.क. | : | प्रदेश सभा सदस्य, सुदूरपश्चिम प्रदेश |
| मा. विमला विश्वकर्मा | : | संघीय सांसद, प्रतिनिधि सभा |
| मा. विमला बि.क. | : | संघीय सांसद, प्रतिनिधि सभा |
| मा. लक्ष्मी परियार | : | संघीय सांसद, प्रतिनिधि सभा |



समता फाउन्डेशनद्वारा आयोजित राष्ट्रिय सम्मेलनः दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका शीर्षकमा दुई दिने गोष्ठी अन्तर्गत एसियन दलित अधिकार फोरमकी उपाध्यक्ष श्री दुर्गा सोबले दलित महिला जनप्रतिनिधिको भूमिका र चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। यस सत्रमा सहजकर्ताको भूमिकामा सुवर्ण पाण्डे हुनुहुन्थ्यो। कार्यपत्रमा दलित महिलाको अवस्था, दलितमध्ये

पनि महिला भएर जनप्रतिनिधिको भूमिका निर्वाह गर्दा सामना गर्नु परेका चुनौती तथा अप्ठ्यारा र उनीहरूका लागि कस्ता अवसर हुन सक्छन् जस्ता सवालहरू समेटिएको थियो । उहाँको प्रस्तुतिको पूर्ण विवरण तल दिइको छ ।

### दलित महिलाको अवस्था

- नेपालको कुल जनसंख्यामा करिव ५१.५ प्रतिशत महिलाको जनसंख्या रहेकोमा १३.८ प्रतिशत जनसंख्या दलित समुदायको रहेको छ । जसमध्ये करिव ५० प्रतिशत भन्दा बढि दलित महिलाहरू पर्दछन् ।
- नेपालको महिला जनसंख्याको करिव २० प्रतिशत जनसंख्या ओगटेका दलित महिलाहरू आज एक्काइसौं शताब्दीमा पनि जातीय तथा लैंगिक विभेदको दोहोरो शोषण र गरिबीको मारमा वर्षौंदेखि विभेद र उत्पीडनको जीवन जीउन बाध्य छन् ।
- नेपालमा दलित महिलाहरू सदियौंदेखि सामाजिक, सांस्कृतिक रूपमा अपहेलित, आर्थिक रूपमा पहुँचविहिन, शिक्षाबाट वञ्चित, नीति निर्माणमा तहमा पहुँच तथा प्रतिनिधित्व न्यून र सेवा सुविधाबाट टाडा छन् ।
- नेपालको भौगोलिक विविधतासँगै विभिन्न क्षेत्रमा बस्ने दलित महि( लाका समस्या फरक छन् । जस्तैः बोक्सीको आरोप, धर्म, संस्कृतिको नाममा छाउपडी प्रथा, हलिया प्रथा, खलो प्रथा, बाल विवाह, दलित महिलाहरूले भोग्नु परेका समस्याहरू हुन् । त्यस्तै दलित महिलाभित्रका बादी महिलाहरूले सम्मानित मानवीय जीवन जिउन पाएका छैनन् । त्यसैले दलित महिलाका समस्यालाई सिङ्गो रूपमा भन्दा पनि भिन्दाभिन्दै केलाउनु आवश्यक छ ।

### जनप्रतिनिधिका रूपमा दलित महिलाको उपस्थिति

| क्र.सं. | पद | जम्मा | दलित पुरुष | दलित महिला | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पहिलो संविधान सभा (२०६४) | ६०१ | २५ | २५ | ८.१३ | |
| २ | दोस्रो संविधान सभा (२०७०) | ६०१ | १९ | २२ | ६.६५ | |
| ३ | प्रतिनिधि सभा | २७५ | ६ | १३ | ६.९ | |
| ४ | राष्ट्रिय सभा | ५९ | ७ | ० | ११.९ | |
| ५ | प्रदेश सभा | ५५० | ९ | २४ | ६ | |
| ६ | मेयर | २९३ | ६ | ० | २.०४७ | |
| ७ | उप-मेयर | २९३ | ० | ११ | ३.८ | |
| ८ | अध्यक्ष | ४६० | १ | ० | ०.२१ | |
| ९ | उपाध्यक्ष | ४६० | १ | १५ | ३.५ | |
| १० | वडा अध्यक्ष | ६७४३ | १९७ | ० | ३.९ | |
| ११ | वडा सदस्य | | ७९७ | | ५.११ | |
| १२ | दलित महिला वडा सदस्य | ६७४३ | | ६५६७ | ९४.४ | |

### जनप्रतिनिधि दलित महिलाका लागि अवसरहरू

- मूलधारको राजनीतिमा संलग्नता ।
- स्थानीय, प्रदेश, संघ तहमा दलित महिलाको प्रत्यक्ष सहभागिता ।
- महिला र दलितका पक्षमा कानुन निर्माण गर्ने ठाउँमा पुग्नु ।
- महिला र दलितको सामाजिक, सांस्कृतिक अधिकार सुनिश्चित गर्नका लागि काम गर्ने अवसर प्राप्त ।
- दलित महिलाले ठूलो संख्यामा एकैपटक स्थानीय तहमा जनप्रतिनिधि हुन पाउनु ।
- दलित समुदायलाई समाजले हेर्ने दृष्टिकोण केही सकारात्मक बन्दै जानु ।
- दलित अधिकारको लागि काम गर्न कानुनी र संवैधानिक अधिकार व्यवस्था वडा सदस्य पदमा निर्वाचित दलित महिलाहरू माध्यम हुन सक्छन् ।
- वडाको विकास निर्माणको निर्णय गर्ने ठाउँमा दलित महिला पुग्नु ।
- योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन जस्ता विकास निर्माण र व्यवस्थापनका कार्यमा प्रतिनिधित्व हुन पाउनु ।

## चुनौती र अप्ठ्याराहरू

- दलित महिलाको पक्षमा भएको वर्तमान व्यवस्थालाई जोगाइराख्न ठाडो चुनौती ।
- दलित महिला प्रतिनिधिलाई कमजोर र काम गर्न नसक्ने व्यक्तिको रूपमा हेर्नु ।
- दलित पुरूष र आम महिलाले दलित महिलालाई प्रतिस्पर्धीको रूपमा लिनु ।
- स्थानीय दलित महिला जनप्रतिनिधि निराक्षर/अशिक्षित ।
- क्षमतावान दलित महिलाले आफ्नो क्षमताको प्रयोग गर्न नपाउनु र क्षमता भएका दलित महिलालाई कमजोर बनाउने प्रयास गरिनु ।
- दलित महिला सदस्यहरूले भनेको योजना छनौट नहुने, बजेट नछुट्याउने । बरू, उल्टै 'जनप्रतिनिधि भएर दलितको मात्र कुरा गर्ने' भन्ने आरोप लगाउने ।
- वडा अध्यक्षले समन्वय गर्ने भन्ने ऐनमा छ तर भने जसरी समन्वय भएको देखिँदैन ।
- वडा सदस्यको रूपमा नस्वीकारिएको । 'दलित महिला सदस्य' नै भनेर सम्बोधन गर्दा विभेदको महसुस ।
- धाार्मिक कार्यक्रम वा कसैको पूजा, सप्ताह, बिहे, व्रतबन्धमा वडाका अरू ४ जनालाई बोलाउँदा उनीहरूलाई थाहै नदिने ।
- कुर्सी नै फरक, चिया छुट्टै दिने, बैठकको माइन्यूटमा नाम अन्तिममा लेखिदिने ।
- परिवारको राजनीतिप्रतिको कम बुझाईका कारण कतिपयको अनुभवमा घरायसी झैं झगडा हुने, हिंसा खेप्नुपर्ने बाध्यता ।
- जनप्रतिनिधि भनेर सबैतिर जानुपर्दा खर्च बढेर आर्थिक व्यय भार थपिने ।
- सामान्य काम गरेर दैनिक गुजारा चलाउनेहरूका लागि जितेर पनि त्यही काम गर्दा समाजले 'नेता भएर ज्यामी' भनेर हाँसी मजाकमा लिने । काम नगरे झन् समस्या (सिरहाको केस) ।
- जातीयता र लैङ्गिकताको आधारमा हिंसा/विभेद ।
- पारिवारिक सहयोग कम ।
- पर्याप्त सीप र क्षमताको कमि ।
- प्राविधिक विषयमा ज्ञानको कमि ।
- सम्बन्धित राजनीतिक पार्टीले सहयोग नगर्नु ।
- समावेशिताको लागि मात्र प्रतिनिधित्व गराएको ठान्ने ।
- दलित महिला सदस्यलाई पद छ, तर अधिकार छैन को अवस्था छ ।

## स्थानीय सरकार संघीय ऐन २०७४ मा उल्लेख गरिएका विषय

- स्थानीय सरकार संघीय ऐन २०७४ को दफा १६ (१) बमोजिम कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम भनेको हुनेछ, जुन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख हुनुपर्नेछ ।
- सोही दफाको उपदफा ३ मा सो कार्यविभाजन र कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले १५ दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनुपर्ने उल्लेख छ ।
- सो नियमावली नहुन्जेलसम्मका लागि उक्त ऐनको दफा १६ (क, १०) मा गाउँ तथा नगरपालिकाका प्रमुखको काम कर्तव्य र अधिकारमा पनि गाउँपालिका तथा नगरपालिकाको समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने भनिएको छ । (नियमावली बनेको छ कि छैन त ?)
- त्यस्तै (ग) मा वडा अध्यक्षको काम, कर्तव्य र अधिकार भनेर तो किएको छ । जसको (२) नम्बर बुँदामा वडा समितिका सदस्यहरूको समन्वय र सहजीकरण गर्ने भनिएको छ ।
- स्थानीय सरकार संघीय ऐन २०७४ को दफा १२ को (१) बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोक्ने छ । सो नतोकुञ्जेल सम्मका लागि भनेर सोही दफाको उपदफा (२) मा वडा समितिको काम, कर्तव्य र अधिकारको सूची दिइएको छ ।
- जसको (क) वडा भित्रको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन, (ख) तथ्यांक अद्यावधिक तथा संरक्षण, (ग) विकास कार्य, (घ) नियमन कार्य, (ङ) सिफारिस तथा प्रमाणित गर्ने लगायतको पाँचवटा बुँदाअन्तर्गत ८० वटा भन्दा बढी काम गर्ने अधिकार उल्लेख छ । त्यसमा थपघट कार्यपालिकाले गर्न सक्ने अधिकार पनि ऐनले दिएको छ ।

## सञ्चार माध्यमले उजार गरेका दलित महिला जनप्रतिनिधिका समस्या र चुनौतीहरू





# जनप्रतिनिधिमाथि नै जातीय विभेद !



'छुवाछुत कायम, दलित महिला सदस्यको कुर्सी...

NEWS | नेपाली

## 'छुवाछुत कायम, दलित महिला सदस्यको कुर्सी अलग्गै'

20 जुन 2018



बाग्लुङ नगरपालिका-३ की दलित महिला सदस्य रेवती विश्वकर्माले विगतको तुलनामा समाजमा धेरै परिवर्तन भएको बताउँछिन्

स्थानीय तहको हरेक वडामा अनिवार्य रूपमा दलित महिला सदस्य राख्नुपर्ने प्रावधानले यसपालि दलित महिला निर्वाचित भएका छन्।



## दलित महिला वडा सदस्य : 'माइन्यूटमा सही गर्‍यो , घर गयो'

2,709 views

1344 95 1443

स्थानीय सरकारमा निर्वाचित ६ हजार ५०० दलित महिला वडा सदस्य भूमिकाविहीन छन् । एक वडा सदस्यका भनाइमा, 'उनीहरूलाई माइन्यूटमा सही गर्नमा सीमित गरिएको छ ।'


लक्ष्मी खनाल :

**सफलता : 'बोलेरै अधिकार पाएँ।'**

पहिले

- पहिले निर्णयमा सही गर्न मात्र लगाउँथे।
- दलित बस्तीका लागि खानेपानी ल्याउन लक्षित वर्गको बजेट हाल्नु भने।
- वडाले नै गरेको योजनाहरूको उद्घाटनमा कहिल्यै थाहा दिँदैनथे।
- महिलाका लागि बजेट माग गर्दा ३ जना पुरुष मिलेर एक्ल्याउँथे।
- माइन्यूटमा नाम अन्तिममा लेख्थे।
- बोल्छु भन्दा , बैठकमा बोल्न पालो दिन थाले र एक पटक वडाध्यक्षको कार्यभार सम्हालें। (प्रमाणपत्र तह उत्तिर्ण, फेडोको जिल्ला उपाध्यक्ष)

पछि



महिला

## 'वडाध्यक्षको कार्यभार पाएपछि बल्ल जनप्रतिनिधि हुँ जस्तो लाग्यो' –पार्वती भूल



### जनप्रतिनिधिको भूमिका/समस्या समाधानका उपायहरू

- कुनै पनि छलफलमा जनप्रतिनिधिले सक्रियता देखाउने ।
- महिला वडा सदस्यहरूबीच समन्वय र सहयोगको विकास गर्दै मिलेर सहकार्य गर्ने ।
- कुनै पनि निर्णय गर्नुभन्दा पहिले पढ्ने, पढ्न नजान्ने भएमा अरूबाट के विषयमा छलफल हुँदै छ थाहा पाउने ।
- नियमित बैठकमा सहभागी हुने ।
- जनप्रतिनिधि महिलाहरूको सञ्जाल निर्माण गर्ने ।
- संचारसँग समन्वय र सम्बन्ध स्थापना गर्ने ।
- जनताको सहयोग लिएर जातीय छुवाछूत, महिला हिंसा अन्त्यका लागि अभियान संघीय गर्ने ।
- आफ्नो मुद्दालाई निडर भएर उठान गर्ने ।

### सम्बन्धित पालिकाले गर्नुपर्ने काम

- दलित महिला सदस्यको नेतृत्वमा 'जातीय छुवाछूत विरूद्ध अभियान संघीय तथा अनुगमन गर्ने समिति' एवं दलित समुदायको अवस्था अध्ययन समिति गठन गर्ने ।
- काम गर्न सहजीकरणका लागि प्रत्येक पालिकाले १/२ लाखको कोष बनाउन सक्छ ।
- सशक्तीकरणका लागि लक्षित वर्ग बजेट तथा लैंगिक उत्तरदायी बजेटमा प्राथमिकता ।
- दलित समुदायभित्र पनि पछाडि पारिएका जात वा क्षेत्र विशेषको लागि कार्यक्रम ल्याउन पहल गर्ने ।
- जसको सवाल उसको सहभागितामा ध्यान दिने ।
- उनीहरूलाई काम गर्न उत्प्रेरित र हौसला ।
- परिवारिक सपोर्ट होस् भनेर परिवारलाई पनि काउन्सिलिङको व्यवस्था ।

  सल्लाह र सुझावको अपेक्षासहित

### कार्यपत्र माथि टिप्पणी

#### उमिता बराइली

दुर्गा सोबजीले प्रस्तुत गर्नु भएको विषयवस्तु अत्यन्तै सान्दर्भिक छ । अहिलेको संविधानले महिलालाई ३३ प्रतिशत समानुपातिक समावेशितामा दलित महिलालाई पनि एकै ठाउँमा राखेको अवस्था छ । दलित पुरुष भन्दा दलित महिलाको प्रतिनिधित्व छ । पुरूषहरूको नेतृत्व पहिलेदेखि नै राजनीतिमा रहेको तर प्रतिनिधित्व चाहीं महिलालाई बनाइएको छ । त्यसैले, दलित पुरुषमा निराशा छाएको छ । दलित महिला दिदी बहिनीलाई सहयोग नपुगेको हो भन्ने लाग्छ ।

समाजमा मात्र नभई दलित महिलालाई हेर्ने दृष्टिकोण पार्टीमा पनि विभेदित छ । पार्टीमै पुरूषलाई र महिलालाई गरिने व्यवहारमा अन्तर छ । हामीले योजना, बजेटका कुराहरू उठाउँदा नसुने जस्तो गरिन्छ । पुरूष प्रधान देश भएकाले  घरको काम सबै भ्याएर प्रति(नधिको भूमिका निभाउनुपर्छ । तसर्थ, दलित नेताहरूले हामीलाई सहयोग गर्नुपर्छ । काठमाडौंमा मात्र केन्द्रित नभएर प्रदेशतिर पनि ध्यान दिनुपर्ने आवश्यक छ ।

#### चमेली देवी दास

दलित महिलामा पनि सबै भन्दा पिछडिएको मधेसी महिला हो । सरकारको जनगणना अनुसार मधेसी महिलाको जनसंख्या थोरै देखाएको छ, तर वास्तवमा त्यो भन्दा धेरै हामी मधेसी दलित महिला छौं । जनप्रतिनिधि भएर स्थानीय सरकारमा आएता पनि दलित महिलाले के नै गर्न सक्छन् भनेर हाजिर गर्न मात्र दिइने गरिन्छ । कार्यक्रम, योजना र बजेटका कुराहरूमा कहिले संलग्न नगराउने भएकाले हामी जनप्रतिनिधिहरूलाई यसका बारेमा केहि जानकारी हुँदैन । त्यसैले, दलित महिलाको अर्थपूर्ण सहभागिता हुन आवश्यक छ ।

#### कल्पना नेपाली

प्रदेश नं ३ मा समेत जम्मा दुई जना महिला जनप्रतिनिधि छौं । दलित महिलाले भोग्नु परेको विभेद, छुवाछूत तथा अन्याय विरूद्ध समता फाउन्डेशन जस्ता संघ/संस्थाहरूले दलित महिलाका मुद्दामा विशेष कार्यक्रममार्फत निरन्तर सहयोगको अपेक्षा राखेका छौं ।

#### जुना देवी नेपाली

दलित भएकै कारणले म जनप्रतिनिधि भएर काम गर्ने अवसर पाएको छु । हामीले सही तरिकाले जिम्मेवारीको बहन गर्नुपर्ने छ । हाम्रा अग्रजले गरेको संघर्षका कारण यो उपलब्धि हासिल गर्न सफल भएका छौं । तर दलित अधिकार सुनिश्चितताका लागि अझै संघर्ष जारी छ । अब हामीले राज्यले दिएको आरक्षणको सही सदुपयोग गर्नुपर्छ । साथै, युवाहरूलाई क्षमतावान् र आत्मनिर्भर बनाउनु पर्छ । त्यस्तै, प्रभावकारी शिक्षामा जोडदिँदै जेहेन्दार दलित विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ । सामाजिक कुसंस्कार हटाउने कार्यक्रम र परम्परागत व्यवसायको संरक्षणतर्फ पनि ध्यान दिन आवश्यक छ ।

#### रिना नेपाल बि.क.

विभिन्न समुदायबाट आएका जनप्रतिनिधिहरूको सामन्तवादी परम्परा र पितृसत्तात्मक सोचका कारण हामी दलित प्रतिनिधिहरूले नेतृत्व गर्ने अवसर पाएका छैनौं । सरकारले जनप्रतिनिधि बनाएर सम्मान त गऱ्यो तर हाम्रै समकक्षीहरूले सम्मान दिएको अवस्था छैन । दलित जनप्रतिनिधिहरूले संघदेखि स्थानीय तहसम्म राज्यका हरेक कार्यक्रममा प्रतिनिधित्व गर्ने अवसर पाएका छैनन् । उनीहरूलाई प्रतिनिधित्व गराउनु हाम्रो दायित्व हो । संविधानले सुनिश्चित गरेको दलित अधिकारको कार्यान्वियन गर्न विशेष ध्यान दिनु जरूरी छ ।

#### राजु नेपाली

हामी स्थानीय जनप्रतिनिधि भएता पनि हामीले भोग्नुपरेका समस्या धेरै छन्, जस्तैः घरपरिवार व्यवस्थापन, नेतृत्व विकासको कमि, अर्थपूर्ण

सहभागिता नहुनु, हस्ताक्षर मात्र गर्न लगाउने, हामीले भनेको कुराहरू लागू नहुने र हाम्रो सुरक्षामा पनि ग्यारेन्टी नहुनु ।

हाम्रो प्रदेशमा (कर्णाली प्रदेश) ४० जनामध्ये ५ जना दलित प्रतिनिधिहरू छौं । ५ जनामध्ये २ जना प्रत्यक्षबाट र ३ जना समानुपातिकबाट छौं । यस प्रदेशमा २४% दलित छन् । जनसंख्याका हिसाबले ६ जना दलित प्रतिनिधि हुनुपर्ने हो तर एक जनाको संख्या कम छ । हामी यस राष्ट्रिय सम्मेलनबाट फर्केपछि दलित समुदायलाई शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा पहुँच बढाउन पहल गर्नुपर्ने देखिन्छ ।

### दुर्गा बि.क.

दुर्गा सोबजीले प्रस्तुत गर्नुभएको कार्यपत्रमा दलितहरूको समस्या र चुनौतीहरूमात्र नभएर दलित जनप्रतिनिधिहरूले गरेका सफलताका कामहरू पनि समावेश गर्नुभएको भए अझ राम्रो हुन्थ्यो ।

हामी दलित प्रतिनिधिहरू कानुन निर्माण गर्ने ठाउँमा पुगेता पनि हाम्रो भूमिका कस्तो हुने हो भन्ने कुरामा अझै अन्योलता छ । सरकारले न्यायमा पनि विभेद गर्छ । माया बि.क. र निर्मला पन्तको घटनाको प्रकृति एउटै हो तर माया बि.क. को मुद्दालाई त्यति धेरै वास्ता गरिएन । सुदूरपश्चिम प्रदेश भनेको विभेदको प्रदेश हो । तसर्थ, यस प्रदेशलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रमहरू ल्याउनु पर्दछ ।

### विमला विश्वकर्मा

हामी राष्ट्रको जनप्रतिनिधि भएपछि सामुदायिक नभएर सबै जनताकै कुरा उठाउनु पर्छ भनिन्छ तर हामी निश्चित वर्ग भएका कारण भोग्नुपरेका समस्या धेरै छन् र यहाँसम्म आइपुग्दा भोगेका अनुभवहरू पनि धेरै छन् । लक्षित वर्गलाई छुट्याउने बजेटको योजना बनाउने अधिकार स्थानीय तहलाई पनि छ । जुन-जुन ठाउँबाट हामी प्रतिनिधित्व गरिरहेका छौं, त्यहाँबाट कानुन निर्माण गर्ने प्रक्रियामा काम गर्ने चुनौतिका बाबजुद यति धेरै संघर्ष गरेर पाएको अधिकार को संरक्षण गर्नका लागि आफ्नो ठाउँमा रहेर नेतृत्त्व गर्दै हामी आफ् नो जिम्मेवारी निर्वाह गरौं । हामी सबै दलित जनप्रतिनिधिहरू एउटै मञ्चमा उठेर फेरी आन्दोलन गरौं र दबाब सिर्जना गरौं ।

### विमला बि.क.

अब हामीले के गरेनौं भन्ने कुरा हैन, के गरिसक्यौं, के गर्नेछौं भन्ने कुरामा छलफल गर्नुपर्दछ । हाम्रो प्रमुख भूमिका भनेको कानुन बनाउने नै हो, नीति बनाउने नै हो र दोस्रो भूमिका नीतिलाई कार्यान्वयन गर्नु हो । तर यो भन्दा पनि मुख्य काम भनेको दलितह( रूबीच एकता ल्याउनु हो । त्यसैले हामी विभेद भयो भनेर गुनासो गर्ने भन्दा पनि देशकै जनप्रतिनिधि भएकोले अन्याय विरूद्ध लड्नुका साथै आवाज उठाउन सक्नु पर्दछ ।

### लक्ष्मी परियार

हामीसँग भएका भूमिका र अवसर थोरै देखिन्छ तर चुनौती भने चाहीं अनगिन्ती छ । पहिले त महिला भएर घरको दैलोबाट निस्किनु नै पहिलो चुनौती हो । त्यसपछि सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक र आर्थिक चुनौती त छदैछ ।

हामीसँग संघ, प्रदेश, स्थानीय तहमा बोल्ने ठाउँ त छ, तर हाम्रो निर्णायक भूमिका छैन, हामी अझै पनि आत्मसम्मानको लडाईंमै छौं । हाम्रो सबैभन्दा ठूलो चुनौती भनेको नै विभेद र छुवाछूत हो । दलितका सवालमा निर्णय रोकिने, बजेट विकासका कुरा गर्दा माथिल्लो निकायसम्म नपुग्ने, पार्टीभित्र पनि आरक्षणलाई दानका रूपमा दिइने, कार्यक्रमहरूमा आसन ग्रहण गर्दा सबैभन्दा पछाडि र राख्ने, खादा लगाउँदा दलित महिलालाई खादा नलगाइदिने जस्ता अपमानजन्य व्यवहार सहदै आउनुपरेको छ । यति धेरै संघर्षबाट हामी यहाँसम्म आइपुगेका छौं । त्यसैले सबै तहहरू जोडिनुपर्छ र निराशावादी नभई आशावादी भएर सडकमा उत्रिनुपर्छ ।

## बदलिँदो नेपाली परिवेश र आप्रवासन

प्रस्तुतकर्ता : डा. गणेश गुरूङ, अध्यक्ष, नीति अनुसन्धान प्रतिष्ठान
सहजकर्ता : गोपाल नेपाली, अध्येता, समता फाउण्डेशन
टिप्पणीकर्ता : डा. निर्मलकुमार विश्वकर्मा, बुद्धिजीवी
अमृता गुरूङ, विषय विज्ञ
जनकराज सापकोटा, पत्रकार




डा. गणेश गुरूङले "बदलिँदो नेपाली परिवेश र आप्रवासन" शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । देशकै सामाजिक, आर्थिक र राजनीतिक अवस्थाका कारणले नै वैदेशिक रोजगारीमा जान बाध्य नेपालीहरूमा २२ देखि ४५ वर्षका युवा युवतीहरू वैदेशिक रोजगार मा आकर्षित रहेको कार्यपत्रले देखाएको छ । तीमध्ये प्रायजसो आर्थिक स्थिति कमजोर भएको कारणले खाडी मुलुकमा जान बाध्य भएका हुन्छन् । CBS 2011 / NLSS II सर्वेक्षण प्रतिवेदन अनुसार वैदे शिक रोजगारीको सिलसिलामा गएका महिलाहरूले रेमिट्यान्स र घर परिवारलाई गर्ने सहयोग सन् २००२/०३ देखि २०१०/११ सम्म स्थिर रहेको उक्त कार्यपत्रमा उल्लेख छ । कार्यपत्रले उठाएका मुख्य विषयहरू तल दिइएको छ ।

# नेपालको संविधानले सुनिश्चित गरेको धारा ३४/४० मा कार्यान्वयन पक्षमा किन सम्बन्ध विच्छेद भएको छ ?

## नेपाली समाजमा परिवर्तनका सूचकहरू

| नेपालमा मोबाइल तथा इन्टरनेट प्रयोगकर्ता | | | |
|---|---|---|---|
| सि.नं | प्रकार | संख्या | कुल जनसंख्याको प्रतिशत |
| १ | इन्टरनेट प्रयोगकर्ता | १,८६,८५,८७३ | ६२.८ |
| २ | मोबाइल प्रयोगकर्ता | ३,९९,८८,७५२ | १३४.५ |

| नेपालमा सहकारीका प्रकारहरू र त्यसको संख्या विवरण : | | | |
|---|---|---|---|
| क्र.सं. | प्रकार | संख्या | रकम (हजारमा) |
| १ | बचत तथा ऋण | १३,५७८ | १,७९,९८,३४४ |
| २ | बहुउद्देश्य | ४,७३१ | ६,२४,६३,२९६ |
| ३ | कृषि | १०,९२१ | २,५१,४५,१०३ |
| ४ | दुग्ध | १,६५८ | ८,२२,०५० |
| ५ | उपभोक्ता | १,४२३ | १,५८,१२४ |
| ६ | विद्युत | ४६३ | १,५६,३९५ |
| ७ | तरकारी तथा फलफूल | १९३ | ७२,६८३ |
| ८ | चिया | १०८ | ५२,१४३ |
| ९ | कफी | १५५ | ३१,५४४ |
| १० | जडीबुटी | १८६ | ७३,७४४ |
| ११ | मौरीपालन | ९३ | १९,४१८ |
| १२ | सञ्चार | १४३ | १,११,२८१ |
| १३ | स्वास्थ्य | १२८ | ५,०७,८०९ |
| १४ | उखु | ४८ | २४,६८३ |
| १५ | जुनार | ४५ | ८,३२८ |
| १६ | अन्य | ९९९ | ३७,०९४१२ |
| जम्मा | ३४,५१२ | २७,४१,४५,३६३ | |

*स्रोत : सहकारी संघ संस्थाहरूको तथ्यांक (सन् २०७४को असारसम्म)*

*आर्थिक वर्ष २०७६/७७ मे महिनाको २९ गते सम्मको जम्मा बजेट रू.१.५३ ट्रिलियन*

## नेपालीको वैदेशिक रोजगारीको ढाँचामा परिवतर्न

- पश्चिम नेपालदेखि पूर्व नेपाल
- भारतबाट खाडी मुलुक अथवा मलेशिया
- खाडी मुलुकर मलेशियाबाट जापान र युरोप
- खाडी मुलुक मलेशिया र जापानबाट फर्केका युवाहरू आत्मनिर्भर

## वर्ग (आर्थिक वर्ग) र प्रवासको ढाँचा

| वर्ग | गन्तव्य |
|---|---|
| A | अमेरिका/बेलायत/अस्ट्रेलिया/क्यानडा |
| B | युरोप/जापान/ हङकङ |
| C | गरिब युरोपेली देशहरू |
| D | खाडी मुलुक/ मलेशिया/जोर्डन |
| E | भारत < |
| F | < |

## आप्रवासीको विशेषता

| | | |
|---|---|---|
| १. | उमेर | २०–४५ |
| २ | शिक्षा | एस.एल.सी वा सो भन्दा कम |
| ३ | सीप | दक्ष नभएको (सीप नभएको) |
| ४ | लिङ्ग | पुरूष (महिलाको संख्या क्रमशः बढ्दै गएको) |
| ५ | वैवाहिक स्थिति | विवाहित अविवाहित दुवै (विशेषतः विवाहित) |
| ६ | भोगोलिकता | ग्रामीण क्षेत्र, मध्य तथा सुदूरपश्चिम |

## रेमिट्यान्स र गरिबी

| | २००३/०४ | २०१०/११ |
|---|---|---|
| रेमिट्यान्स प्राप्त गर्ने घर परिवारको प्रतिशत (%) | ३१.९ | ५५.८ |
| प्रति घर औसत रकम (ने.रू.) | ३४,६९८ | ८०,४३६ |
| महिलाको योगदान (%) | ११ | ११ |
| गरिबी निवारण (%) | ३१ | २५ |

## प्रस्तावना

| कोरिया | इजरायल | जोर्डन |
|---|---|---|

## कार्यपत्रमाथि टिप्पणी

### डा. निर्मलकुमार विश्वकर्मा

७३ प्रतिशत दलित आप्रवासन वैदेशिक रोजगारका लागि भारत गएका छन् भने अरू २७ प्रतिशत खाडी मुलुकमा काम गरिरहेका छन् । खाडी मुलुकमा राम्रो कामका लागि संघर्ष गर्नु पर्ने स्थिति छ ।

तसर्थ, नेपाल सरकारले भारत र खाडी मुलकमात्र नभई अरू विकसित देशमा पनि वैदेशिक रोजगारीका लागि विशेषगरी दलितलाई सीपमूलक तालिमहरू दिनुपर्दछ । यसका साथसाथै परम्परागत पेशाको संरक्षण गर्न नेपालमा स्वरोजगारीको अवसर दिनुपर्छ र परम्परागत पेशामा पोख्त दलितहरूलाई श्रम बजारमा (Labor market) अलि बढि प्राथमिकता दिन जरूरी छ ।

### जनकराज सापकोटा

वैदेशिक रोजगारी नयाँ विषय हैन । दलितहरूले आफ्नो परम्परागत पेशालाई आम्दानीको स्रोत बनाउँदा विभेद हुने र सोही पेशा गैर दलितले गर्दा चाहिँ इज्जत पाउने विभेदित दृष्किोणले गर्दा वैदेशिक रोजगारी नै उनीहरूको प्राथमिकतामा पर्दछन् । आफ्ना बाच्चाहरूलाई राम्रो विद्यालयमा पठाउन र जीवनशैलीलाई उकास्ने हिसाबले पनि दलितहरू वैदेशिक रोजगारी आकषर्ण भएको छ । आप्रावासनले गरिबी न्यूनीकरण गरेता पनि यथार्थ भने अर्कै रहेको छ ।

दैनिक ३ जना वैदेशिक रोजगारमा गएका कामदारहरू नेपालको विमानस्थलमा बाकसमा फर्किएको देख्न पाइन्छ । तीमध्ये धेरैजसो दलित समुदायका व्यक्ति नै हुने गरेको पाइन्छ । अशिक्षा, बाध्यता र आम्दानीको राम्रो स्रोत हुने प्रलोभनमा परी कतिपय अवस्थामा कामदारहरू मानव तस्करीको सिकार पनि भएका छन् । तसर्थ, दलित जनप्रतिनिधिहरूले आप्रावसनको लागि विदेश गएका दलित समुदायको स्थितिका बारेमा अनुगमन गर्नु पर्ने आवश्यक रहेको देखिन्छ ।

### अम्रिता गुरूङ

रेमिट्यान्सले GDP(Gross Development Product) को १/३ भाग ओगटे पनि रेमिट्यान्सको उचित प्रयोजन भएको देखिँदैन । दलित समुदायमा रेमिट्यान्स घर परिवारका कामका लागि मात्र प्रयोग भएको देखिन्छ । तसर्थ, दलित प्रतिनिधिहरूले दलित समुदायका लागि नेतृत्व विकास तथा उद्यम जस्ता सवालहरूलाई ध्यान दिनुपर्दछ । रेमिट्यान्सले देशको आर्थिक विकासमा सहयोग

पुऱ्याएको हुनाले दलित तथा गैरदलितलाई वित्तिय शिक्षा दिनुपर्ने आवश्यक छ ।

यसप्रकार टिप्पणीकर्ताहरूको भनाई पछि डा. गुरूङले दलित प्रतिनिधिहरूलाई सीप भएका दलितहरूलाई वैदेशिक रोजगारका लागि लैजान सरकारसँग सामूहिक रूपमा मोलतोल (bargaining) गर्न आग्रह गरेका थिए । समग्रमा, डा. गणेश गुरूङको कार्यपत्रमा सबै समुदायका सवालहरूलाई समेटिएको थियो ।

## कार्यपत्र : दलित आन्दोलनको आगामी बाटो र कार्यदिशा

प्रस्तुतकर्ता : विश्वभक्त दुलाल 'आहुति', लेखक तथा राजनैतिक विश्लेषक

सहजकर्ता : डा. पूर्ण नेपाली, सहप्राध्यापक, काठमाण्डौ विश्वविद्यालय

टीप्पणीकारहरू : मा. मीनबहादुर विश्वकर्मा, संघीय सांसद, प्रतिनिधि सभा

तिलक परियार, संविधान सभा सदस्य

जितु गौतम, संविधान सभा सदस्य

सीता सुन्दास, संयोजक जिल्ला समन्वय समिति, स्याङ्जा

भोला पासवान, दलित अभियन्ता

मा.प्रर्मिलादेवी दास, प्रदेश सभा सदस्य, प्रदेश नं. २

मा. उमादेवी बादी, प्रदेश सभा सदस्य, सुदूरपश्चिम प्रदेश



विश्वभक्त दुलाल 'आहुति' को यस कार्यपत्रमा दलित आन्दोलनको सात दशकको इतिहासको समीक्षा गरिएको छ । त्यस्तै, कार्यपत्रमा नेपाली समाजको चरित्र चित्रण गरिएको छ जसमा दलितमाथिको शोषण, उत्पीडन, दलित महिलामाथि हुने हिंसा, भूमिहीनता, बेरोजगारी, बालीप्रथा, श्रमशोषणको अवस्थाबारे विश्लेषण गरिएको छ । कार्यपत्रको पुरा विवरण तल दिइएको छ ।

### दलित आन्दोलनको कार्यदिशा

दलित आन्दोलन नेपालको सबैभन्दा जेठो समुदायगत आन्दोलन हो । वि.सं. २००३ सालमा दलितभित्रको एक जात संगठितभएर सुरू भएको आन्दोलन २००४ सालमा पुग्दा पहाडका दलितभित्र पर्ने सबै जातहरू एउटै संगठनमा बस्न सक्ने स्तरमा पुग्यो । २०२४ सालमा पुग्दा आर्यखस दलित, मधेसी दलित र नेवारभित्रको दलित एउटै र ाष्ट्रिय स्तरको संगठनमा गोलबन्द हुने स्तरमा विकास भयो । छुवाछूत–भेदभावको विरोधबाट सुरू भएको आन्दोलन २०२४ सम्म पुग्दा यसले राज्यका निकायहरूमा आरक्षण दाबी गर्न पुग्यो । वि.सं. को पचासको दशकको सुरूआतसँगै नेपाली दलित आन्दोलन निरङ्कुश पञ्चायत व्यवस्थाविरोधी राजनैतिक आन्दोलनको रूपमा माथि उठ्यो ।

वि.सं. २००७, २०४६, दश वर्षको जनयुद्ध, २०६२ र ६३ जनआन्दोलन र मधेस आन्दोलन जस्ता विगतका सबैभन्दा ठूला आन्दोलन एवं विद्रोहहरूमा अंकगणितीय हिसाब लगाउँदा पनि दलित समुदायका तर्फबाट समानुपातिक शहादत हुनुले प्रष्ट हुन्छ कि नेपालको सामन्तवाद विरोधी राजनैतिक आन्दोलनमा नेपाली दलितको योगदान अपुग भएको भन्न सकिने अवस्था कुनै कोणबाट रहेको छैन ।

सत्तरी वर्षको दलित आन्दोलनबाट मुख्यतः निम्न उपलब्धि भएका छन् । एक, देशव्यापी रूपमा दलितहरूबीच संगठितहुनु पर्ने चेतना गुणात्मक रूपमा बढाएको छ र जे जस्ता संगठनमा भए पनि संगठित गरेको छ । दुई, दलित विषयलाई नेपालको राजनीतिक तथा प्राज्ञिक क्षेत्रको एउटा केन्द्रीय विषयको रूपमा स्थापित गरेको छ । तीन, सामन्तवाद अन्त्य भएर संविधानसभाबाट बनेको नेपालको 'संविधान २०७२' मा दलित जीवनमा केही सुधार ल्याउने व्यवस्थाहरू गर्न सम्भव तुल्याएको छ । चार, दलित समुदायबाट हजारौं राजनीतिक नेता/कार्यकर्ता उत्पादन गरेको छ । पाँच, राज्यका धेरैजसो निकायहरूमा झिनो भए पनि दलित समुदायको उपस्थिति हुन थालेको छ । छ, दलित समुदायको मुक्ति एवं जात व्यवस्थाका विरूद्धमा गैरदलित समुदायबाट ठूलो संख्यामा बौद्धिकहरूको विकास हुन पुगेको छ । र सात, राजनैतिक पार्टीहरूलाई पार्टीभित्र दलित प्रतिनिधित्वलाई थोरै भए पनि संबोधन नगरी नहुने बाध्यात्मक परिस्थितिमा पुऱ्याएको छ ।

यति हुँदाहुँदै पनि नेपाली दलित समुदायमाथिको आधारभूत शोषण, उत्पीडन र अपमान कायम छ । भूमिहीनता, बेरोजगारी, बालीप्रथा र चरम श्रम शोषण जारी छ । राजनीतिक र प्रशासनिक क्षेत्रमा दलितलाई नयाँ नयाँ तरिकाले बहिष्करणको प्रक्रिया यथावत छ । छुवाछूत आधारभूत रूपमा घट्न सकेको छैन । दलितमाथिको

विशेषतः दलित महिलामाथिको हिंसा चरम अवस्थामा छ। दलितभित्र पनि मधेसी दलितको आर्थिक, राजनीतिक र सांस्कृतिक जीवन भयावह अवस्थामा छ। यसप्रकारको अवस्थाले गर्दा अबको नेपाली दलित आन्दोलनले लाफूलाई नयाँ कार्यदिशाका साथ नयाँ उचाईमा उठाउनु आनिवार्य आवश्यकता बन्न पुगेको छ।

## नेपाली समाजको चरित्र

(क) वि.सं. १९९० को हाराहारीबाट सुरू भएको नेपालको सामन्तवाद विरोधी राजनैतिक आन्दोलन जनवादी अर्थात् पुँजीवादी क्रान्ति सम्पन्न गर्नका लागि थियो। वि.सं. २००६ सालबाट सुरू भएको कम्युनिष्ट आन्दोलनको उद्देश्य पनि सामन्तवादलाई अन्त्य गरी कम्युनिष्टकै नेतृत्वमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरी समाजवादी व्यवस्थामा जानका लागि थियो।

अर्थतन्त्रको क्षेत्रमा २००४ सालमा विराटनगरमा स्थापित जुट मील नेपालमा औद्योगिक पूँजीवादको आधारभूत भुण थियो। पञ्चायतकालमा पुग्दा राजा नियन्त्रित त्यस व्यवस्थाले पाँच विकास क्षेत्रमा औद्योगिक क्षेत्रहरूलगायत स्थापना गरी राज्य नियन्त्रित औद्योगिक पुँजीवादतिर देशलाई लैजान खोज्यो। तर त्यस व्यावस्थाका शासकहरूले वैदेशिक दलाल पुँजी पनि भित्र्याउने नीति लिए जसको कारणले नेपालमा दलाल पुँजी( वादले क्रमशः रजगज बढाउँदै लग्यो। दलाल पुँजीवादले आफ्नो आकार र सत्तामा पहुँच बढाउँदै लैजादा देशभित्रको र ाष्ट्रिय औद्योगिक पुँजीवाद भुण अवस्थादेखि नै सङ्कटग्रस्त हुँदै आयो। विश्व साम्राज्यवादले सन् १९८० पछि ल्याएको उदारीकरण र निजीकरणको नीतिले नेपालभित्रको सङ्कटग्रस्त उद्योगधन्दा झनै धराशयी हुन थाले। सन् १९९० पछि भुमण्डलीकृत पुँजीवाद अर्थात् आजको साम्राज्यवादले निगमीकृत, बहुराष्ट्रिय एवं पराराष्ट्रिय कम्पनीहरूमार्फत नेपालको अर्थतन्त्र, राजनीति र संस्कृतिमाथि हस्तक्षेप तीव्र बनायो। त्यसपछि भने नेपालको राष्ट्रिय पुँजीपतिवर्गलाई समेत दलालकरण तीव्र रूपमा गर्‍यो। आज राष्ट्रिय पुँजीपतिवर्ग नै नरहेको र एकछत्र भुमण्डलीकृत पुँजीवादद्वारा निर्देशित दलाल पुँजीवाद हाबी हुन पुगेको छ। यसरी नेपालमा विश्वका विभिन्न देशमा समाज विकासको एउटा चरणका रूपमा देखापरेको सामन्तवादविरोधी प्रगतिशील औद्योगिक पुँजीवाद पूर्ण रूपमा विकास नै हुन नपाई मर्न पुगेको छ।

यसप्रकार विगत ८० वर्षदेखि चलेको सामन्तवादविरोधी र ाजनैतिक आन्दोलन, सामन्तवादविरोधी देशभित्रको आर्थिक प्रक्रिया र साम्राज्यवादी आर्थिक, राजनैतिक, सांस्कृतिक हस्तक्षेपले गर्दा राजतन्त्रको अन्त्यसम्म पुग्दा सामन्तवाद त अन्त्य भयो तर पुँजीवादी जनवादी क्रान्ति भने सम्पन्न हुन सकेन। बरू सामन्तवादको स्थान दलाल पुँजीवादी व्यवस्थाले लिन पुगेको छ। आज नेपालमा नयाँ संविधानसँगै स्थापित हुन पुगेको व्यवस्था भनेको प्रगतिशील औद्योगिक पुँजीवादी व्यवस्था नभएर भुमण्डलीकृत विश्व पुँजीवाद अर्थात् आजको साम्राज्यवादद्वारा निर्देशित दलाल पुँजीवादी व्यवस्था हो र दलाल पुँजीपतिवर्ग नै नेपाली दलितलगायत सबै उत्पीडित वर्ग र समुदायका जनताको मुख्य दुश्मन वर्ग हो।

(ख) समानता, स्वतन्त्रता र भातृत्व' को नारा दिने औद्योगिक पुँजीवाद प्रगतिशील थियो किनभने त्यसले सामन्तवादका विरूद्ध उभिएर त्यसको शोषणकारी चरित्रको विरोध गर्न सुरू गर्‍यो। त्यसपछि पुँजीवादले आफ्नो प्रगतिशीलता गुमाउँदै गयो। पुँजीवादले जब साम्राज्यवादको रूप लियो, त्यसपछि त त्यसले सामन्तवादसँग नाङ्गो रूपमा सुलह सम्झौता गर्न थाल्यो। आज विश्व पुँजीवाद भुमण्डलीकृत पुँजीवादको चरणमा पुगेको छ। यो सङ्कटग्रस्त छ। आफ्नो सङ्कटलाई हल गर्नका निम्ति यसले सामन्तवादले प्रयोग गरेका अन्धराष्ट्रवाद, जातिवाद, जातवाद, अन्धविश्वास, धार्मिक अन्धता, साम्प्रदायिकता, पितृसत्तावाद जस्ता अवधारणाहरूको अघोषित रूपमा रक्षा गर्ने तथा आफ्नो आयु लम्ब्याउन तिनलाई तीव्र रूपमा प्रयोग गर्न थालेको छ। आजको भुमण्डलीकृत पुँजीवाद अर्थात् आजको साम्राज्यवादको यो एउटा विशेषता बन्न पुगेको छ। रूसका पुटिन, अमेरिकाका ट्रम्प र भारतका मोदीको शासनको तरिका मात्रै हेर्दा पनि यो विशेषता छर्लङ्गै हुन्छ।

विगत सत्तरी वर्षमा पुँजीवादी व्यवस्थाले जात व्यवस्थाको अन्त्य गर्न सकेन, दलित र महिलामाथिको उत्पीडन अन्त्य गर्न सकेन भन्ने कुराको ज्वलन्त अकाट्य प्रमाण भारतीय समाज हो। त्यसैगरी दक्षिण एसियाका बंगलादेश, पाकिस्तान आदि देशको पुँजीवादले पनि सकेन। अझ आजका ती देशका पुँजीवादी व्यवस्थालाई हेर्दा जातव्यवस्थालाई राजनीतिको निम्ति उपयोग गर्न चाहेको पो प्रष्ट देखिन्छ। यसको अर्थ आजको पुँजीवाद यो समस्या समाधान हैन, नयाँ ढंगले जोगाइ राख्न चाहन्छ। यसरी हेर्दा जातव्यवस्था सामन्तवादी समाजको उत्पत्ति भएर पनि पुँजीवादले समेत त्यसलाई नयाँ रूपमा आफूभित्र सामेल गर्‍यो। जातव्यवस्था निर्णायक भएको समाजमा पुँजीवाद पनि जातव्यवस्थामा आधारित हुने नयाँ यथार्थ भारत र आजको नेपालबाट प्रमाणित हुन पुगेको छ। त्यसकारण आजको भुमण्डलीकृत पुँजीवाद र त्यसद्वारा निर्देशित नेपालको दलाल पुँजीवादद्वारा जातव्यवस्थाको अन्त्य तथा दलित मुक्ति असम्भव हुन गएको छ। यो गम्भीर यथार्थलाई दलित आन्दोलनले आत्मसात् गर्नै पर्दछ।

(ग) भुमण्डलीकृत पुँजीवाद अर्थात् आजको साम्राज्यवाद र त्यसद्वारा निर्देशित नेपालको दलाल पुँजीवादले जातव्यवस्था तथा दलितबारे दुई प्रकारको रणनीति एक साथ लिएको छ। एक, जातव्यवस्था, छुवाछूत र दलितमाथिको तमाम उत्पीडनका विरूद्ध भिना मसिना सुधारात्मक काम गर्ने, दलितभित्रको सानो हिस्सालाई मध्यमवर्गमा विकास गरी विज्ञापन गर्ने तर जातव्यवस्था र छुवाछूतको अन्त्य तथा दलितमाथिको शोषण उत्पीडन अन्त्य गर्न आधारभूत कदम नचाल्ने। परिणामको रूपमा जातव्यवस्था, छुवाछूत र दलित उत्पीडन लगातार पुनरउत्पादन भैरहने सिलसिला चलेको छ। आजको पुँजीवादले यो सिलसिला निरन्तर चलाइरहने प्रष्ट देखिन्छ। दुई, हिजोको इतिहासमा दलित सम्पूर्ण रूपमा सर्वहारा श्रमिक थियो भने हिन्दू उच्च जात सम्पूर्ण रूपमा शोषक र शासकवर्ग। आजको पुँजीवादले चाहिँ मुख्य पुँजीपतिवर्गको हिस्सा कथित हिन्दू उच्च जातुबाट तयार पार्ने र दलित समुदायलाई आजको श्रमिकमा रूपान्तरण गर्ने दिशा बोकेको छ। आजको पुँजीवादी राजनीतिले दलित समुदायबाट विकसित राजनीतिक नेता र कार्यकर्तालाई राजनैतिक श्रमिकको व्यवहार गरिरहेछ। उनीहरूको पक्षमा नीति नबनाउने र नीति बनाउने स्थानमा निर्णायक संख्यामा पनि पुग्न नदिने। परिणाममा दलित नेता तथा कार्यकर्ता आफ्नै उत्पीडक वर्ग र समुदायको निम्ति राजनीति गर्नुपर्ने राजनीतिक श्रमिकको लगातार पुनर्उत्पादनको प्रक्रिया चलिरहने। पुँजीवादी राजनीतिको यो घातक बिशेषताबारे अब स्पस्ट हुनै पर्दछ।

(घ) नेपाली राजनीतिमा जातवाद र जातिवाद नेपालको राज्यसत्ता मूलतः वर्गीय हो। तर पृथ्वीनारायणको राज्य विस्तारपछि जातव्यवस्थामा आधारित तागाधारी जातका मात्र माथिल्लो वर्गका मानिसले सत्ता संघीय गर्दै आएकाले त्यो सत्ता मूलरूपमा वर्गीय भएर पनि त्यो जातीय सत्ता पनि बन्दै आयो। आर्य-खस कथित उच्च जात सत्ताका रूपमा त्यसले हिमाली क्षेत्र र भेरीपारिको समाजलाई उत्पीडन गर्‍यो। नेपालको परम्परागत वर्गीय सत्ताको दृष्टिकोणको मीयो पनि जातव्यवस्था नै हुँदै आयो।

एकातिर नेपालको पररम्परागत राज्यसत्ताले वर्गीय उत्पीडन र जातीय उत्पीडन सँगसँगै गर्दै आयो भने अर्कोतिर त्यो सत्ताका मुख्य हर्ताकर्ता दुई जातहरू क्षत्री र ब्राह्मणका बीचमा पनि राजनीतिमा नै छर्लङ्ग देखिने गरी छिनाभपटी चल्दै आयो। पृथ्वीनारायाण शाहले पूर्वीया र कुमाई ब्राह्मणलाई राजकाजमा नल्याउनू भनी भनेबाट ब्राह्मण र क्षत्रीबीचको अन्तरविरोध प्रष्ट बुझिन्छ। त्यसपछि २००७ सालसम्म सत्ताका अन्य क्षेत्रमा ब्राह्मणलाई लगाए पनि प्रत्यक्ष राजनैतिक उच्च पदमा ल्याइएन। २००७ को परिवर्तनपछि २०१७ सम्म चाहिँ लगातार ब्राह्मणहरूले प्रधानमन्त्री पद कब्जा गरे। २०१७ पछि राजा नियन्त्रित ३० वर्षको पञ्चायत व्यवस्थामा एक जना नगेन्द्र प्रसाद रिजाल ब्राह्मणमात्र प्रधानमन्त्री भए। २०४६ को परिवर्तनपछि अपवादका रूपमा शेरबहादर देउवा बाहेक सबै नै ब्राह्मण जातबाट आएका प्रधानमन्त्री भए। ज्ञानेन्द्रको शासनकालमा निवेदन त माधव नेपालले पनि दिए तर ज्ञानेन्द्रको छनौटमा क्षत्री नै परे- शेरबहादुर देउवा। २०६२ र ६३ को आन्दोलनपछि आजसम्म फेरि लर्को लाग्यो- ब्राह्मणबाट आएका प्रधानमन्त्रीको। यो नितान्त संयोग होइन, यो सत्ताधारी आर्य-खस जातिबाट बनेको शासकवर्गको झुण्डको बीचमा जातले उब्जाएको राजनीतिक परिघटना नै हो।

नेपालको राजनीतिमा रहेको यसप्रकारको जातवाद र जातिवाद पटक-पटकका जन सङ्घर्ष, जनआन्दोलन र दश वर्षको जनयुद्धको समय थोरै कमजोर भएका देखिन्छन्। प्रगतिशील विचार पार्टीहरूमा बलवान हुँदा ती कमजोर हुन पुग्दछन्। दोस्रो संविधानसभाको निर्वाचनपछि संविधान लेखन गर्दा र आज लागू गर्ने प्रक्रिया सुरू हुँदा राजनीतिक पार्टीहरू र राज्यसत्तामा जातवाद र जातिवादी प्रवृति नाङ्गै देखिने गरी हाबी हुन पुगेको छ। यसरी नेपालको सत्ता दलाल पुँजीपतिवर्गको हातमा पुगेको मात्र हैन, जातवादी, जातिवादी र पितृसत्तावादी सोचबाट ग्रसित डम्फाको हातमा समेत पुगेको छ।

त्यसैको परिणाम हो २३ केन्द्रीय मन्त्रीमा १ दलित, ३ महिला, राष्ट्रिय सभामा मुस्लिम शून्य। राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभा अध्यक्षमध्ये तीनमा ब्राह्मण एकमा क्षत्री। प्रशासनिक क्षेत्रका पदहरूको विषय त धेरै टाढाको कुरा भै हाल्यो। संविधान लागू गर्ने प्रक्रियासँगै देखापरेको हालैको आरक्षण काण्ड लगायतमा सत्ताधारीहरूको रवैयाले प्रष्ट देखिन्छ कि प्रतिगमन द्रुतगतिमा सुरू भैसक्यो। संविधानमा लेखिएका केही सुधारवादी बुँदालाई पनि लागू नगर्ने, विकृत पार्ने र सङ्कुचन गर्दै लैजानु भनेको प्रतिगमनबाहेक अरू केही होइन। यसले के सङ्केत गरेको छ भने भारतीय पुँजीवादले ७० वर्षसम्म दलितका बारेमा जस्तो रवैया अपनायो, नेपालको दलाल पुँजीवादी सत्ताले पनि त्यही प्रकरण दोहोर्‍याउने छ। जातव्यवस्था र दलित उत्पीडनको पुनर्उत्पादनको सिलसिला जारी राख्नेछ।

(ङ) भुमण्डलीकृत पुँजीवाद आजको चरित्र तथा त्यसद्वारा निर्देशित देशभित्रको दलाल पुँजीवादी व्यवस्थाको चरित्रले गर्दा नेपालको आजको संसदीय दलाल पुँजीवादी व्यवस्थाभित्रैबाट दलित मुक्ति अब असम्भव बन्न पुगेको छ। संसदीय पुँजीवादी व्यवस्थामा तिनै मानिस र समूह सत्ताधारी बन्दछन्, जोसँग पैसा हुन्छ अर्थात् वर्गीय रूपमा सम्पन्न हुन्छन्। नेपालमा भएका गएका तीन तहका चुनावले पनि यो विषय छर्लङ्गै छ। दलितलगायतका उत्पीडित समुदाय आफै जीविका कसरी गर्ने भन्ने सकसमा हुन्छ भने संसदीय पुँजीवादी राजनीतिबाट कसरी फाइदा लिन सक्छ ? दलित लगायतका उत्पीडित समुदायका एकाध व्यक्तिलाई देखाउनका निम्ति

खास पदमा पुऱ्याउनु बेग्लै कुरा हो तर समुदायका निम्ति आधारभूत फाइदा हुने सक्दैन । दलित लगायतका उत्पीडित समुदायका एकाध व्यक्तिलाई ठूलो पदमा पुऱ्याउने नाटकबाजी संसदीय पुँजीवादी राजनीतिले गर्दै आएको छ र भविष्यमा पनि गर्नेछ । तर त्यो समुदायको मुक्तिको प्रक्रिया होइन बरू समुदायलाई भ्रम दिने र शोषण जारी राख्ने लाइसेन्स उत्पादनको जालसाजी मात्र हो ।

त्यसैले, आज दलित समुदायले यही दलाल पुँजीवादी संसदीय व्यवस्थाकै अङ्ग बनेर अनन्तसम्म उत्पीडित हुने कि त्यसबाट बाहिर निस्केर यस लुटाहा व्यवस्थालाई प्रहार गर्दै यस व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था निर्माणका निम्ति क्रान्तिकारी आन्दोलन निर्माण गर्न लागि पर्ने ? यी दुईमध्ये एउटा विकल्प अब रोज्नु नै पर्दछ । जति दिन दलाल पुँजीवादी संसदीय व्यवस्थाको आयु लम्बिनेछ, त्यति नै दिन दलित उत्पीडनको चक्र पनि लम्बिँदै जाने प्रष्ट छ । त्यसैल, अबको दलित आन्दोलन यो उत्पीडनकारी व्यवस्थाकै विकल्प अर्थात् वैज्ञानिक समाजवादी व्यवस्था निर्माण यात्राको भरपर्दो अङ्ग बन्नुपर्दछ ।

## अबको दलित आन्दोलनः मार्क्सवादी दलित आन्दोलन

(क) दक्षिण एसियाका विशेषतः भारतका मार्क्सवादी क्रान्तिकारीहरूले जात व्यवस्थाको वर्गीय चरित्र र दलित समुदायको श्रमिक वर्गीय चरित्रलाई वर्गीय दृष्टिविन्दुबाट ठोस निरूपण गर्न नसक्दा मार्क्सवादी आन्दोलनले दलित प्रश्नलाई वर्ग सङ्घर्षको गतिलो हतियार बनाउने अवसरबाट चुक्न पुग्यो । त्यो गल्तीलाई थोरै भए पनि जनयुद्धका समयमा सच्याउने प्रयत्न गर्दा नेपालमा ठूलो उथलपुथल हुन पुग्यो । जनयुद्धको समाप्तिसँगै यो विषय त्यो पार्टीको नेताका निम्ति घाँडो बन्न पुग्यो, दलित विषयलाई अझै मार्क्सवादको दृष्टिबाट हेरेर नयाँ उचाईमा संश्लेषण गर्नु पर्नेमा मार्क्सवादबाटै त्यस पार्टीको नेतृत्व च्युत हुन पुग्यो ।

आजको आवश्यकता यो हो कि दलित समस्या आधारभूत रूपमा मार्क्सवादले मात्र संबोधन गर्न सक्दछ भनी संश्लेषण गर्नु र जातव्यवस्था भएको समाजमा दलित समस्या मार्क्सवादी आन्दोलनको प्रथम लहरमा पर्ने सरोकारको विषयको रूपमा उठाउनु । धेरै प्रयोगहरू भए । धर्म परिवर्तन वा पुँजीवादी व्यवस्था- कुनैले पनि यो समस्या समाधान गर्न सकेन । धार्मिक उत्पीडन वा पुँजीवादी शोषण उत्पीडनसँग लड्ने आज विश्वमा अर्को कुनै विचारधारा छैन । मार्क्सवाद मात्र त्यस्तो विज्ञान हो, जसले सबै प्रकारका शोषण उत्पीडन, अन्धता र रुढीवादका विरूद्ध उत्रिन्छ । हिजो सामन्तवादसँग लड्नु थियो, त्यसैले त्यतिखेर पुँजीवादी विचारले पनि थेरथोर दलित समुदायलाई सहयोग नै मिल्न पुग्दथ्यो । आज साम्राज्यवादसँग र त्यसद्वारा निर्देशित देशभित्रको दलाल पुँजीवादसँग लडेरमात्रै दलित मुक्ति सम्भव हुने भएकाले दलाल पुँजीवादसँग पुँजीवादी विचारले कसरी लड्छ ? लड्दैन । त्यसैले अबको दलित आन्दोलनले आफूलाई मार्क्सवादी दलित आन्दोलनका रूपमा अगाडि ल्याउनै पर्दछ ।

(ख) दलित समुदाय दक्षिण एसिया विशेषतः नेपाल र भारतको कस्तो समुदाय हो भनी नयाँ उचाईमा यसबारे अवधारणामा विकास गरिनु आवश्यक छ । एक, दलित एउटा उत्पीडित समुदाय मात्र होइन बरू यो हिन्दू समाज र हिन्दू शासनबाट शासित समाजको मुख्य चालक समुदाय हो । यस समाजको प्रथम वैज्ञानिक, प्रथम प्राविधिक, प्रथम सङ्गीतकार, प्रथम शिल्पकार, प्रथम सञ्चारकर्मि प्रथम सफाइ अभियन्ता दलित हो । त्यसैगरी यो समुदायले थुप्रै रोग विरूद्धको चिकित्सकको भूमिका समेत इतिहासमा पुरा गर्दै आएको छ । खानीबाट धातु निकालेर प्रशोधन, हतियार र ज्यावलको निर्माण जसबिना सामन्तवाद एक कदम अगाडि बढ्न सदैनथ्यो । त्यो काम दलितले नै गर्दै आएको हो । कपडा, जुत्ता, लोक गीत सङ्गीत, सञ्चार आदि आदिमा यही समुदायले नेतृत्वमा गर्दै आएको हो । त्यसैले यो हिन्दू र हिन्दू शासनद्वारा शासित समाजको यो चालक समुदाय हो । यो गर्वका साथ दलित समुदायको आत्मगौरव र मनोवल माथि उठाउनु पर्दछ ।

दुई, दलित ऐतिहासिक रूपमा अपमान र बहिष्कारसहितको महाउत्पीडन भोग्दै आएको दक्षिण एसियाको पिँधको विशिष्ट श्रमिकवर्ग हो । सन् १९५० भन्दा अघिसम्म दक्षिण एसियामा दलित भनेको पूर्ण रूपमा समाजको सबैभन्दा पिँधको महाउत्पीडित श्रमिक वर्ग नै थियो ।

तीन, सन् १९५० पछि भारत, नेपाल लगायतका देशमा सुरू भएका राजनैतिक परिवर्तन, आर्थिक प्रक्रिया आदिका कारण दलितभित्रको सानो हिस्सा निम्न मध्यम र मध्यम वर्गमा रूपान्तरित भयो । निम्न मध्यम र मध्यम वर्गमा रूपान्तरित त्यस सानो हिस्साले बहिष्करण र अपमान जस्ता सांस्कृतिक उत्पीडन भने भोग्न बाध्य छ । दलितमाथिको शाोषण, उत्पीडन, बहिष्करण र अपमानको लम्बाई तीन हजार वर्षको छ । यो लम्बाई महिलामाथिको उत्पीडनपछिको संसारकै लामो लम्बाई हो । त्यसैले तीन हजार वर्षदेखिको वंशानुगत रूपमै उत्पीडित ७५ वर्ष अघिसम्म पूर्ण रूपमा महाउत्पीडित वर्ग, आज पनि दलितको बहुसङ्ख्यक हिस्सा समाजको पिँधको सर्वहारा श्रमिक वर्गकै रूपमा रहेको अवस्था र निम्न मध्यम तथा मध्यम वर्गका रूपान्तरित दलितले पनि सांस्कृतिक उत्पीडन भोग्न परेकै स्थिति- यी समग्र विशिष्टतालाई एक ठाउँमा राख्दा दलित समुदाय भनेको सर्वहारा श्रमिकवर्ग सरहकै घनीभूत अझ कतिपय सन्दर्भमा त्योभन्दा गहिरो शोषण उत्पीडनमा रहेको समुदाय हो । दलित आज वर्ग होइन तर वर्गभन्दा तलको स्तरको समस्या पनि होइन । जसरी रंगभेद

विशुद्ध रूपमा वर्गीय उत्पीडन होइन तर वर्गीय उत्पीडनभन्दा कम भन्न मिल्ने उत्पीडन पनि होइन भने जस्तै दलित समुदाय त्यस्तो समुदाय हो, जसमाथि सर्वहारा–श्रमिक वर्गमाथि सरह नै घनीभूत उत्पीडन भएको समस्या हो । यो उचाईमा दलित समुदायबारेको अवधारणामा विकास अब गर्नै पर्दछ ।

(ग) दलित आन्दोलन अब वैज्ञानिक समाजवादी क्रन्तिको भरपर्दो अङ्गका रूपमा विकास हुनु पर्दछ । मार्क्सवादी सिद्धान्तको आलोकमा अगाडि बड्ने वैज्ञानिक समाजवादी क्रान्तिका निम्ति सर्वहारा–श्रमिकवर्गले जसरी आफूलाई क्रान्तिको अग्रदस्ताका रूपमा विकास गरेर नेतृत्व सम्हाल्छ, त्यसैगरी दलित समुदाय पनि सर्वहारा–श्रमिकवर्ग सरहकै घनीभूत शोषण उत्पीडन भोगेको समुदाय भएकोले दलित समुदायले पनि वैज्ञानिक समाजवादी क्रान्तिको प्रक्रियामा आफूलाई अग्रदस्ताको रूपमा नेतृत्व सम्हाल्न अगाडि ल्याउनु पर्दछ । क्रान्तिको एउटा सहायक समुदाय दलित हो भन्ने अवधारणालाई बदलेर यो क्रान्तिको आधारभूत समुदायका रूपमा बुझिनु पर्दछ । क्रान्ति प्रक्रियामा दलितलाई ल्याउनु पर्छ हैन, बरू उसलाई अगाडि नल्याउँदा जातव्यवस्था भएको समाजमा वास्तविक क्रान्ति सम्भव छैन भन्ने बुझाइमा अब फड्को मार्नु पर्दछ ।

(घ) आजको भुमण्डलीकृत विश्व पुँजीवाद अर्थात् साम्राज्यवाद र त्यसद्वारा निर्देशित देशभित्रको दलाल पुँजीवादी व्यवस्थाका कारण राष्ट्रिय पुँजीपतिवर्ग र राष्ट्रिय स्वाधीन पुँजी निर्माणको प्रक्रिया ध्वस्त हुन पुगेको छ । अर्थतन्त्रको क्षेत्रमा दलित समुदायको अगाडि दुई वटा बाटो छन् ।

दलाल पुँजीवादी व्यवस्थालाई स्वीकार गरेर बहुराष्ट्रिय कम्पनीका पिँधको मजदुरमा परिणत भई १८ घण्टा काम गरेर गुजारा गर्ने कि दलाल पुँजीवादका विरूद्ध त्यसको समानान्तर मा वैज्ञानिक समाजवादी अर्थतन्त्रसहितको समाजवादी व्यवस्था निर्माण गर्दै क्रान्ति पुरा गर्न अगाडि बढ्ने ? दलित समुदायका अगाडि आर्थिक रूपमा प्रतिष्पर्धा गरेर सम्पन्न हुने आधारभूत बाटो दलाल पुँजीवादी व्यवस्थाले बन्द गरिसकेको छ । त्यसैले दलाल पुँजीवादी व्यवस्थाको विकल्पमा त्यससँग समानान्तर रूपमा वैज्ञानिक समाजवादी अर्थतन्त्र, संस्कृति र राजनीति–समग्रमा वैज्ञानिक समाजवादी व्यवस्था अहिलेदेखि बनाउँदै अघि बढ्ने क्रान्तिकारी प्रक्रियामा दलित आन्दोलन सामेल हुनु पर्दछ । त्यस्तो प्रक्रियामा मात्र दलितको आर्थिक जीवन अब सुरक्षित हुन सम्भव छ । वेरोजगरी र शोषणबाट मुक्त हुन अहिलेदेखि वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्दै अघि बढ्नुबाहेक दलित समुदायका अगाडि अर्को विकल्प छैन । के त्यो सम्भव छ ? हो, आजको असाधारण रूपमा विकास भएको विज्ञान प्रविधिका कारण त्यो सम्भव छ ।

अबको क्रान्तिकारी दलित आन्दोलन दलित समुदायको आजै को आर्थिक समस्यासँग समेत नजोड्ने हो भने अगाडि बढ्नै सक्दैन । आर्थिक समस्या समाधान गर्दै अघि बढ्न समाजवादी व्यवस्था अहिलेदेखि निर्माण गर्न नथाल्ने हो भने सम्भव नै हुँदैन । त्यसैले सुरूदेखि दलाल पुँजीवादका विरूद्ध त्यसको समानान्तरमा वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्दै अगाडि बढ्ने विषय अबको दलितको आन्दोलनको कार्यदिशाको मुख्य सर्त बन्नु पर्दछ ।

(ङ) जातव्यवस्थाबाट उत्पीडित दलित समस्या दक्षिण एसियाका कम्तीमा २१ करोड मानिसको जीवनलाई क्षतविक्षत पारिहेको समस्या हो । त्यसैगरी जात व्यवस्थावाट प्रशिक्षित मानिसहरू विश्वव्यापी फैलिने क्रममा कुनै न कुनै मात्रामा विश्वव्यापीकरण हुँदै गएको समस्या पनि हो । त्यसैले दलित आन्दोलनलाई र ाष्ट्रिय मात्र हैन अब अन्तरराष्ट्रिय स्तरमा संगठितगर्ने रणनीतिलाई अगाडि बढाउनु पर्दछ । हिजो अन्तराष्ट्रिय रूप दिन कैयन समस्याले बाधा दिन्थ्यो । तर आज विज्ञान प्रविधिमा आएको असाधारण विकासले गर्दा उप–महादेशीय वा विश्वव्यापीरुपमा आन्दोलनलाई जोड्न सम्भव भएको छ । प्रत्येक देशको दलित योद्धाले आफू २१ करोड प्रत्यक्ष उत्पीडित र त्यसको अप्रत्यक्ष असर भोगिरहेका अरबौ मानिसका निम्ति लडिरहेको अनुभूति गर्न अब सक्नु पर्दछ ।

(च) नीति निर्माणको तहमा समानुपातिक प्रतिनिधित्व र आफ्नो समुदायको सरोकारको विषयमा दलित समुदायले नै निर्णय गर्न पाउने अधिकार नदिने राजनैतिक पार्टीहरूलाई दलित आन्दोलनले बहिष्कार गर्नु पर्दछ । अब बुझ्नै पर्दछ– नीति निर्माणको तहमा समानुपातिक प्रतिनिधित्व नभएसम्म र दलित सरोकारको विषयमा सरोकारहीनले होइन स्वयं दलित समुदायले निर्णय गर्न नपाएसम्म दलित मुक्तिको प्रक्रिया अगाडि नबढ्ने विषय प्रष्ट भैसकेको छ । ती दुई अधिकार नदिने राजनीतिक पाटी यथार्थमा दलितमैत्री हुनै नसक्ने रहेछन् भन्ने पनि पुष्टि भैसकेको छ । तसर्थ, अबको दलित आन्दोलनले दलित समुदायलाई ती दुई अधिकारको कोणबाट पार्टीहरूको परीक्षा लिन प्रशिक्षित गर्नु पर्दछ । ती दुई अधिकार नदिने पार्टीहरूलाई बहिस्कार गर्न उत्प्रेरित गर्नु पर्दछ । आवश्यकताअनुसार त्यस्तो दुई अधिकारद्वारा दलित समुदायलाई पार्टीभित्र सम्पन्न गराउने वैकल्पिक पार्टी निर्माण प्रक्रियामा दलित समुदायबाट विकसित क्रान्तिकारीहरूले पहल कदमी लिनसमेत साहस गर्नुपर्दछ ।

(छ) दलित उत्पीडनको विपरीत दलितद्वारा गैरदलितमाथि उत्पीडन होइन, हुन सक्दैन । बरू समता र समानतामा आधारित समाज व्यवस्था हो । तर जातव्यवस्थामा आधारित समाज व्यवस्थाका

कारण गैरदलित समुदायका मानिसको बीचमा जात र जाति इत्यादिका कारण भावनात्मक सम्बन्ध बढी निकटको हुने गरेको छ। त्यस्तो भावनात्मक निकटको सम्वन्ध बन्न पुग्ने आर्थिक राजनीतिक र सांस्कृतिक संरचनाहरू बनिआएका छन्। जस्तै, परम्परागत ढंगले हुर्केको एक जना ब्राह्मण समुदायको विद्यार्थीले आफू जातमा उच्च रहेको बोधले दलितसँग भन्दा ब्राह्मण विद्यार्थीसँग निकट महसुस गर्छ। त्यो सांस्कृतिक पक्ष हो। त्यसैगरी राज्य र समाजका निर्णायक पदहरूमा ब्राह्मण जातकै व्यक्ति रहेको संरचनाले गर्दा ब्राह्मण जातको विद्यार्थी आफ्नो प्रगतिका लागि ब्राह्मण जातको पदवालाकै पक्षमा उभिन वा सङ्गत बढाउन चाहन्छ। यो संरचनाको पक्ष हो।

यसप्रकारको युगौंको सांस्कृतिक प्रशिक्षण र संरचनाले गैर दलितबीचमा सचेत वा अचेत रूपमै उत्पीडक भावनात्मक सम्बन्ध बन्न पुगेको छ। त्यो भावनात्मक सम्वन्धले दलित समुदायलाई प्रगतिका निम्ति अन्ततः गम्भीर व्यवधान खडा गरिरहेको हुन्छ। त्यसैले, अबको दलित आन्दोलनले पनि आफ्नो भावनात्मक कार्यदिशा नलुकाइकन खुल्लमखुला घोषणा गरी लागू गर्न सुरू गर्नु पर्दछ। दलित आन्दोलनको भावनात्मक कार्यदिशाको मूलतत्त्वयसप्रकार हुनु पर्दछ।

एक, प्रत्येक दलितले देश र विदेशमा समान स्तरका दलित र गैरदलित व्यक्तिहरूमध्ये प्रगतिका लागि दलितलाई प्राथमिकता दिन्छ।

दुई, समानस्तरको विपद र समस्याग्रस्तहरू मध्येमा दलितले गैरदलितलाई भन्दा दलितलाई प्राथमिकता दिन्छ।

तीन, दुश्मन वर्गका दलित र गैरदलितमध्ये समान अवस्थामा दलितले दुश्मन वर्गको दलितलाई फाइदा हुनेगरी काम गर्छ।

चार, गैरदलितहरूबीच छनौट गर्नु परे दलितले समान अवस्थाका गैरदलितहरूबीच वर्गीय रूपमा जो शोषित छ, उसलाई सहयोग गर्दछ।

पाँच, समान अवस्थाका दलित पुरूष र दलित महिला छन् भने र समान स्तरका गैरदलित महिला र पुरूष छन् भने दलितले महिलाको पक्षमा बढी प्राथमिकता दिन्छ।

छ, दलितभित्रका परकफरक जातका समान स्तरका व्यक्तिको समस्या समाधान गर्न वा प्रगतिका लागि दलितले परम्परागत रूपमा तल परेको जातलाई प्राथमिकता दिन्छ।

सात, दलित वा गैरदलितबीचका असमान वर्गका मानिसमध्ये प्रगतिका लागि दलित वा गैरदलितभित्रका उत्पीडित वर्गलाई दलितले साथ दिन्छ।

यो भावनात्मक कार्यदिशा दलित आन्दोलन र समुदायले घोषित रूपमा लागू गर्न सुरू गर्नु पर्दछ किनकि यो युगौंको वर्गीय, जातवादी र जातिवादी अघोषित भावनात्मक कार्यदिशाको ठीक विपरीत छ, न्यायपूर्ण छ र यसले न्यायपूर्ण समतामूलक र समानतामा आधारित समाज बनाउन नै मुख्य रूपमा योगदान गर्दछ। साथै, दलित समुदायबीचको एकता र उसको प्रगतिका बाटाहरू खुल्न मद्दत पुऱ्याउँदछ।

(ज) दलितभित्रका जातहरूबीच वर्णव्यवस्थामा आधारित जातव्यवस्थाले युगौंदेखि गहिरो फुट पारेको छ। हरेक जातले आफूलाई ठूलो वा विशिष्ट गुणसहितको सोच्ने गर्दछ। दलितभित्रका प्रत्येक जातमा कुनै न कुनै स्तरको जातमा आधारित अहंकारवाद छ। यो अवस्था दलित मुक्तिका निम्ति निकै घातक विषय हो। यही जातमा आधारित अहङकार वादका कारण फरक-फरक जातका संगठनहरू खुल्ने पनि गरेका छन्। साधारणतया जातहरूका समस्या व्यवस्थापनका लागि खुल्ने स्थानीय स्तरका गुठी र समाजहरूलाई अन्यथा लिनु पर्दैन, किनकि त्यो जीवनको सहज व्यवस्थापनका लागि हुन्छन्। तर राष्ट्रिय स्तरमा छुट्टै जात अहंकारमा आधारित संगठन खोल्ने प्रवृत्ति भने घातक छ। त्यसले दलित समुदायबीचको समुल एकतालाई कमजोर पार्दछ। यस्तो कार्यलाई प्रोत्साहित गर्न साम्राज्यवाद र जातभित्रको मध्यम वर्गमा पुगेका कतिपय तत्वहरू लागि पर्दछन्, किनभने यसबाट दलितबीच फुट पार्न सकिन्छ।

त्यसैगरी, मध्यमवर्गमा पुगेका कतिपय दलित व्यक्तिहरू समाजमा नभए पनि दलितबीच चाहिँ आफ्नो जात समृद्ध भएको देखाएर भ्रमपूर्ण आनन्द लिन चाहन्छन्। दलितभित्रको खासखास जातभित्रको सानो हिस्साको यस्तो जातमा आधारित अहंकारको प्रवृतिले दलितभित्रको अर्को जात पनि त्यही धन्दामा लाग्न पुग्ने गरेको छ। यी निकै नै दुखदायी परिघटना हुन्। आजको युगमा पुग्दासमेत दलितभित्रका सबै जातहरूले संयुक्त रूपमा एकतावद्ध भएर लड्दामात्र सबै मुक्त हुन सकिन्छ। एक्लाएक्लै कुनै जात मुक्त हुन सम्भव छैन भन्ने यथार्थलाई आत्मसात् नगर्नु भनेको निकै ठूलो वैचारिक समस्या हो।

एकातिर यसप्रकारको वैचारिक समस्याले जातैपिच्छे संगठन खोलेर अल्मलिने प्रवृति छ भने अर्कोतिर दलित संगठनको निरपेक्षतावादी संरचनाले पनि कम जनसंख्या भएका र सामाजिक हैसियतमा अरू भन्दा तल परेका दलितभित्रका जातलाई निराश बनाएको वा अलगावतिर लगेको देखिन्छ। दलित आन्दोलन समग्र दलित मुक्तिको आन्दोलन तब नै बन्नेछ जब दलितभित्रकै भेदभाव र उचनीचको व्यवस्थाविरूद्ध समेत केन्द्रित हुनेछ। त्यसका निम्ति संगठनात्मक प्रणालीमा अब फेरबदल ल्याउनै पर्दछ। आजसम्म दलित संगठनमा दलितभित्रको जुन जातको व्यक्ति

मुख्य पदमा आए पनि हुने गरी निरपेक्षतावादी नीति अख्तियार गरियो । जसको कारणले राष्ट्रिय स्तरको संगठनको मुख्य नेता मधेसी र महिला कहिले पनि नहुने, थोरै संख्यामा रहेका दलित जातबाट पनि कहिले नहुने इतिहास बन्न पुग्यो । तसर्थ, अब दलित आन्दोलनले मधेसी दलित, दलित महिला र सम्बन्धित तहमा रहेका सबै जातलाई सबै जातले सम्मान गर्ने पर्ने, सबैले सबैलाई नेतृत्वको रूपमा स्वीकार गर्ने पर्ने गरी सांगठनिक ढाँचा निर्माण गर्नु पर्दछ । यस्तो ढाँचाले अन्तर दलित भेदभाव हटाउन भूमिका खेल्नेछ र समग्र दलितबीचको एकता एवं अन्तरघुलनलाई तीव्र पार्नेछ ।

(झ) दलितभित्र पनि दलित महिला गुणात्मक रूपमै थप उत्पीडित रहेको तथ्यलाई आत्मसात् गरी अबको दलित आन्दोलनले दलित महिलालाई प्रशिक्षण, प्रतिनिधित्व र नेतृत्व विकासका सम्बन्धमा गुणात्मक रूपमै दलित महिलालाई प्राथमिकतामा आधारित नयाँ प्रणाली विकास गरी लागू  गर्नु पर्दछ ।

## संयुक्त मोर्चासम्बन्धी नयाँ नीति

हिजोको दलित आन्दोलन मूलतः सामन्तवादले दलितमाथि गरेको अत्याचारका विरूद्ध थियो । राजनैतिक रूपमा सामन्तवादविरोधी पुँजीवादी र कम्युनिष्ट विचारका दलित संगठनबीच सामन्तवादी अत्याचारका विरूद्ध लड्न नै एउटै साझा संगठन वा संयुक्त संघर्ष समिति जस्तो संयुक्त मोर्चाको नीति लिइएको थियो । आवश्यकताअनुसार सबै जात समूह रहेका संघ/संस्था वा व्यक्तिलाई पनि मुद्दागत ऐक्यबद्धतामा जोड्ने समेत नीति लिइएको थियो । त्यतिबेला संयुक्त मोर्चाको त्यो नीति आधरभूत रूपमा ठीक थियो । अब सामन्तवादको अन्त्य भएर दलाल पुँजीवादी राज्यसत्ताको उत्पीडन विरूद्ध लड्नु पर्ने कार्यभार दलित आन्दोलनका अगाडि उपस्थित छ । यसप्रकारको अवस्थामा संयुक्त मोर्चासम्बन्धी दलित आन्दोलनको नीतिमा समेत विकास जरूरी छ ।

एक, छुवाछूत र दलितमाथि हुने समसामयिक अन्याय अत्याचारका विरूद्ध देशमा रहेका सबै विचारका दलित संगठन र सामाजिक संघ /संस्थासँग संयुक्त मोर्चा वा कार्यगत एकताका विभिन्न रूपको अभ्यास गर्न सकिन्छ । त्यसैगरी संविधानमा दलितसम्बन्धी सुधार वादी व्यवस्थाहरू अपहरण हुन नदिन पनि यसप्रकारको कार्यगत एकताको नीति लिनु अनिवार्य छ ।

दुई, आज राज्यका राजनीतिक, प्रशासनिक र सुरक्षासम्बन्धी निकायहरूमा थोरै भए पनि दलितको उपस्थिति हुन थालेकाले अबको दलित आन्दोलनले ती सबै निकायका दलितलाई क्रान्तिकारी वा साझा दलित उद्देश्यका निम्ति जोडेर परिचालित गर्ने नीति विकास गर्नु पर्दछ । संयुक्त मोर्चाको यो विशिष्ट रूप अबको दलित आन्दोलनले अभ्यास गर्न पारङ्गत हुनै पर्दछ ।

तीन, देशभित्र जातव्यवस्था र दलित उत्पीडनविरोधी गैरदलित बौद्धिक जमात बढेको सन्दर्भमा त्यो प्रगतिशील गैरदलित हिस्सालाई दलित आन्दोलनको संयुक्त मोर्चाको विशिष्ट प्रणालीमा जोड्ने नयाँ रूपको अभ्यास थाल्नु पर्दछ । त्यसैगरी संसारभरि रहेका दलित मुक्ति सरोकारका व्यक्ति वा संस्थासँग मुद्दागत वा दीर्घकालीन सहकार्यको निम्ति पनि योजनाबद्ध प्रयत्न गरिनु पर्दछ ।

## कार्यपत्रमाथिको टिप्पणी

### तिलक परियार

हिन्दू धर्म र त्यसैले स्थापित गरेको सांस्कृतिक उत्पीडनको प्रमुख कारण रहेको छ । दलित समुदाय ऐतिहासिक रूपमा नै बहिष्कारमा पारिएको समुदाय हो । हाम्रो लडाइँ राज्य सत्तासँग रहेको छ । दलितको सहभागिता राज्यको हरेक तह र तप्कामा नहुन्जेल पूर्ण मुक्ति हुन सक्दैन । राज्यले अहिलेसम्म गरेको शोषणको क्षतिपूर्ति दिनुपर्छ ।

### भोला पासवान

दलितले जति अधिकार पाउनु पर्ने हो, त्यसअनुरूप अधिकार नपाएको हुनाले दलित आन्दोलन तीन तह (सडक, सदन र गैरसर कारी सस्था) बाट हुन जरूरी छ । अहिलेको अवस्थामा दलित भातृसंगठनको भूमिका भोट बैंकबाहेक केहि नभएको र अहिलेसम्म दलित आन्दोलनले प्राप्त गरेको उपलब्धि पनि गुम्ने खतरा रहेको छ ।

दलित आन्दोलन मधेसी दलितप्रतिमौन रहेको छ । त्यस्तै, मधेसी दलले पनि मधेसी दलितलाई बेवास्था गरेको अवस्था छ । अबको दलित आन्दोलनले महिलालाई पनि केन्द्रित गरी लैजानु पर्दछ । आहुतिको मार्गअनुसार संयुक्त संगठन निर्माणमा दलितभित्रको मधेसी दलितको सहभागिलाई पनि ध्यान दिन आवश्यक रहेको छ ।

### सीता सुन्दास

सरकारले दीर्घकालीन योजना बनाएर अघि बढ्नु पर्दछ । त्यस्तै पर्याप्त कानुन बन्नु पर्ने र बनेका कानुनको कार्यान्वयन हुनुपर्दछ । दलित हक अधिकार सुनिश्चितताका लागि संविधानको धारा २४ र ४० तत्काल कार्यान्वयन हुनुपर्दछ ।

त्यसैगरी स्थानीय, प्रदेश र संघको कानुन निर्माण प्रक्रियालाई दलित आन्दोलनले गम्भीर भएर उठाउन जरूरी रहेको छ । अहिले कानुन बनाउन जोडतोडले सबै तह लागिरहेको अवस्थामा हामीले आफ्नो मुद्दा राख्न सकेनौं भने हामी फेरी कयौं दशक पछि पर्ने भएकोले अब दलित आन्दोलनको ध्यान त्यतातिर जान आवश्यक छ ।

### प्रमिला देवी दास

अझै पनि तराईमा जनचेतना, शिक्षाको कमि रहेको छ। निर्वाचित दलित प्रतिनिधिलाई हेर्ने दृष्टिकोण परिवर्तन हुनसकेको छैन। स्थानीय तहमा निर्वाचित दलित महिला सदस्य, उप-मेयर, उपाध्यक्षलाई मेयर, अध्यक्ष र वडा अध्यक्षले बेवास्था गर्ने गर्छन्। त्यस्तै वडाका दलित महिला सदस्यलाई वडाको मिटिङ्गमा नबोलाउने, पछि माइन्युटमा सहीछाप गर्न लगाउने गरिन्छ।

गैरदलित समुदायले दलित समुदायले प्राप्त गरेको अधिकारलाई उनीहरू आफ्नो खल्तीबाट दिएझैं गर्छन्। समाजमा जातजन्य घटना घट्ने गर्छन्, त्यसलाई मिलायो, फेरि त्यस्ता घटनाहरू घटिरहने अवस्था रहेको छ। अब दलित आन्दोलनले दलित समुदायका जनप्रतिनिधिहरूलाई उनीहरूको क्षमता विकासको लागि राजनैतिक तथा प्रशासनिक प्रशिक्षण दिएर राजनैतिक रूपमा सक्षम बनाउन मेरो अनुरोध छ।

### उमादेवी बादी

दलित आन्दोलनको उपलब्धि माछा-माछा भ्याकुता हुने अवस्था आएको छ। दलितको मुद्दाको सम्बोधन अब नभए कहिले हुने हो। त्यसैले दलितका मुद्दा स्थापित गर्ने समय आएको छ। यतिबेला हामीले सुझबुझका साथ अगाडि बढ्न सकेको खण्डमा हामीले आफ्ना मुद्दाहरू स्थापित गर्न सक्छौं।

अहिले तीनै तहमा बलियो सरकार रहेको छ। तीनै तहका सरकारहरूले कानुन, नीति नियम तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दैछन्। यतिबेला दलित आन्दोलनले शसक्तरूपमा आफ्ना मुद्दाहरू राख्न सकेको खण्डमा तीन तहमा दलितको राम्रो सम्भावना रहेको छ। दलित आन्दोलनले राम्रा कामबाट सिक्नुपर्ने र नराम्रा काम छोड्नु पर्छ। दलित आन्दोलनले तराईका, पहाडका दलितबारे कति बोल्यो, लेख्यो, त्यसमा पनि बादी समुदाय, गन्धर्व समुदायका बारेमा कति बोल्यो। बादी आन्दोलन त्यत्तिकै आएको होइन, कसैले लिएको पनि होइन। यो त बाध्यता र पीडाले गर्दा आएको हो।

अबको दलित आन्दोलनले दलित समस्या बुझ्नु पर्छ। हामी दलितको मुद्दामा एक ठाउँमा उभिन जरूरी छ। हामी जुनसुकै पार्टीका किन नहौ। दलित आन्दोलनले दलितभित्रको समावेशितालाई कसरी हेरेको छ। हामीबीच भइरहेका जातीय विभेदलाई कसरी हेरेको छ। यी सबै कुराहरूलाई दलित आन्दोलनले विचार विमर्श गर्न आवश्यक छ।

### जितु गौतम

अब हामी एउटा निष्कर्षमा पुग्न जरूरी रहेको छ। राजनीति त दलितका लागि एउटा सहजकर्ता वा माध्यम मात्र हो। संविधान नै प्रमुख हो। अबको दलित आन्दोलनको मुद्दा दलितको प्रतिनिधित्वको हो। अहिलेको समयमा जनप्रतिनिधिको भुमिका कसरी सबल बनाउन सकिन्छ भन्ने यक्ष प्रश्न रहेको छ।

### मीनबहादुर विश्वकर्मा

वर्गीय र जातीय दृष्टिकोणबारे अम्बेडकरको भनाई रहेको छ, "यदि कार्लमार्क्स एसियामा जन्मेको भए, उनले वर्ग भन्दा जातीय विषय लेख्थे होला"। हालसम्म नेपालका कम्युनिष्टले दलित आन्दोलनलाई हेर्ने दृष्टिकोण वर्गीय रहेको तर पहिलेदेखि आफू यस कुरामा स्पष्ट रहेको कि नेपालको समस्या वर्गीय नभएर जातीय हो। अहिले दलित आन्दोलनमात्र नभएर विभिन्न बुद्धिजीजीहरू पनि अहिले वर्गीयसँगै जातीय समस्यामा एक जुट रहेका छन्।

## जातीयता, लोकतन्त्र र सामाजिक न्याय

### ब्रज रञ्जन मणि

राष्ट्रिय सम्मेलनका प्रमुख वक्ता ब्रज रञ्जन मणिले लोकतन्त्र, जातीयता र सामाजिक न्याय बारे आफ्ना विचार राख्दै प्रजातान्त्रिक सिदान्तको आधारमा हरेक नागरिकले सामाजिक, आर्थिक र राजनीतिक न्यायको अनुभूति गर्न पाउनु पर्छ भन्नु भएको थियो। कार्यपत्रको पुरा विवरण तल दिइएको छ।



### पृष्ठभूमि

समता फाउण्डेशनद्वारा आयोजित यस 'दलित अधिकार सुनिश्चितताको लागि जनप्रतिनिधिको भूमिका'प्रवर्धन सम्बन्धी फाउण्डेशनको १० औं वार्षिकोत्सव राष्ट्रिय सम्मेलनमा मलाई आमन्त्रण गरी नेपाल र भारत दुवै देशको साझा चासोको विषयमा बोल्ने मौका दिनु भएकोमा समता फाउण्डेशन, यसको नेतृत्व तथा अभियन्ताहरू, खासगरी सरिता परियारप्रति म आभारी छु। नेपाली समाज, यसको संस्कृति र यहाँको लोकतान्त्रिक अवस्थाबारे, यस सम्मेलनका आयोजक तथा यहाँ उपस्थित विशिष्ट महानुभावहरू म भन्दा धेरै जानकार हुनुहुन्छ भन्नेमा म सचेत छु। त्यसैले, शुरूमै बताउन चाहन्छु कि मेरा विचारहरू मूलतः भारतीय परिवेशमा आधारित छन्। तर दुवै मुलुकमा, सदियौंदेखि जातीय विभेदको दाग लागेको माटोमा फलेको लोकतन्त्र रहेको हुनाले, मलाई लाग्छ नेपालको अवस्थामा पनि धेरै फरक छैन। तर यसो भनेर, यहाँ

छलफल गर्न लागिएको सवालहरूमा, यी दुई लोकतान्त्रिक मुलुक बीचको उल्लेख्य भिन्नतालाई महत्त्व नदिन खोजेको भने होइन । त्यसैले, म मेरो प्रस्तुतिमा हुनसक्ने सम्भावित कमि कमजोरीहरूको लागि शुरूमै माफी माग्न चाहन्छु । यो स्वीकारोक्ति र आफ्ना कमि कमजोरीबारे विनम्रतापूर्वक सजग हुँदै, म लोकतन्त्र, जातीयता र सामाजिक न्यायबारे आफ्ना विचार राख्न चाहन्छु ।

लोकतन्त्र भनेको चुनाव र संस्थाहरूको समूहमात्र नभई, समानता, स्वतन्त्रता र भातृत्वमा अंकित मूल्यसमेत हो भन्ने सबैलाई थाहा नै छ । लोकतन्त्रको अभ्यासमा समान नागरिकता र समानअवसरको केन्द्रीय भूमिका हुन्छ । सिद्धान्ततः, लोकतन्त्रले प्रत्येक नागरिकलाई सामाजिक, आर्थिक तथा राजनीतिक न्यायप्रदान गर्नुपर्छ । वास्तवमा, लोकतन्त्रको लक्ष्य सबै नागरिकहरू एकअर्कासँग रचनात्मक तरिकाले मिलेर बस्ने वातावरण बनाउँदै सामाजिक अन्तरघुलनको विकास गर्नुभन्दा कम हुन सक्दैन । तर व्यापक र गहिरो असमानता रहेको हाम्रो जस्तो लोकतन्त्रमा, यो लोकतान्त्रिक आदर्श यथार्थमा परिणत भैसकेको छैन । यसकाअलावा, हाम्रा लोकतन्त्रहरूले धेरै क्षेत्रमा उल्लेख्य प्रगति गरेता पनि, केही महत्त्वपूर्ण क्षेत्रमा भने असमानताको पुनरावृत्ति रोक्न सक्षम भएका छैनन् । यसको मतलब के हो भने, आर्थिक विकास त भएको छ, तर पर्याप्त समावेशी सामाजिक विकास भएको छैन । यस्तो असन्तुलित विकासले लोकतन्त्रको मर्मलाई खल्बल्याउँछ, किनभने लोकतान्त्रिक राजनीतिको आधारभूत पक्ष भनेको : कसले, के, कहिले र कसरी पाउँछ? भन्ने हो ।

## जातीयता नै समाजको मुख्य विभाजन रेखा रहिआएको छ

लोकतन्त्रमा समानताको प्रतिफल रित्तो र असफल हुनुका धेरै कारण छन् भन्ने हामीलाई थाहा छ । व्यवसायिक पुँजीवादको विद्यमान नाफामुखी प्रणाली एउटा पक्ष हुनसक्छ, तर म भन्छु, यसभन्दा ठूलो पक्ष हाम्रो सामाजिक असमानताको विरासत हो । कुनै पनि किसिमको भाग्यवादलाई महत्त्व नदिएता पनि, समाजहरू आफ्नो मुख्य संरचनागत व्यवस्थाको कारणले एक अर्कासँग फरक हुन्छन् भन्ने मानिएको छ । हाम्रो समाजको मुख्य सँस्थागत व्यवस्था, जातमा आधारित पहिचान हो र जातीय पहिचानको आधारमा हैसियत निर्माण हुने व्यवस्थाको प्रकृति पारम्परिक र निरपेक्ष दुवै हुनुका साथै बहुआयामिक र अत्यन्त शक्तिशाली हुन्छ भन्नेमा जोड दिनुपर्छ । जातले समानताको हैसियत एक यथार्थ वा तथ्य हो भन्ने कुरा स्वीकार गर्दैन र हाम्रो समाजको मुख्य विभाजन रेखा यही यथार्थ हो । सदियौंदेखि चल्दैआएको जाती यव्यवस्था, विभिन्न जात र लैंगिकताको अलगअलग जैविक र मनोवैज्ञानिक मूल्य हुन्छन् र त्यसैले गर्दा नै तिनीहरूको फरक-फरक अधिकार र कर्तव्य हुन्छ भन्ने विश्वासमा अडेको छ । थाहा भएकै कुरा हो, धेरैतिर यो यस्तो तहगत प्रणाली हो जसमा उपल्लो जातकाहरू अत्यन्त धेरै सुविधा प्राप्त हुन्छन् भने अन्य जातहरू, विशेषगरी दलितहरू नाजुक जीवन बिताउन बाध्य हुन्छन् । जातीयता समाजको धार्मिक मान्यतामा वा नियममा गढेको छ । जस्तैः संकृतमा, 'ना शूद्रयमती-दद्यात' (शूद्रहरूलाई शिक्षा नदिनू) र 'ना स्त्रीस्वात्रन्त्रय-मर्हती' (अर्थात् महिलालाई स्वतन्त्रता दिनुहुँदैन) भनिन्छ । त्यसो भएपछि, सैयौं वर्षदेखि दलित, तल्ला भनिएका जातहरू र महिलाको लागि जातीयता दुःखदायी असमानताको बन्देजपूर्ण व्यवस्था रहि आएको छ ।

यहाँ भन्नुपर्ने कुरा के छ भने, औपचारिक लोकतन्त्रको स्थापना र जातीय दुर्वलताहरूलाई संविधानले नै खारेज गरे पनि हाम्रो समाजले अझैं पनि एक आधारभूत तत्त्वलाई बिर्सिएको छ, त्यो हो, सम्मानको समानता, अर्थात् सबै मानवजातिको समान हैसियत हुन्छ भन्ने विचार । वर्गीय समाजमा, आम्दानी र सम्पत्तिको असमानता हुन्छ, तर सामन्तवादको विघटनपछि हैसियतको असमानता थिएन । हामीले राजनीतिक समानता अपनाएका छौं, तर सामाजिक आधारमा, जातीयताको तहगत असमानताले वर्गीय असमानतालाई बढाउने मात्र होइन, दलित तथा दबाइएका जात-जातिविरूद्ध हेपाइ र थिचोमिचो पनि फैलाइएको छ ।

## जातीयता र लोकतन्त्र एक-अर्कासँग मेल खाँदैनन्

जातीयता र लोकतन्त्र एक-अर्काका विपरीत हुन् भन्ने कुरामा कुनै शङ्का छैन । शुरूमा वास्तविक लोकतन्त्रको संघीयको लागि जातीयता, संरचनागत अवरोध हो भन्ने कुरा स्वीकार गरौं । जातीयताले उच-निच, अपवित्रता, पवित्रता जनाउँछ भन्ने सोचनै लोकतान्त्रिक सहभागिता र साझा नागरिकताको मर्मको अवरोध हो । यससँग लडेर, यसको निराकरण नगरून्जेल, कुनै पनि समाज, स्वतन्त्रता र समानता सबैलाई उपलब्ध हुने समाज बन्न सक्दैन । जातीय प्रभावको वातावरणमा वास्तविक लोकतन्त्र र सामाजिक लोकतन्त्र फैलन सक्दैन ।

यसै अर्थमा, दक्षिण एसियाका सर्वोच्च दलित नेता डा. बि आर. अम्बेडकरले, भारतको संविधानसभामा दिएको भाषणमा, भारतको लोकतन्त्रलाई 'मूलतःअलोकतान्त्रिक माटोमाथिको चिल्लो सतह' भन्नु भएको हो । उहाँले यो कुरा भारतको परिवेशमा बताएको भएता पनि, मलाई लाग्छ यो कुरा नेपालको समाज र लोकतन्त्रमा पनि उत्तिकै लागू हुन्छ । भारत लोकतान्त्रिक गणतन्त्र हुँदै गर्दा, डा. अम्बेडकरले, राजनीतिमा औपचारिक समानता र सामाजिक तथा आर्थिक वृत्तमा ठूलो असमानतासहित विरोधाभासको जीवनमा मुलुक प्रवेश गर्न गैरहेको छ भन्दै सचेत गराउनु भएको थियो ।
भारतीय संविधानको मस्यौदाकारहरूको अध्यक्षको हैसियतमा, उहाँले राष्ट्रलाई संविधान हस्तन्तरण गर्दैगर्दा, लोकतन्त्रलाई अर्थपूर्ण बनाउनको निम्ति यो गहिरो विरोधाभास हटाउन जोडदार माग गर्नु भएको थियो । तर कुलीन राष्ट्रिय नेतृत्वले औपचारिक समानताको घोषणा र नियमित निर्वाचन मुलुकलाई लोकतान्त्रिक बनाउनको लागि पर्याप्त हुने विश्वास गर्दै, सम्भव भएसम्म यसलाई बेवास्ता गरे । फलतः हाम्रो समाजको अवस्था, विशेषगरी दैनिक जीवनमा धेरै

भेदभाव र दमन सहने दलितहरूको दृष्टिकोणबाट हेर्दा जति परिवर्तन हुनुपर्ने हो, त्यतिभएको छैन ।

हामीसँग भएका जुनसुकै सर्वेक्षण वा तथ्यांकले पनि इन्जिनियरिङ, चिकित्सा, बैंकिङ्ग, पत्रकारिता र प्रज्ञापन जस्ता आधुनिक पेशाहरूमा ऐतिहासिक रूपमा थिचोमिचोमा परेका जात तथा समुदायको कम प्रतिनिधित्व हुने गरेको देखाएका छन् । लोकप्रिय विश्वासको बाबजुद, व्यक्तिगत प्रतिभा र उपलब्धिले भन्दा पनि जातीयता, वर्ग र पितृसत्ताको संरचनाले शिक्षाको असमान वितरण, व्यवसायिक सफलता, स्रोतर साधन तथा सम्पत्ति निर्धारण गर्ने कुरा धेरै समाजशास्त्रीय अध्ययनहरूले देखाएका छन् । यसको अर्थ के हो भने, विभेदको यथार्थ र सोच अझैं पनि जारी छ; लोकतन्त्रको युगमा यसलाई छोप्न जानिएको छ । हामी सबैले एउटै संविधान र यसमा रहेको समानताको नियम मान्छौं भन्दैमा, हामी साँच्चै बराबर छौं र समाजमा जातीय तथा लैंगिक सुविधा र बहिष्करण छैन भन्ने हुँदैन । दमनमा परेकाहरूको जीवनकस्तो हुन्छ, भौतिक अभावसँग उनीहरू कसरी जुध्छन्, समान आवश्यकता पूर्ति गर्न उनीहरूले अन्यभन्दा बढी मूल्य कसरी तिर्नुपर्छ, सीमित स्रोत र साधनको लागि आफू–आफूमै उनीहरू कसरी लड्छन् र अमानवीय परम्परागत सोचले गर्दा उनीहरूले दैनिक कस्तो हेपाइ खानुपर्छ जस्ता प्रत्यक्ष अनुभव नलिइकन, उनीहरूमाथि थुपारिएको संरचनागत आर्थिक तथा सांस्कृतिक अवरोधहरू देख्न गाह्रै छ ।

यो संकट र सीमान्तकृतको आवाजप्रति हाम्रो लोकतान्त्रिक नेतृत्व संवेदनशील नहुन्जेल, र सरकारी नीति तथा कार्यक्रमले त्यस्तो सामाजिक संवेदनशीलतालाई सम्बोधन नगरेसम्म, हाम्रो लोकतान्त्रिक औपचारिक समानताले पनि जात, लिङ्ग, वर्ग, क्षेत्र, भाषा, आदि विरूद्धको भेदभावलाई राम्ररी ढाक्ने विद्यमान असमानताहरूलाई छोप्न, शक्तिशालीको हातमा भएको हतियारको कामगर्छ र गरेको पनि छ । एक व्यक्ति–एक भोट–एक विचारको मूल्यलाई घटाउँदै यो विरोधाभाषले हाम्रो लोकतन्त्रलाई चरितार्थ गरेको छ र अहिले त एक दुष्चक्रको आकार लिएको छ, जुन कुरा अहिलेको लोकतन्त्र युग पनि पहिलेको युगमा जस्तै असमानताको युग रहेको तथ्यबाट प्रमाणित हुन्छ ।

अर्को शब्दमा, हामी सबैले यो बुझेर पीडित मानिसहरूको हक र स्वाभिमान सुनिश्चित गर्नको लागि नलडेसम्म र संरचनागत विभेदलाई तोड्न इमान्दार प्रयास गरेर लोकतन्त्रलाई वास्तविक नबनाएसम्म चुनावको कोरा औपचारिकता र प्रक्रियागत लोकतन्त्र मात्रैले दलित र महिलाले दैनिकजीवनमा सामना गर्ने जातीय, वर्गीय र पितृसत्तात्मक संचनागत विभेद हटाउन सक्दैनौं । दलित र अन्य पीडामा परेका मानिसहरू साथै लोकतान्त्रिक प्रतिनिधिहरूको एकीकृत प्रयासले मात्र यस्तो नाजुक अवस्थामा परिवर्तन गर्न सकिन्छ । तर मानिसहरूको समस्या समाधान गर्न उत्कृष्ट नीति र कार्यक्रम ल्याउने प्रयास गर्नुभन्दा पहिले अवस्थालाई जे हो त्यहीको रूपमा प्रष्ट हेर्न सक्नुपर्छ ।

**आयमा ठूलो असमनताले दिगो विकासलाई जोखिममा पार्छ**

थोमश पिकेटी र लुकास् चान्सलले आफ्नो विश्वव्यापी असमानता प्रतिवेदनमा देखाएअनुसार, लोकतान्त्रिक मुलुकहरू, खासगरी दक्षिण एसियाली देशहरूमा अहिले आम्दानीको असमानता घट्ने भन्दा पनि बढिरहेको छ । नेपाल र भारतमा शीर्ष १० प्रतिशत मानिसहरू र बाँकी पुरै जनसंख्याको आर्थिक वृद्धिको भिन्नता फराकिलो हुँदै गएको छ । भारतमा यस्तो फरक संसारभरिकै उच्च छ ।

यो तथ्य हेरौं, सन् २०१६ मा भारतभर उत्पादन गरिएको सम्पत्तिको ५८ प्रतिशत सबैभन्दा धनी १ प्रतिशतसँग थियो र सन् २०१७ मा यो १ प्रतिशतले देशमा उत्पादन भएको सम्पत्तिको ७३ प्रतिशत हात पार्‍यो । २० वर्षअघि भारतमा छ जना अर्बपतिहरू थिए, अहिले भार तमा १२५ जना अर्बपतिहरू छन् । पिकेटी र चान्सलले भने जस्तो अहिले लोकतान्त्रिक मुखडामा अर्बपतिहरूको अप्रत्यक्ष राज जस्तो भएको छ ।

पर्याप्त सम्पत्ति नभएमा, विपन्नलाई के दिने भनेर कुलीन शासकहरूले खास महत्त्वपूर्ण कुरा असमानता नभई आर्थिक वृद्धि हो भन्ने दाबी गर्छन् । यो तर्क खोक्रो र भ्रामक छ । तर तथ्य के हो भने असमानता फैलाउनु खतरनाक हुन्छ, किनभने यसले आर्थिक वृद्धिलाई नै धरापमा पार्छ, यसले राजनीति र लोकतन्त्रमा खिया लाग्छ, किनभने यसले मानिसहरूलाई शक्तिशालीहरूले जे दियो त्यसैमा मात्र निर्भर गराउँछ, किनभने यसले आमदमन गराउँछ, किनभने यसले गर्दा मानिसहरूले पुँजीवाद, सम्झौता र भ्रष्टाचारबाट मात्र राम्रो जीवन बाँच्न सकिन्छ भन्ने सोच्न थाल्छन् र सामाजिक अव्यवस्था र अव्यवस्थित लोकतन्त्रलाई बढावा दिन्छ ।

**विकास तथा सामाजिक विकास**

आजकाल जतातत‍ै सबैभन्दा सान्दर्भिक र सबैभन्दा छलफल गरिने विषय विकास हो । कुलीन शक्तिहरूले यसलाई सबै समस्याको समाधान ठान्छन् । तर यो दाबी विवादास्पद छ, किनभने विकास र सामाजिक विकासबीच ठुलो भिन्नता प्रष्ट पारिएको छैन । सामाजिक विकास हुनको लागि विकास आवश्यकआधार हो तर सामाजिक विकासमा सामाजिक समावेशिता तथा सामाजिक न्याय समावेश गर्न सक्ने विकासको एक विशिष्ट दिशा समावेश हुन्छ । प्रतीकात्मक तरिकाले भन्दा, विकासले केही मुठीभरका मानिसलाई चन्द्रमासम्म पुर्‍याउन सक्छ; यसले निजी जहाज तथा भव्य महलहरू भएका अर्बपति उत्पादन गर्न सक्छ भने धेरै जना भोकै र घरवारविहिन हुन्छन् । अर्कोतिर, विकासको प्रक्रियामा मानिसहरूको आकांक्षा र सहभागिताको माध्यमले सामाजिक विकास हुने गर्दछ । मानिसहरूको आवाज र छनौटको आधारमा, समग्र समाज, खासगरी सुविधाबाट वञ्चित, ऐतिहासिक र सांस्कृतिकरूपमा पछाडि पारिएका र थिचो मिचो गरिएका दलितहरूको समुन्नत विकास गर्नुपर्छ । अर्को शब्दमा,

भौतिक विकास मात्रैमा कुनै सिद्धान्त हुँदैन, सामाजिक विकासलाई सिद्धान्तले निर्देशित गरेको हुन्छ । सामाजिक विकासमा समावेशी मान्यताले राजनीति तथा अर्थतन्त्रको निर्देशक शक्तिको रूपमा काम गर्छ। त्यसैले, विकासको कुरा गर्दा, परिवर्तनको केन्द्रमा को को छन् र तिनीहरूको मान्यता र सोच के छ भनेर सोध्नुपर्छ । विकासले प्रत्येकलाई समान तरिकाले लाभ दिने नभएकाले धेरैजना पछाडि पारिन्छन् वा विकास पीडित बन्छन् ।

## उपयुक्त स्वास्थ्य उपचार र शिक्षाको सुविधा नपाएका बालबालिका

हाम्रो जनसंख्याको तल्लो तप्कामा रहेको लगभग आधा भाग पोषण, सरसफाइ र शिक्षा जस्ता आधारभूत आवश्यकताहरूबाट वञ्चित भई ज्यादै नाजुक अवस्थामा बाँचेका छन् भन्ने कुरा प्रष्ट छ र त्यसमा पनि सबैभन्दा दुःख पाउने चाहिँ परम्परागत रूपमा थिचोमिचो मा परेका समुदायका बालबालिकाहरू हुन्, जसलाई कुपोषणको कारणले शारीरिक र मानसिक वृद्धिमा असर पर्छ । भारतमा धेरै सर्वेक्षणहरूले देखाएअनुसार, आजकाल धेरैभन्दा धेरै बालबालिका विद्यालयजान थालेका त छन् तर तिनले पढ्ने, लेख्ने र आधारभूत अङ्कगणित जस्ता आधारभूत सीप पनि पाउन नसक्ने हुनाले यस्तो पढाइले खासै केही दिँदैन । र, मलाई लाग्छ नेपालमा पनि अवस्था यो भन्दा धेरै फरक छैन होला । विपन्न बालबालिकाहरूले आधारभूत सुविधा नै नपाउने भएकाले वास्तविक शिक्षाको अवसरबाट वञ्चित छन् । केही काम नलाग्ने पढाइले तिनीहरूलाई केही दक्षता दिँदैन र तिनीहरूलाई जीवनमा अवसर लिने र छनौट गर्ने अवसरबाट वञ्चित गर्छ । भारतीय राज्यसँग संसारको सबैभन्दा दोस्रो ठूलो नियमित सेना छ, यसले आणविक बम प्रहार गर्न सक्छ र भूउपग्रह पठाउन सक्छ तर यसले आफ्ना लाखौं बालबालिकाहरूलाई वास्त( वक जीवनोपयोगी शिक्षा दिन सकेको छैन । हाम्रा धेरैजसो बालब( ालिका, विश्वकै निकृष्टमध्येमा पर्ने, स्रोत र साधनविहिन, कठोर अप्रभावकारी सरकारी विद्यालयमा फसेका छन् ।

अर्को शब्दमा भन्ने हो भने हाम्रा देशहरूमा कुनै पनि सामाजिक रूपान्तरणको मेरूदण्ड मानिएको शैक्षिक क्रान्ति हुन सकेको छैन । यो संयोग होइन; कुलीन शासकहरूले यसको छनौट गरेका हुन् । यसले तिनीहरूको सोचको प्रतिनिधित्व गर्छ । कुनै जीवनोपयोगी सीपबिना लाखौं विपन्न बालबालिका उत्पादन गर्ने भारतमा हरेक साल १ लाख विद्यार्थी विश्वको उत्कृष्टमा पर्नु र उच्चशिक्षाको लागि हरेक साल ५ लाख विद्यार्थी विदेश जानुलाई अर्को कुन तर्कले व्याख्या गर्छ र ? र, उत्कृष्ट नतिजा ल्याई विश्वमा सर्वोत्कृष्टहरू सँग प्रतिष्पर्धा गर्ने विद्यार्थी प्रायःउच्च जातका रहने र सामान्य पढाइ लेखाइमात्र जान्ने लाखौं युवाहरू दलित र अन्य तलका जातबाट आएका हुन्छन् भन्ने कुरा बुझ्न त्यति गाह्रो छैन ।

अमेरिकी सामाजिक वैज्ञानिक तथा दक्षिण एसियाली विज्ञ माइरन वेइनर ले आफ्नो महत्त्वपूर्ण पुस्तक, 'द चाइल्डएण्ड द स्टेट इनइण्डिया' (१९९१) मा जोड दिनु भएको कुरा यही थियो । विश्वाशिलो प्रमाण र अन्य देशसँग तुलना पेश गर्दै, वेनरले आर्थिक अवस्थाबाट भन्दा पनि विभेदकारी संस्कारबाट भारतको बालबालिका सम्बन्धी नीतिहरू निर्देशित भएको देखाउनुभएको थियो । अन्य देशका शिक्षाविद्, धार्मिक सामाजिक नेतृत्त्व र कर्मचारीतन्त्रलाई शिक्षालाई अनिवार्य मात्र नभई प्रभावकारीसमेत बनाउन उत्प्रेरित गर्ने मूल्यहरू पहिचान गर्दै वेइनरले यस उपमहादेशका शिक्षाविद्, धार्मिक सामाजिक नेतृत्त्व र कर्मचारीतन्त्र भने पारम्परिक तहगत सामाजिक व्यवस्थालाई खल्बल्याउला कि भनी शिक्षासँग डराउने गरेको व्याख्या गरेका थिए । वेइनरले यो पुस्तक लेखेको समय भन्दा अहिले अवस्थामा धेरै परिवर्तन आइसकेको छ । तर यसका गहन परिणामहरू अझै पनि नेपाल र भारतमा गढेर बसेका छन् ।

## जातीय तहगत व्यवस्थाको पुनरावृत्ति

हामीले जताततै देख्ने असन्तुलित विकासको सामाजिक–सांस्कृतिक तथा राजनीतिक औचित्य के हो? कुलीनहरूले नयाँ अर्थतन्त्रले जातीयतालाई असान्दर्भिक बनाएको दाबी गरेता पनि भारत र नेपाल दुवैमा जातीयताको आधारमा असमानताको पुनरावृत्तिको यथार्थलाई स्थलगत सर्वेक्षण र तथ्यांकहरूले पुष्टि गरेका छन् । जातीयता र पेशा तथा जातीय समूहहरूको जीवनस्तर बारेको विद्यमान तथ्यांकले जातीय विभेद कायम रहेको पुष्टि गरेको छ । जातहरू आफूलाई पहिले दिइएको कामबाट तीव्र दरमा अलग हुँदै गए पनि सुविधा सम्पन्न काम र उच्चजातीय हैसियतबीचको सम्बन्ध अझै पनि बलियो छ । त्यसैगरी सबैभन्दा धेरै शारीरिक श्रम पर्ने र बुद्धिको न्यूनतम उपयोग हुने श्रम चाहिँ तल्लो जातीय हैसियतसँग जोडिन्छ । उच्चजातहरू सबैभन्दा माथि, दलितहरू सबैभन्दा तल, र बीचका जातहरू बीचतिर रहने परम्परागत तहगत विभाजनको निराकरण भन्दा पनि निरन्तरता भैरहेको तथ्यांकले देखाएका छन् । यो कुरा ग्रामीण र अनौपचारिक क्षेत्रमामात्र नभई जात, धर्म, लिङ्ग, तथा वर्गीय दरारको गहिरो सचेतना देखाउनेगरी समसामयिक, औपचारिक, सहरी क्षेत्रका श्रम बजारमा पनि पाइएको छ । यस विषयमा दुईटा उल्लेख्य पुस्तकः एस के थोराटको 'ब्लक्ड बाइ कास्ट' २०१० र अश्विनी देश पाण्डेको 'द ग्रामर अफकास्ट' २०११ ले विश्वासिलो सूचना तथा तथ्यांकको साथ, विभेद भनेको वर्तमान अवस्थामा जारी आधुनिक अभ्यास हो भन्ने स्थापित गरेका छन् ।

यो भनेको लोकतान्त्रिक पद्धतिमा आएको संकट हो र पीडित मानिस र लोकतन्त्र र सामाजिक न्यायमा विश्वास गर्नेहरू विभिन्न तहमा यसको विरूद्ध संघर्षरत छन् । यो सम्मेलन पनि यही अभियानको एक प्रयास हो । नेपालका दलित तथा अन्य सीमान्तकृत मानिसहरूको स्वाभिमान र हकको लागि निरन्तर सैद्धान्तिक लडाइँ लडेकोमा र पैरवी गरेकोमा म समता फाउण्डेशन, यसको नेतृत्व र अभियन्ताहरूलाई बधाइ दिन चाहन्छु । जे परिवर्तन आएको छ, त्यो परिवर्तन मानिसहरूको सचेतना र कामले गर्दा आएको हुनाले यस्तो संघर्ष र पैरवी महत्त्वपूर्ण हुन्छ । त्यसैले, थप समावेशी नीतिहरूको

लागि र राजनीतिक दल र क्षेत्रहरूको मात्र नभई सबै जात र समुदायको प्रतिनिधित्वको लागि पनि सरकारलाई सामाजिक र राजनीतिक दबाब दिनुपर्छ। त्यसको लागि धेरै सार्वजनिक समर्थन प्राप्त हुने र परम्परागत सोचाई भएकालाई समेत सोच परिवर्तन गर्न सघाउने राम्रा विचारहरू ल्याउनुपर्छ।

## सामाजिक न्यायले दलितहरुको मात्र नभई पुरै समाजको उन्नति गर्छ

दलितहरू र वञ्चितिकरणमा परेका अन्य समुदायको उन्नतिको लागि सरकारलाई विश्वस्त गराउन सहयोगी तथ्य तथा आँकडाहरू प्रयोग गरी समता फाउण्डेशनले गरिरहेको काममा एउटा महत्त्वपूर्ण कुरा थप्न चाहन्छु। पहिलो, साँच्चै प्रतिस्पर्धात्मक समाजले आफ्नो कुनै पनि मानव संशाधन र प्रतिभा खेर फाल्नु हुँदैन। त्यसको लागि हाम्रो आधुनिक समाजले आफ्ना सबै नागरिकलाई सचेत अवसर सिर्जना गर्नुपर्छ भन्ने कुरा बुझाउनु पर्छ। यसको अर्थ के हो भने समावेशी कार्यक्रम र सामाजिक न्यायका क्रियाकलापले दलित र पछाडि पारिएका समूहहरूलाई मात्र नभई पुरै देशको हित गर्छ भन्ने हो। दलित जनसंख्याले पनि देशको समग्र विकासमा आफूले सक्दो योगदान गरून् भन्नको लागि मुलुकले आधुनिक अर्थतन्त्रको प्रत्येक क्षेत्रमा सामाजिक समावेशीताको नीति लागू गर्नुपर्छ। समता फाउण्डेशनले वर्षौंदेखि जोड दिइरहेको जस्तो शिक्षा र स्वास्थ्य उपचारलाई व्यापकता दिनुका साथै जमिन र अन्य स्रोत र साधनसम्म र सार्वजनिक र निजी दुवै क्षेत्रका रोजगारीसम्म पहुँच वृद्धि गर्नु यसको महत्त्वपूर्ण अंश हो। मुलुक र यसको अर्थतन्त्रलाई अझैं उत्पादनशील बनाउने हो भने सरकारी र गैरसरकारी दुवै क्षेत्रमा सुविधासम्पन्न समूहहरूको मात्र हालिमुहाली रहनु हुँदैन।

कतिपय मानिसहरूले सोचे जस्तो सामाजिक न्यायको प्रावधान र प्रतिभाको कदर एक-अर्काका विपरित होइनन्। सुविधासम्पन्न र सुविधाबाट वञ्चित समूहबीच भएको प्रतिभा र उपलब्धिको स्वभाविक अन्तर, दलित र अन्य वञ्चित समुदायको प्रतिभा र क्षमतामा आँच आउने गरिबी, स्वास्थ्यमा पहुँच नहुन, शिक्षाको अभाव र अन्य विभिन्न सामाजिक पक्षहरूको नतिजा हो। यसको नतिजास्वरूप, शिक्षा र सम्पत्तिको लामो परम्परा भएका सुविधा सम्पन्न जातहरूलाई दबाइएका दलितहरूलाई नभएका विभिन्न फाइदाहरू हुन्छन्। यस्तो अवस्थाले हाम्रो समाजको ठूलो मानव संशाधन खेर गैरहेको जनाउँछ। त्यसैले, दलित र अन्य सीमान्तकृत समूहहरूलाई लक्षित गरी विशेष समावेशी कार्यक्रम ल्याउनाले कुलीनहरूको भएको डरको विपरीत मुलुक साँच्चै खुला, जातीविहिन र प्रतिस्पर्धी भई मुलुकको विकासमा वृद्धि हुन्छ। जातीयताले गाँजेको समाजमा जातीयताको दुर्बलता र भेदभाव पहिचान गरेर यसलाई समाधान गर्न आवश्यक कदम चालियो भने समाजका हरेक तह र तप्काका मानिसहरूले राष्ट्रनिर्माणमा योगदान गर्ने मौका पाई गतिशील र प्रतिभाको कदर हुने समाज बन्न सक्छ।

आजको दिनमा हाम्रो उपमहादेशमा जातीय कुलीनहरूले लोकतन्त्रमा हालीमुहाली गर्ने र आफ्नै बनाउने उपाय पत्ता लगाए जस्तो देखिन्छ। लोकतन्त्रलाई अर्थपूर्ण बनाउन हामीले रचनात्मक विचार तर्क र छलफलको माध्यमले तिनीहरूको जातीय हालीमुहालीसँग प्रतिपर्धा गर्नुपर्छ। दलित समुदायबाट निर्वाचित प्रतिनिधिको संख्या बढाउनुपर्छ। साथै, तल्लो तहमा मुद्दामा आधारित संघर्षहरू निर्माण गर्नुपर्छ। ब्रह्माण्डको नैतिक रेखा लामो छ तर यो न्यायतर्फ नै ढल्किन्छ। सुविधाप्राप्त समूहहरूले सम्पत्ति र शक्तिमा आफ्नो एकलौटी र संस्थाहरूमा आफ्नो अधिक प्रतिनिधित्वबारे असहज महसुस गर्नु न्यायको मागहो। तर विद्यमान अवस्थाबाट फाइदा पाइरहेकाहरूले अन्याय हटाउनको लागि प्रोत्साहित गर्नु त परको कुरा, यसलाई आत्मसात् समेत विरलै गरेका छन्। न्याय दिइँदैन, यो लिनुपर्छ र पीडित मानिसहरूको रचनात्मक संघर्षले यसलाई सम्भव तुल्याउँछ।

# निष्कर्ष

देशका तीनवटै तहमा निर्वाचित हुन सफल भएका दलित समुदायका जनप्रतिनिधिहरू सम्मिलित 'आत्मसम्मानको खोजीः दलित अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका' विषयक राष्ट्रिय सम्मेलन अत्यन्तै सान्दर्भिक त थियो नै, ऐतिहासिक पनि रह्यो। किनभने, उक्त सम्मेलनको उद्घाटन नेपालका तीन पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल 'प्रचण्ड', शेरबहादुर देउवा तथा डा. बाबुराम भट्टराईद्वारा संयुक्तरूपमा गरिएको थियो। सम्मेलनमा उहाँहरूले दलित समुदायको हक, अधिकार र प्रतिनिधित्व सुनिश्चितताका निम्ति प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

त्यस्तै, पूर्व प्रधानमन्त्रीहरूबाट सामाजिक रूपान्तरका लागि दलित समुदायले गरेको त्याग, बलिदान र योगदानका बारेमा साझा मत आएको थियो। अर्कोतिर, राष्ट्रिय सम्ममेलन यसकारण पनि महत्त्वपूर्ण थियो, किनकी सम्मेलन दलित समुदायबाट निर्वाचित भएका प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका मेयर/उप-मेयर, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षह( रूको सहभागिता रहेको थियो।

सम्मेलनको मुख्य उद्देश्य सामूहिक नेतृत्व निमार्णका लागि दलित सांसदहरूको साझा मञ्चलाई प्रभावकारी बनाउने रहेको थियो। त्यस्तै, सम्मेलनले संविधानको प्रभावकारी कार्यान्वियनका लागि दलित जनप्रतिनिधिबीच विचार र अनुभवको आदानप्रदान, उनीहरूबीच संवादलाई निरन्तर बढाउँदै लैजाने उद्देश्य पनि राखेको थियो। त्यसकारण दलित समुदायका जनप्रतिनिधहरूलाई यो कार्यमा सहजता होस् भनेर विविध विषयका विज्ञहरूद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो। त्यसैगरी कार्यपत्रमाथि सम्बन्धित विषयका विषय विज्ञहरूले टिप्पणी गरेका थिए। त्यसपछि, सम्मेलनमा सहभागी सबै जनप्रतिनिधिहरूबीच गहन छलफल समेत गरिएको थियो।

त्यस्तै, सम्मेलनमा राष्ट्रिय स्तरका विषय विज्ञमात्र नभएर अन्तर्राष्ट्रिय अभ्यास, सिकाई सम्बन्धी पनि छलफल तथा बहस भएको थियो। त्यसक्रममा इन्टरनेशनल रिपब्लिकन इन्स्टिच्युटका आवासीय प्रतिनिधि ग्लेन डि ब्राडबरीले अन्तर्राष्ट्रिय नीतिसम्बन्धी आफ्ना विचार राख्नु भएका थियो। त्यस्तै भारतीय बुद्धिजीवी ब्रज रञ्जन मणिले जातीयता, लोकतन्त्र र सामाजिक न्यायसम्बन्धी अन्तर्राष्ट्रिय अनुभवका विषयमा आफ्ना भनाई राख्नु भएको थियो। जसले गर्दा, संविधान, संघीयता, निर्वाचन प्रणालीबारे दलित जनप्रतिनिधिहरूले राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यास बुझ्ने अवसर पाएका थिए।

त्यसैगरी सातवटै प्रदेशका दलित समुदायका प्रतिनिधिहरूले भोग्नु परेका समस्या तथा चुनौतीहरू एक-अर्कामा आदान-प्रदान गर्नको निम्ति प्रदेशस्तरीय समूह विभाजन गरिएको थियो। यसरी समूहगत छलफलको क्रममा दलित जनप्रतिनिधिहरूमाथि कार्यक्षेत्रमा जातजन्य विभेद हुने गरेको विषय जोडदार रूपले उठेको थियो र यी लगायतका अन्य सवालहरू कसरी समाधान गर्न सकिन्छ भनी सम्भावित उपायहरूको खोजी समेत गरिएको थियो।

अझै पनि हिन्दू संरचनाद्वारा निर्मित जातीय सोपानका कारण नेपाली समाज मुक्त हुन नसकेको कुरा सम्मेलनमा सहभागी सम्पूर्ण प्रतिनिधिहरूले राखेका थिए। समानुपातिक, समावेशी नीति कार्यान्वयन भइरहँदा पनि दलित समुदायले त्यसबाट भरपुर लाभ लिन नसकेको, दलित जनप्रतिनिधिहरूलाई आफ्नै सहकर्मीहरूले सहकर्मीको रूपमा नलिएको तथा राजनैतिक दलले दयाको दृष्टिकोणले हेर्ने गरेको र महत्त्वपूर्ण बैठकमा सहभागी हुनबाट वञ्चित गर्ने गरेको लगायतका विषयहरू छलफलमा उठेका थिए।

यस राष्ट्रिय सम्मेलनले दलितका मुद्दाहरूमा नयाँ बहसको थालनी गरेको छ। नेपालभरिका जनप्रतिनिधिहरूलाई एकै ठाउँमा सहभागी हुने वातावरण सिर्जना गरेर दलित समुदायका जनप्रतिनिधिबीच एकआपसकमा अनुभव, विचार साटसाट गर्न, सम्बन्ध सुदृढीकरणका साथै दलित विषयमा साझा मत निर्माण गर्न महत्त्वपूर्ण भूमिका रहेको छ। त्यसैले यस राष्ट्रिय सम्मेलनले आगामी दिनमा दलित मुद्दामा अरू मजबुतीका साथ आवाज बुलन्द गर्दै साझा पहलकदमी लिन थप उर्जा मिल्ने कुरामा हामी विश्वस्त छौं।

# राष्ट्रिय सम्मेलनमा सहभागीहरूको नामावली

## प्रदेश सभा सदस्य

| प्रदेश सभा सदस्य | |
|---|---|
| **प्रदेश** | **नाम** |
| प्रदेश १ | मा. जसमाया गजमेर |
| | मा. उमिता विश्वकर्मा |
| | मा. कल्पना कुमारी सरदार |
| प्रदेश २ | मा.सुन्दर विश्वकर्मा |
| | मा. प्रमिला देवी दास |
| | मा. फुलिया देवी दास |
| | मा.सुनिता देवी मोचे |
| | मा. चमेली देवी दास |
| | मा. श्यामपरी दास |
| | मा. रविन्द्र वैठा धोबी |
| प्रदेश ३ | मा. कल्पना नेपाली |
| | मा. मैना अछामी सार्की |
| गण्डकी प्रदेश | मा. दोबाटे विश्वकर्मा |
| | मा. लक्ष्मी सुनार |
| | मा. जुनादेवी नेपाली |
| | मा. दिलमाया रोक्का मगर |
| | मा. कोपिला बोहरा |
| प्रदेश ५ | मा. शान्तिदेवी वर्मा स्वर्णकार |
| | मा. माला गोतामे सुनार |
| | मा. आशा देवी स्वर्णकार |
| | मा. कमला बि.क. |
| | मा. रिना नेपाल बि.क. |
| | मा. दीपा बि.क. |
| कर्णाली प्रदेश | मा. झोवा बि.क. |
| | मा. राजु नेपाली |
| | मा. सीताकुमारी नेपाली |
| | मा. दानसिंह परियार |
| | मा. रातो कामी |
| सुदूरपश्चिम प्रदेश | मा. टेक बहादुर रैका |
| | मा. उमा देवी बादी |
| | मा. दुर्गा बि.क. |
| | मा. अर्चना गहतराज |
| | मा. शान्ति नेपाली |
| | मा. मानबहादुर सुनार |

| राष्ट्रिय सभा सदस्य |
|---|
| मा. रामपृत पासवान |
| मा. खिमकुमार बि.क. |
| मा. नरपति लुवार |

| प्रतिनिधि सभा सदस्य |
|---|
| मा. सुजता परियार |
| मा. मीनबहादुर विश्वकर्मा |
| मा. मानबहादुर विश्वकर्मा |
| मा. विमला नेपाली |
| मा. निरादेवी जैरू |
| मा. विमला विश्वकर्मा |
| मा. विमला बि.क. |
| मा. पार्वती कुमारी विशंखे |

| |
|---|
| मा. आशा कुमारी बि.क. |
| मा. दुर्गा कुमारी विश्वकर्मा |
| मा. जगत बहादुर सुनार (विश्वकर्मा) |

| मेयर | |
|---|---|
| गण्डकी प्रदेश | श्री देव कुमार नेपाली |
| कर्णाली प्रदेश | श्री गगनसिंह सुनार |
| सुदूरपश्चिम प्रदेश | श्री नृप बहादुर वड |
| सुदूरपश्चिम प्रदेश | श्री बीरबहादुर सुनार |
| प्रदेश २ | श्री गंगा पासवान |
| प्रदेश २ | श्री बेचन दास |

| उप-मेयर | |
|---|---|
| गण्डकी प्रदेश | श्री पम्फा बसेल |
| गण्डकी प्रदेश | श्री सविता रसाइली |
| कर्णाली प्रदेश | श्री गीता नेपाली |
| कर्णाली प्रदेश | श्री प्रेम कुमारी सुनार |
| कर्णाली प्रदेश | श्री दन्ता नेपाली |
| कर्णाली प्रदेश | श्री मैना बि.क. |
| सुदूरपश्चिम प्रदेश | श्री राधिका देवी सुनार |
| सुदूरपश्चिम प्रदेश | श्री सरस्वती कोली |
| प्रदेश २ | श्री कविता कुमारी सरदार |
| प्रदेश २ | श्री विन्दा कुमारी पासवान |

| जिल्ला समन्वय समिति- प्रमुख | |
|---|---|
| प्रदेश १ | श्री सोम पोर्तेल |
| प्रदेश १ | श्री खड्ग बहादुर परियार (दर्नाल) |
| गण्डकी प्रदेश | श्री मनोहर विश्वकर्मा पौडेल |
| गण्डकी प्रदेश | श्री सीता सुन्दास |

| | |
|---|---|
| प्रदेश ५ | श्री एकराज बि.क. |
| प्रदेश ५ | श्री जितेन्द्रमान नेपाली |

| जिल्ला समन्वय समिति- उपप्रमुख | |
|---|---|
| गण्डकी प्रदेश | श्री सारदा विश्वकर्मा |
| प्रदेश १ | श्री देवी माया नेपाली |
| प्रदेश १ | श्री चित्रकला बराइली |
| प्रदेश १ | श्री कृष्ण कुमारी विश्वकर्मा |
| सुदुरपश्चिम प्रदेश | श्री शशी सोब |

| गाउँपालिका उपप्रमुख | |
|---|---|
| प्रदेश १ | श्री यज्ञकुमारी रूचाल गजमेर |
| प्रदेश १ | श्री मन्जिता कुमारी सरदार |
| गण्डकी प्रदेश | श्री कल्पना नेपाली |
| गण्डकी प्रदेश | श्री होम बहादुर बि.क. |
| गण्डकी प्रदेश | श्री मैना कामी |
| प्रदेश ५ | श्री सुन्दरमती कुमारी हरिजन |
| प्रदेश ५ | श्री शिव कान्ती चमार |
| प्रदेश ५ | श्री तुल्सी सुनार |
| प्रदेश ५ | श्री सावित्री विश्वकर्मा |
| प्रदेश ५ | श्री एकमाया बि.क |
| प्रदेश ५ | श्री सारदा कुमारी विश्वकर्मा |
| सुदुरपश्चिम प्रदेश | श्री कलावती भाँड |
| प्रदेश २ | श्री वन्दसोधा कुमारी यादव |
| प्रदेश २ | श्री नानु कुमारी दास |
| प्रदेश २ | श्री तीर्थमाया मण्डल खत्वे |
| प्रदेश २ | श्री बेचनी कुमारी सरदार |

































दलित अधिकार सुनिश्चितताका लागि




दलित तथा सिमान्तकृत समुदायबारे अनुसन्धानमूलक सूचना सामग्री, तथ्याङ्क तथा पुस्तकहरूका लागि
समता फाउण्डेशनमा सम्पर्क गर्नुहोला ।

समता फाउण्डेशनले एसियन पार्लियामेन्टेरियन्स फोरम अन दलित कन्सर्न (एपीएफडीसी) को सहकार्यमा "दलित समुदायको अधिकार सुनिश्चितताका लागि जनप्रतिनिधिको भूमिका" विषयक राष्ट्रिय सम्मलेन आयोजना गरेको थियो। सम्मेलनमा प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्य, सातै प्रदेशका प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका मेयर तथा उपमेयर र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरुको सहभागिता रहेको थियो।

सम्मेलनले सामुहिक नेतृत्व निर्माण गर्नलाई दलित सांसदहरुको साझा मञ्च प्रभावकारी बनाउन, संविधानको प्रभावकारी कार्यान्वयनका लागि दलित जनप्रतिनिधिबीच विचारको आदानप्रदान र संवाद बढाउन तथा दलित जनप्रतिनिधि सञ्जाल निर्माणका लागि संस्थागत सहयोगको पहिचान गर्दै सहकार्य गर्ने वातावरण सिर्जना गरेको थियो।

वि. सं. २०६५ मा स्थापना भएको समता फाउण्डेशन दलित समुदायसम्बन्धी ज्ञान उत्पादनको क्षेत्रमा क्रियाशील छ। संस्थाले नीतिगत अध्ययन-अनुसन्धान, बहस, पैरवी र विभिन्न खोजमूलक पुस्तकहरू निरन्तर प्रकाशन गर्दै आएको छ। यसरी समता फाउण्डेशनले सामाजिक रुपान्तरणका लागि प्राज्ञिक ज्ञानको विकास र प्रवाह गर्दै न्यायपूर्ण, समतामुखी र समावेशी लोकतान्त्रिक पद्धतिको अभ्यासमा योगदान पुर्‍याउँदै आएको छ।

॥ समता फाउण्डेशन ॥
SAMATA foundation

Sanepa, Lalitpur, Nepal
+977 1 5905716, 5905717
P.O. Box: 6330, Kathmandu
info@samatafoundation.org
www.samatafoundation.org